# अध्याय एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

अनुसन्धान भन्नाले कुनै पनि ज्ञानको शाखामा नयाँ तथ्यको जानकारीका लागि सावधानीपूर्वक खोजी गर्नु भन्ने बुझिन्छ । कुनै पनि तथ्य वा समस्याका सन्दर्भमा आवश्यक जानकारी प्राप्त गर्नका लागि गरिएको वैज्ञानिक प्रयास नै अनुसन्धान हो । जसको मुख्य उद्देश्य निश्चित, विश्वसनीय र प्रमाणित तथ्यहरूका आधारमा कुनै सिद्धान्त स्थापना गर्नु हो । यसले योजनाबद्ध, तर्कपूर्ण र व्यवस्थित रूपमा अध्ययन गर्दछ । अनुसन्धानले नवीन तथ्य पत्ता लगाउने मात्र नभई पुराना तथ्यहरूको पनि पुनःव्याख्या गर्ने कार्य गर्दछ । यसरी अनुसन्धानकै समानार्थीका रूपमा शोध, अन्वेषण, गवेषण, गवेषणा, खोज, खोजी, सोधखोज आदि शब्दको प्रयोग भएको पाइन्छ । उपयुक्त शब्दहरूका आधारमा कुनै पनि कुराको योजनाबद्ध, व्यवस्थित, तर्कपूर्ण र सावधानीपूर्वक गरिने खोज तथा अध्ययनलाई नै अनुसन्धान भन्न सकिन्छ ।

सामान्य बुझाइमा लैङ्गिक शब्दले लिङ्ग (सेक्स) लाई नै बुझाउँछ । लैङ्गिक शब्द महिला र पुरुषको सामाजिकीकरण प्रक्रियासँग सम्बन्धित रहेको छ । महिला र पुरुषका सम्बन्धमा जन्मदेखि मृत्युसम्म समाजले बनाइएको धारणा, मान्यता, भूमिका र अन्तरसम्बन्धलाई लैङ्गिकता भनिन्छ । अझ अर्को शब्दमा भन्दा महिला र पुरुषले गर्ने सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक र राजनैतिक भूमिकालाई लैङ्गिकता भनिन्छ । लैङ्गिकता एउटा त्यस्तो सामाजिक धारणा हो जसले लैङ्गिक कार्य र भूमिकाको भिन्नतालाई प्रस्ट्याउँछ । विश्वभरि नै प्रत्येक समाजले उक्त समाजमा रहेका महिला र पुरुषले निर्वाह गर्नुपर्ने भूमिकालाई प्रस्ट रूपले छुट्याइ दिएको छ । अर्थात् हरेक समाजले लैङ्गिकता अनुसारको भिन्न भिन्न प्रकृतिको कार्यको अपेक्षा गरेको हुन्छ । जस्तै महिलाहरूले उनीहरूलाई प्राप्त सन्तान उत्पादन गर्ने समाजको उपयोग गरी सन्तान उत्पादन गर्दै मानव सृष्टिको निरन्तरतामा सहयोग गर्ने, बालबच्चाको स्याहार सुसार, खाना पकाउने घर व्यवहार रेखदेख गर्ने आदि कार्य गर्दछन् भन्ने अपेक्षा गरेको हुन्छ । त्यसैगरी पुरुषले परिवारको संरक्षण गर्ने, व्यापार व्यवसाय र नोकरीमा संलग्न हुने, जटिल प्रकृतिका कार्यहरू गर्ने जस्ता भूमिकाको अपेक्षा गरेको हुन्छ । कुनै समाजमा महिलाको भूमिका सन्तान

उत्पादन र घरायसी काममा मात्र सीमित गरिएको हुन्छ  र पुरुषको भूमिका भने समग्र आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक जस्ता विकास प्रक्रियासँग अन्तरसम्बन्धित रहेको देखिन्छ । यसर्थ महिला र पुरुषको भूमिका भिन्न भिन्न प्रकृतिको हुन सक्छ । यसरी समाजद्वारा निर्मित महिला र पुरुषको सामाजिक, सांस्कृतिक भूमिका नै लैङ्गिकता हो । जुन प्रकृतिले नभई समाजले कृत्रिम रूपमा सिर्जना गरिएको हुन्छ ।

लैङ्गिक अध्ययन महिला र पुरुषको जैविक र प्राकृतिक अन्तरमा केन्द्रित रहेर गरिने अध्ययन हो । लैङ्गिक अध्ययनको इतिहास नारीवादी आन्दोलन र नारीवादसँग प्रत्यक्षतः सम्बन्धित रहेको पाइन्छ (खनाल, २०७५ : २) । सन् १९६० को दशकसँगै महिला आन्दोलन बढी सशक्त भएर लैङ्गिक भूमिकाको खोजी गर्न थाल्यो । वर्तमान समयमा विशेष गरी लैङ्गिक विभेदको व्याख्या र विश्लेषण गर्ने सन्दर्भमा लैङ्गिक सम्बन्धको बारेमा अध्ययन गर्दा स्रोत र साधनमाथि महिला पुरुषको पहुँच कति छ ? शिक्षा, स्वास्थ्य, रोजगार, राजनीतिमा महिला तथा पुरुषको पहुँच कति छ ? भन्ने सवालमा लगायतका महिला विकाससँग जोडिएका विभिन्न पक्षहरूको व्याख्या र विश्लेषण गर्न विकास भएको विधालाई हामी लैङ्गिक अध्ययन भन्दछौँ (आचार्य, २०७४ : १३) । समाजमा परम्परादेखि विकसित हुँदै आएका लैङ्गिक सामाजिकीकरण बारेमा अध्ययन गर्नाका साथै विभिन्न समाज र संस्कृतिहरूबीच रहेका लैङ्गिक सम्बन्ध, अन्तरक्रिया, विभेद तथा वस्तुस्थितिका बारेमा अध्ययन गर्ने विषय नै लैङ्गिक अध्ययन हो । सामाजिक जीवनका आर्थिक, सामाजिक, राजनैतिक तथा शैक्षिक पक्षमा महिलाहरूको अवस्था, सम्बन्ध र पहुँच के कति मात्रामा छ ? भन्ने कुराको अध्ययन गर्ने विज्ञानलाई लैङ्गिक अध्ययन भनिन्छ । लैङ्गिक अध्ययन त्यस्तो विषय हो जसले महिला विकासमा वाधकका रूपमा रहेका मुद्दाहरूलाई अध्ययनको विषय बनाई अन्तरविषयगत व्याख्याका आधारमा लैङ्गिक विभेदका विविध पक्षमा केन्द्रित रही अध्ययन गर्दछ ।

लैङ्गिक अध्ययनले विभिन्न समाजमा के कसरी के कस्ता लैङ्गिक विषयहरू र सवालहरू के कसरी विकास भएका छन् र तिनको सामाजिक सांस्कृतिक पृष्ठभूमि के-कस्तो छ भन्ने बारेको अध्ययनलाई जोड दिन्छ । लैङ्गिक अध्ययन एउटा स्वतन्त्र र छुट्टै विधा हो जसले विभिन्न लैङ्गिक विषयका शीर्षकहरूका बरेमा अध्ययन गर्दछ । यसले महिलाहरू प्रतिका दमन, शोषण, विभेद, असमान सम्बन्ध, व्यवहार आदिलाई विशेष जोड दिइन्छ । यसका साथै पितृसत्ता र लैङ्गिक सम्बन्ध र विभेदका पक्षसँग केन्द्रित रहेर अध्ययन

विश्लेषण गरिन्छ । यसरी हेर्दा लैङ्गिक अध्ययन एउटा व्यापक क्षेत्र बोकेको विषय हो । जसले समतामा आधारित समाजका लागि समाजमा लैङ्गिक सम्बन्धको बारेमा अध्ययन गरिन्छ ।

## १.२ समस्या कथन

जुनसुकै अनुसन्धानको पनि अनुसन्धेय विषयवस्तुलाई समस्याका रूपमा लिइन्छ । समस्यामा केन्द्रित रहेर नै अनुसन्धान गर्ने गरिन्छ । समस्याको पहिचान गर्न सके भने मात्र अनुसन्धान निश्चित गन्तव्यमा पुऱ्याउन सकिन्छ । समस्याको पहिचानविना त्यसको समाधान सम्भव हुँदैन । अनुसन्धानका समस्या भन्नाले अनुसन्धान गर्नुपर्ने विषयवस्तु भन्ने बुझिन्छ । तसर्थ अनुसन्धान समस्यामा केन्द्रित भएर गर्नुपर्ने हुँदा समस्याको पहिचान गर्नु आवश्यक हुन्छ ।

नेपाली समाज परम्परादेखि नै हिन्दू वर्ण व्यवस्थामा आधारित समाज हो । जहाँ नेपाली महिलाहरूको स्थान कमै मात्रामा पाइन्छ । हाम्रो नेपाली समाज पितृप्रधान समाज भएका कारण विकासका दृष्टिले र शिक्षाका दृष्टिले अन्य देशभन्दा निकै पछि परेको छ । वर्तमान समयमा पनि पितृसत्तालाई एउटा सामाजिक संस्थाका रूपमा लिन सकिन्छ । जहाँ महिला र पुरुषबीच अझै पनि प्रशस्त असमानताहरू, लिङ्गीय विभेदहरू रहेका छन् । हाम्रो समाज परम्परागत रुढिवादी, अन्धविश्वास र कुरीतिले भरिएको समाज हो । जसबाट महिलाहरू बढी दमित र शोषित, पीडित छन् । महिलाहरूको अवस्था पुरुषसरह देखिँदैन । एउटा सत्य कुरा के हो भने विभिन्न सामाजिक, सांस्कृतिक मान्यताका कारण परिवारमा पुरुषबाट महिला र महिलाबाट महिला नै शोषित भएका छन् । त्यसर्थ हाम्रो जस्तो पितृसत्तात्मक मुलुकमा लैङ्गिक चेतनाबारे जानकारी दिनु अत्यन्त आवश्यक देखिन्छ ।

यस सन्दर्भमा लैङ्गिक चेतना अर्थात् नारी चेतना र अस्तित्वको बारेमा उजागर गरेका *चीरहरण* उपन्यासको लैङ्गिक अध्ययन गर्नु प्रस्तुत शोधको मुख्य समस्या हो । प्रस्तुत अध्ययनका समस्यालाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

क) *चीरहरण* उपन्यासमा लैङ्गिक अवस्था के कस्तो रहेको छ ?

ख) *चीरहरण* उपन्यासमा के कस्तो लैङ्गिक चेतना पाइन्छ ?

ग) लैङ्गिक दृष्टिले *चीरहरण* उपन्यासमा प्रयुक्त भाषा के कस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

उद्देश्यलाई शोधपत्रको केन्द्रविन्दु मानिन्छ । शोधको समस्याकथनमा उठाएका मूलभूत प्रश्नहरूको समाधान नै शोधकार्यको उद्देश्य हो । कुनै पनि कार्य सफलताका साथ अगाडि बढाउनका लागि निश्चित उद्देश्यको निर्धारण गर्नु आवश्यक छ । विना उद्देश्य कुनै कार्य सम्पन्न हुन सक्दैन । तसर्थ प्रस्तुत अनुसन्धान कार्यलाई लक्ष्यसम्म पुऱ्याउनका लागि निम्नानुसारका उद्देश्यहरू तय गरिएको छ :

क) *चीरहरण* उपन्यासको लैङ्गिक अवस्थाको पहिचान गर्नु,

ख) *चीरहरण* उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण गर्नु,

ग) लैङ्गिक दृष्टिले *चीरहरण* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु ।

## १.४ शोधको सान्दर्भिकता र उपादेयता

शोधपत्रमा शोधार्थीले आफूले गर्न लागेको शोधको औचित्यमाथि प्रकाश पार्नु नै अध्ययनको सान्दर्भिकता वा उपादेयता हो । अनुसन्धान आफैँमा एक महत्त्वपूर्ण कार्य हो । आफूले गर्न लागेका शोधको बारेमा तथ्य र कारण पत्ता लगाई प्रस्तुत गर्नु नै शोधको सान्दर्भिकता र उपादेयता हो । लैङ्गिकताकै आधारमा महिला र पुरुषबिचको भूमिका निर्धारण हुनुले पुरुषप्रधान समाजमा महिलाहरू पछि परेका छन् । विभिन्न सामाजिक, सांस्कृतिक मूल्य, मान्यता, धार्मिक परम्पराले गर्दा महिलाहरू जुनसुकै क्षेत्रमा पनि पछाडि परेका छन् । जसमा समाजले कृत्रिम रूपमा महिला र पुरुषको भूमिका निर्धारण गराएकाले प्रायः सबै समाजमा महिलाको अवस्था न्यून छ । उनीहरूले आफ्ना कार्यलाई परिवर्तन गर्न खोजेका छन् तर समाजको धर्म, संस्कृति, अन्धविश्वासले नियन्त्रण गरी राखेको हुन्छ । पितृसत्ताको नाममा महिला र पुरुषको भूमिकालाई निर्धारण गरेका छन् । वर्तमान समयमा महिलालाई समानता ल्याउनका लागि विगतमा रहको लैङ्गिक विभेदप्रतिका दृष्टिकोण, व्यवहार, सम्बन्ध, भूमिका र क्रियाकलापमा क्रमिक परिवर्तन आएको देखिन्छ । महिला सशक्तीकरणका लागि विभिन्न समावेशी पहलहरू भएको देखिन्छ। समाजमा महिला र पुरुष प्रतिका व्यवहार, सम्बन्ध, भूमिका, पद, हैसियत दृष्टिकोण तथा अपेक्षाहरूमा सकारात्मक परिवर्तन आइरहेको अनुभव गर्न सकिन्छ ।

लैङ्गिकता सम्बन्धी मुद्दा अविकसित राष्ट्रको जटिल समस्या हो । लैङ्गिक विभेदले नै राष्ट्र र जनतालाई जटिल मोडमा पुऱ्याउँछ । समाज दर्पणको आधारशीला विविध साहित्यिक कृतिहरू पनि लैङ्गिक विभेदको बहसको विषय बनेको छ। यसअन्तर्गत उपन्यास विधा पनि पर्दछ । जुतिसुकै लैङ्गिक समताको चर्चा भए तापनि लैङ्गिक सचेतना महिला उत्पीडनको विषयमा औचित्यपूर्ण सम्बोधन वर्तमानमा नभएको तथ्यलाई नकार्न सकिँदैन । विविध साहित्यिक कृतिमा लैङ्गिक दृष्टिले अनुसन्धान गरे तापनि ती अनुसन्धानको प्रयोग औचित्यपूर्ण नदेखिएकाले लैङ्गिक चेतनाका दृष्टिले चीरहरण उपन्यासका प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको छ ।

वर्तमान समयमा पनि महिलाहरू समाजको जुनसुकै कार्यमा समान सहभागिता जनाउन सकिरहेको अवस्था छैन । लैङ्गिक समानता र समतासम्बन्धी अनेकौं दृष्टिकोणबाट महिला र पुरुषबीच अधिकार प्राप्त गर्नका लागि सैद्धान्तिक प्रयासहरू जारी रहे तापनि पुरुष प्रधान समाजमा महिलाले दमित भएर रहनुपरेका, शोषित, पीडित नारीहरूको नाजुक अवस्थाको उजागर गर्न यो शोध औचित्यपूर्ण रहेको छ । नेपाली नारीहरूको जीवन, भोगाइ र भोग्नु परेका सामाजिक विवशता, दमन, शोषण, हत्या, हिंसा र बलात्कारलाई न्यूनीकरण गर्नका लागि नारी चेतना र नारी अस्तित्वको बारे विचार धारणाको प्रस्तुति चीरहरण उपन्यासमा पाइने हुनाले प्रस्तुत अध्ययनको महत्त्व उच्च हुने अपेक्षा राखिन्छ । नारी अस्तित्व र नारी चेतनाबारे विवेचना गरिने हुनाले नारीवादी अध्येताहरूका लागि प्रस्तुत शोध औचित्यपूर्ण हुने हुनाले यसको उपादेयता देखिन्छ ।

प्रस्तुत शोधपत्रका सान्दर्भिकता र उपादेयतालाई निम्न अनुसार उल्लेख गरिएको छ :

क) लैङ्गिक समानताको अवस्था बारेमा जानकारी लिन सकिने

ख) नारी अस्तित्व र नारी चेतनाबारे जानकारी मिल्ने

ग) लैङ्गिकताको बारेमा जान्न चाहने व्यक्ति, संस्था, शोधकार्य र जोकोहीलाई पनि उपयोग हुने

घ) लैङ्गिक चेतनाले व्यक्ति, समाज, राष्ट्र र विश्वको चौतर्फी विकास गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने

ङ) परम्परावादी पितृसत्तात्मक धारणामा परिवर्तन गरी सामाजिक, सांस्कृतिक अन्धविश्वास र कुरीतिको निराकरण गराउन सहयोग मिल्ने

च) लैङ्गिकतासम्बन्धी अन्य अध्ययन अनुसन्धान भए पनि चीरहरण उपन्यासको लैङ्गिक अध्ययन नभएकाले यो अध्ययनीय विषयको रूपमा रहने

छ) उपन्यासकार लगायत विभिन्न पाठ्यपुस्तकमा पनि चिरहरण उपन्यासको लैङ्गिक अध्ययन उपयोगी हुने

ज) चीरहरण उपन्यासमा लैङ्गिकताको अध्ययनले लैङ्गिक समानता र समताको हकको खोजी गरी महिला सशक्तीकरणको जानकारी गराइ हत्या, हिंसा, बलात्कार र अन्य दमन, शोषणबाट मुक्ति पाउन नारी चेतना र अस्तित्वको आवश्यकता र नारीले आफूमा सक्षमता बढाउनुपर्ने र चेतना वृद्धि गर्ने

झ) नारीको पनि पुरुष जत्तिकै हक अधिकार र अस्तित्व छ भन्ने बारेमा यस अध्ययनले स्पष्ट पार्ने

ञ) समाजले महिलाप्रति देखाउने हिंस्रक व्यवहारको अन्त्य गर्न प्रोत्साहन गर्ने जस्ता विभिन्न पक्षबाट प्रस्तुत शोध औचित्यपूर्ण रहेको छ ।

## १.५ शोधकार्यको सीमा

शोधका क्रममा अध्ययनका लागि निश्चित क्षेत्र र सीमा नतोकिए शोध अध्ययनलाई निश्चित दिशामा अगाडि बढाउन कठिन पर्दछ । कुनै पनि अध्ययनको क्षेत्र तथा परिवेश, असीमित, व्यापक र विस्तृत हुने हुनाले शोधकार्यको सीमाङ्कन गर्नु जरुरी हुन्छ । आर्थिक समस्या, समयको अभाव, स्रोत, सामग्रीको अभावका कारणले अध्ययनको सम्पूर्ण क्षेत्रलाई समेट्न कठिनाई पर्दछ । तसर्थ अध्ययनलाई तथ्यपूर्ण र प्रभावकारी बनाउन अध्ययनको क्षेत्रलाई सीमित गर्नुपर्दछ । निश्चित सीमाभन्दा बाहिर गएर गरिएको कुनै पनि अनुसन्धान कार्य उद्देश्यहीन हुने भएकाले प्रस्तुत अध्ययनलाई प्रतिफलमूलक साथै उद्देश्यमूलक बनाउनका लागि निम्नलिखित सीमामा सीमित गरिएको छ :

क) प्रस्तुत शोधकार्य नीलम कार्की निहारिकाको चीरहरण उपन्यासको लैङ्गिक अध्ययनमा सीमित रहेको छ ।

ख) चीरहरण उपन्यासमा लैङ्गिकताको प्रयोगको सर्वेक्षण गर्दा चीरहरण उपन्यासलाई मात्र आधार बनाइएको छ ।

ग) लैङ्गिक चेतनाका दृष्टिले चीरहरण उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषिक स्थिति पहिल्याउन केन्द्रित रहेको छ ।

घ) प्रस्तुत शोधकार्य चीरहरण उपन्यासमा रहेको लैङ्गिक चेतनाको प्रयोगमा केन्द्रित रहेको छ ।

ङ) लैङ्गिक समालोचना र दृष्टिकोणका सैद्धान्तिक आधार निर्धारण, नारीवाद, नारी अस्तित्व र चेतना, महिला सशक्तीकरण, समानता, सांस्कृतिक चेतना, महिला हक अधिकार, भूमिका र शिक्षा आदिमा केन्द्रित रहेको छ ।

## १.६ शोधपत्रको रूपरेखा

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : चीरहरण उपन्यासको लैङ्गिक अवस्थाको अध्ययन

अध्याय पाँच : चीरहरण उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण

अध्याय छ : लैङ्गिक दृष्टिले चीरहरण उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

## २.१ पूर्वकार्यको पुनरावलोकन

अनुसन्धानका क्रममा पूर्वकार्यको समीक्षा प्रारम्भिक र महत्त्वपूर्ण चरण हो । कुनै पनि अनुसन्धान कार्य गर्दा उक्त विषयसँग सम्बन्धित पूर्व साहित्यहरूको व्यापक अध्ययन गर्नुपर्ने हुन्छ । जसले गर्दा शोधकर्तालाई आफ्नो अनुसन्धान कार्य तीव्र गतिमा अगाडि बढाउन प्रशस्त मार्गदर्शन प्राप्त हुन जान्छ । अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा लेखिएका शोधग्रन्थ, पत्रपत्रिका, पाठ्यपुस्तक, लेख, रचना आदि सामग्रीलाई पढेर, सुनेर, अध्ययन मनन गरेर तिनको सूक्ष्म रूपमा टिकाटिप्पणी गर्नु नै पूर्वकार्यको पुनरावलोकन हो । शोधकर्ताले शोधपत्र तयार गर्दा शोध तयार गरिने विषयमा अनुसन्धान गर्नुपूर्व आफूभन्दा अगाडि भएका र भइसकेका अनुसन्धानात्मक कृति वा सम्बन्धित पुस्तक, पत्रपत्रिका, लेख, रचना तथा सम्बन्धित शोधग्रन्थ आदिको अध्ययन गर्नुपर्दछ । पूर्वकार्यको समीक्षाले नवीन तथ्यलाई पुष्टि गर्ने मात्र नभई पुराना तथ्यलाई पनि विश्लेषण तथा समीक्षा गर्ने कार्य गर्दछ । पूर्वकार्यको समीक्षा सम्बन्धित विषयको गहन अध्ययन गर्न अनुसन्धानलाई विश्वसनीय, प्रामाणिक, वैध र आधिकारिक तुल्याउनका लागि प्रयोग गरिन्छ । हालसम्म सम्बन्धित विषयमा कुन कुन अध्ययन भएका छन् र ती अध्ययनले कुन कुन क्षेत्रलाई समेटेका छन् भनी शोधकर्ताले विभिन्न शोधपत्र, पत्रपत्रिका, पुस्तक, लेख आदिको पुरावलोकन गरी नयाँ सैद्धान्तिक धारणाको निर्माण गर्ने गर्दछ ।

पुनरावलोकनले अनुसन्धानलाई उपलब्धिमूलक बनाउन नवीन धारणा पहिल्याउन र नयाँ सिद्धान्तको निर्माण गर्न मद्दत गर्दछ । लैङ्गिकतासँग सम्बन्धित शीर्षकमा यस अघि विभिन्न अध्ययन अनुसन्धान भएको पाइन्छ । लैङ्गिक अध्ययन सम्बन्धी पाठ्यपुस्तक विभिन्न विद्वान्हरूले लेखिसकेको पाइएको छ र लैङ्गिक अध्ययनसँग सम्बन्धित विभिन्न शोधपत्र पनि तयार भएको पाइन्छ । यिनै पुस्तक तथा शोधपत्रहरूको छुट्टाछुट्टै उपशीर्षकहरूमा राखी निम्नानुसार समीक्षा गरिएको छ :

### २.१.१ सम्बद्ध पुस्तकको पुनरावलोकन

शर्मा (२०५५) द्वारा *समकालीन समालोचना : सिद्धान्त र प्रयोग*मा लिङ्ग प्राकृतिक कुरा नभएर समाज र संस्कृतिबाट परिभाषित स्वभाव र व्यवहारको रूपमा पाइने कुरा उल्लेख गर्दै महिला र पुरुषमा पाइने गुणहरू समेत उल्लेख गरेका छन् । पुरुषमा निर्भयता, असङ्कोच तथा दृढता जस्ता कुरा रहने र महिलामा सरलता, सहनशीलता तथा सङ्कोच हुने कुरा बताएका छन् । जसबाट महिला र पुरुषबीचको लैङ्गिक तथा वैचारिक भिन्नतालाई प्रस्ट्याइएको छ । पुरुषको तुलनामा महिला बढी संवेदनशील हुन्छन् भन्ने कुरा प्रस्ट पारिएको छ । यस पुस्तकले प्रस्तुत शोधको सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग लिइएको छ ।

काफ्ले र अन्य (२०६५) सहलेखनमा तयार पारिएको *जनसङ्ख्या अध्ययन* पुस्तकमा लैङ्गिक दृष्टिकोण र अधिकार शीर्षकमा लैङ्गिक भूमिका, लैङ्गिक समता, समानता र महिला सशक्तीकरण जस्ता उपशीर्षकमा सामान्य परिचय दिँदै लैङ्गिक भूमिकाको बारेमा उल्लेख गरिएको छ । लैङ्गिक शब्द महिला र पुरुषको सामाजिकीकरण प्रक्रियासँग सम्बन्धित रहेको कुरा उल्लेख गरिएको छ । महिला र पुरुषले गर्ने सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक र राजनैतिक भूमिकालाई यस पुस्तकमा लैङ्गिकता हो भनिएको छ । जुन भूमिकालाई समाजले जन्मदेखि मृत्युसम्म निर्धारण गरिएको हुन्छ । यसका साथै पुरुष बराबर स्वतन्त्र हुन नसकेका र विभिन्न प्रकारका कामको बोझले पिल्सिएका महिलाहरूलाई भविष्यमा पुरुष सरहको हैसियत नबनाइन्जेलसम्मका लागि महिला केन्द्रित अवसर र सुविधा प्रदान गरिनु र अवस्था हेरी अधिकार र पहुँच बढाउने कार्य गरिनु नै लैङ्गिक समता हो भनी लैङ्गिक समताका बारेमा चर्चा गरिएको छ । जसमा अवस्था अनुसारको व्यवहार गरिनु पर्दछ भन्ने स्पष्ट मान्यता राखिएको छ । यसै सन्दर्भमा लैङ्गिक समानताका लागि महिला र पुरुषका बीचमा भएका विभेद र असमानतालाई छिटोभन्दा छिटो हटाउनु पर्छ । अनि मात्र महिला र पुरुषका बीचमा समान किसिमको अधिकार र पहुँच विस्तार हुने धारणा व्यक्त गरिएको छ । नेपालमा महिला सशक्तीकरणका लागि शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा महिला आरक्षणका प्रयासहरू, नारी चेतनामूलक कार्यक्रमहरू विस्तार हुँदै गएको कुरा उल्लेख गरिएको छ । यस पुस्तक प्रस्तुत शोधको सैद्धान्तिक अवधारणा निर्माण गर्ने आधार सामग्रीको रूपमा रहने अपेक्षा गरिएको छ ।

खनाल (२०६६), द्वारा शिक्षाशास्त्र केन्द्रीय विभाग नेपाली भाषा शिक्षा विभागद्वारा प्रकाशित वार्षिक पत्रिका *सम्प्रेषण* अङ्क छ, २०६६ मा 'पहेलो गुलाफ' कथामा लैङ्गिक चेतना शीर्षक लेखनमा लैङ्गिक समालोचनाको परिचय दिँदै पितृसत्तात्मक समाजमा महिलालाई दोस्रो दर्जाको रूपमा राखी दमन, शोषण र उपेक्षा गरिएको कुरा उल्लेख गरिएको छ । उक्त लेखमा लैङ्गिकता प्राकृतिक नभई समाजद्वारा निर्मित सामाजिक र सांस्कृतिक भूमिकाका आधारमा छुट्याउने अवस्था हो भनी उल्लेख गरिएको छ । यसैगरी नारीलाई पुरुषको भोग्य वस्तुका रूपमा हेरिएको कुरा दर्साउँदै पुरुषलाई झुसिलकिराको प्रतीकात्मक रूपमा लिइएको छ । यस पुस्तकलाई प्रस्तुत शोधको सैद्धान्तिक अवधारणा निर्माण गर्न आंशिक रूपमा सहयोग लिइएको छ ।

अर्याल (२०६८) द्वारा *लैङ्गिक र महिलावादी अध्ययन* पुस्तकमा लिङ्ग र लैङ्गिकताको अवधारणा स्पष्ट पार्दै लैङ्गिक भूमिका र आवश्यकता लैङ्गिक सशक्तीकरण, जाति र लैङ्गिक सम्बन्ध, लैङ्गिक र धर्म, जेन्डर, शिक्षा, अर्थतन्त्र र महिलावादी पद्धति अन्तर्राष्ट्रिय महिला सम्मेलनहरू लैङ्गिक दृष्टिबाट महिला तथा समाजकल्याण मन्त्रालय र नेपाल सरकारको पञ्चवर्षीय योजनाको समसामायिक नीतिहरूको पुनरावलोकन लैङ्गिक उपागमहरू लैङ्गिक न्यायजस्ता शीर्षकहरूमा लैङ्गिकताको चर्चा गरेको छ । जसबाट लैङ्गिक दृष्टिले महिलाको भूमिका, स्थानका बारेमा चर्चा गरिएको छ । यहाँ जातीय समानता, महिला समानता, लैङ्गिक समानता जस्ता पक्षका बारेमा अध्ययन गरिएको छ । यस पुस्तकबाट प्रस्तुत शोधको सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग लिइएको छ ।

विष्ट र जोशी (२०६८) द्वारा तयार पारिएको *जनसङ्ख्या अध्ययन* पुस्तकमा लैङ्गिक विभेद तथा अधिकारहरू जस्ता शीर्षक राखी लिङ्ग र लैङ्गिक, लैङ्गिक भूमिका, लिङ्ग भूमिका, लैङ्गिक समता, समानता र महिला सशक्तीकरण, आदि जस्ता उपशीर्षकहरूको चर्चा गरेको छ । उक्त पुस्तकमा महिला र पुरुषबीच समाजले बनाएको भिन्नतालाई लैङ्गिक भनिएको छ । जुन समाजले नै सृजना गरेको हुनाले नेपाली भाषामा यसलाई सामाजिक लिङ्ग भन्ने गरेको कुरा उल्लेख गरिएको छ । समाजले महिला र पुरुषलाई कृत्रिम, रूपमा विभाजन गरेको छ । महिला र पुरुषले गर्नुपर्ने कार्यहरू प्रकृति सम्मत छैनन् । सबै थरीका कामहरू महिला तथा पुरुष दुवैले गर्न सक्छन् । यो कार्य त समाजले विभाजन गरेको हो र समयसँगै यस्ता लैङ्गिक भूमिका परिवर्तन गर्न सकिन्छ भन्दै आजभोलि महिलाले पनि टेम्पो र माइक्रोबस हाँक्न थालेको उदाहरणबाट स्पष्ट पारिएको छ । त्यसैगरी

महिलालाई कुनै पनि कार्यमा भेदभाव नगरी शारीरिक तथा जैविक भिन्नता बाहेक अन्य सबै कुरामा पुरुष जत्तिकै समान अधिकार र लैङ्गिक समता र समानता, कायम गराउनुपर्ने कुरा प्रस्तुत गरिएको छ । यसरी नै महिलाहरूलाई सशक्तीकरण गरेर पुरुष र महिलाबीचको असमानता वा ठूलो. खाडललाई हटाई लैङ्गिक समानतालाई प्रोत्साहन दिन सकिन्छ भन्ने कुरा उल्लेख गरिएको छ । यस पुस्तक प्रस्तुत शोधको सैद्धान्तिक अवधारणा निर्माण गर्न उपयोगी रहेको छ ।

आचार्य (२०७४), द्वारा लिखित *लैङ्गिक समाजशास्त्र* नामक पुस्तक लैङ्गिक समाजशास्त्रअन्तर्गत प्राकृतिक लिङ्ग र सामाजिक लिङ्ग, लैङ्गिक न्याय, लैङ्गिक सूचकहरूका बारेमा अध्ययन गर्नका लागि उत्कृष्ट रहेको छ । उक्त पुस्तकमा लिङ्ग (सेक्स) र लैङ्गिक (जेन्डर) फरक फरक हुन् भन्ने कुरा उल्लेख गरिएको छ । जसमा सेक्सलाई प्राकृतिक लिङ्ग र जेन्डरलाई सामाजिक लिङ्गको रूपमा उल्लेख गरिएको छ । समाजमा महिला र पुरुषको छुट्टाछुट्टै पहिचान भएका कारण त्यस्ता पृथक् पहिचानहरू जैवीकीय मात्र नभई ती सामाजिक सांस्कृतिक रूपले पनि निर्धारण हुने कुरा प्रस्तुत गरिएको छ । यसैगरी उक्त पुस्तकमा लिङ्गकै आधारमा महिला र पुरुषबीचको भूमिका निर्धारण हुनुले पुरुषप्रधान समाजमा महिलाहरू पछि परेका कुरा पनि उल्लेख गरिएको छ । त्यसैगरी यस पुस्तकमा नेपालको सन्दर्भमा लैङ्गिक अध्ययन र लैङ्गिक अवस्थाको बारेमा पनि चर्चा गरिएको छ । जसमा नेपाली समाज पितृसत्तात्मक ढाँचाबाट सञ्चालित भएका कारण उत्पादन व्यवस्थामा महिला शब्दलाई पुरुषको विकल्पका रूपमा नहेरी पुरुषको सहयोगीका रूपमा मात्र हेर्ने मान्यताले विश्वमा नै महिलाहरूको आफ्नो स्वतन्त्र हैसियत रहन नसकेको स्थितिलाई प्रस्तुत गरिएको छ । तसर्थ महिला पुरुष दुवैको समान भूमिका र महत्त्व रहन सक्ने कुरा उल्लेख गर्दै विभिन्न आधारबाट महिलाको अवस्थाका बारेमा व्याख्या गरिएको छ । यस पुस्तक प्रस्तुत शोधको सैद्धान्तिक अवधारणा निर्माण गर्ने उपयोगी रहेको छ ।

खनाल (२०७५), द्वारा लिखित *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग* नामक पुस्तक लैङ्गिक अध्ययन र समालोचनाका बारेमा ज्ञान हासिल गर्नका लागि अति उपयोगी रहेको छ । उक्त पुस्तकमा लैङ्गिक समालोचनाको सैद्धान्तिक स्वरूप, नेपाली उपन्यासको लैङ्गिक पर्यवेक्षण, पूर्ववर्ती नेपाली उपन्यास, परवर्ती नेपाली उपन्यास र समयौनिक नेपाली उपन्यास जस्ता विभिन्न शीर्षकलाई विस्तृत रूपमा प्रस्तुत गरेका छन् । तसर्थ लैङ्गिकता र लैङ्गिक अध्ययनको परिचय दिँदै त्यसका आधारहरूलाई स्पष्ट रूपमा उल्लेख गरेका छन् । उक्त

पुस्तकमा समाज र संस्कृतिबाट निर्मित पुरुष र महिलाबिचको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक तथा मनोवैज्ञानिक भूमिका र उनीहरूको अवस्था नै लैङ्गिकता हो भनी उल्लेख गरिएको छ र लैङ्गिक दृष्टिले साहित्यको विश्लेषण र मूल्याङ्कन गर्ने कार्यलाई लैङ्गिक समालोचना हो भनी व्यक्त गरिएको पाइन्छ । यस्तै वि.सं. १९८९ सालको राजपुत रमणीदेखि २०६८ सालको कुमारी आमासम्मका विभिन्न उपन्यासहरूको अध्ययन गरी लैङ्गिक चेतना र सन्दर्भ तथा यौनिक पक्षमा केन्द्रित तथा छ्यालिस वटा उपन्यासको पर्यवेक्षण गरिएको छ । त्यसैगरी लैङ्गिक चेतना, समस्या, सशक्तीकरण तथा यौनिक पक्षलाई प्राधान्य दिइएका विभिन्न, विचार प्रतिनिधित्व गर्ने छ वटा सामाजिक यथार्थवादी प्रगतिवादी सहयात्री, स्वास्नीमान्छे, समानान्तर आकाश, तीनघुम्ती, सलिजो र अर्धसत्य जस्ता उपन्यासको लैङ्गिक समालोचनाका दृष्टिले विस्तृत रूपमा विश्लेषण गरिएको छ । यस पुस्तकबाट प्रस्तुत शोधको सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग पुगेको छ ।

### २.१.२ सम्बद्ध शोधपत्रको पुनरावलोकन

कुँवर (२०६५) द्वारा 'कक्षा सातको सामाजिक शिक्षा पाठ्यपुस्तकको लैङ्गिक स्थिति' शीर्षकमा एक अध्ययन भएको पाइन्छ । उक्त अध्ययन नि.मा.वि. तहको कक्षा सातको सामाजिक शिक्षा पाठ्यपुस्तकमा लैङ्गिक समानता र विभेदको अवस्था पत्ता लगाउनु, पाठ्पुस्तकमा लैङ्गिक आधारमा भएका कमीकमजोरी पत्ता लगाउनु जस्ता उद्देश्यमा केन्द्रित रहेर अध्ययन सम्पन्न गरिएको छ । अध्ययनमा पुस्तकालयीय र क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । उक्त अध्ययन काठमाडौँ जिल्लाभित्रबाट छनोटमा परेका चारवटा सामुदायिक विद्यालयलाई लिई सम्बन्धित पक्षहरू फोटो, तस्विर, चित्र, कार्य व्यवहार, संवाद, शब्दावली, उदाहरण, अनुच्छेदमा केन्द्रित रही अध्ययनको औजारको रूपमा खुला प्रश्नावली, सामुहिक छलफल र दस्तावेजलाई सीमाङ्कन गरिएको पाइन्छ । पाठ्यपुस्तकभित्र रहेका बाह्रवटा पाठमा लैङ्गिक समानता रहेको निष्कर्ष दिँदै उक्त पाठ्यपुस्तकमा लैङ्गिक समावेशी प्रतिनिधित्व गराउनुपर्ने सुझाव पनि दिइएको छ । यस शोध प्रस्तुत शोधको व्याख्या विश्लेषणका लागि उपयोग रहेको छ ।

श्रेष्ठ (२०६७) द्वारा 'तीनघुम्ती उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य गरेकी छन् । जसमा तीनघुम्ती उपन्यासको लैङ्गिक अध्ययन विश्लेषण गर्नु, लैङ्गिक समालोचनाको सैद्धान्तिक स्वरूपको परिचय दिनु, तीनघुम्ती उपन्यासमा लैङ्गिक चेतनाको

प्रयोगबाट थपिएको नवीनताको विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले उक्त उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु जस्ता उद्देश्य राखिएको छ । प्रस्तुत शोधमा पुस्तकालयीय विधि तथा अध्ययन विश्लेषणमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिहरूको प्रयोग गरिएको छ । शोधकार्यलाई क्रमशः पाँचवटा अध्यायमा शोध परिचय, पूर्वकार्यको समीक्षा, सैद्धान्तिक अवधारणा व्याख्या तथा विश्लेषण, निष्कर्ष तथा सुझाव पेश गरी प्रस्तुत गरिएको छ । यस शोधकार्यले प्रस्तुत शोधको व्याख्या विश्लेषणका क्रममा सहयोग पुऱ्याएको छ ।

अधिकारी (२०६८) द्वारा 'लैङ्गिक दृष्टिकोणले माध्यमिक तहको सामाजिक विषयको विश्लेषण' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । यस अध्ययनमा सामाजिक विषय अध्ययन गराउने शिक्षकहरूको लैङ्गिक दृष्टिकोणबाट उक्त पाठ्यपुस्तकप्रति कस्तो भनाई छ ? विद्यार्थी र विषयविज्ञको लैङ्गिक दृष्टिकोणबाट पाठ्यपुस्तकप्रति कस्तो धारणा छ ? पाठ्यपुस्तकमा समावेश गरिएका चित्र, विषयवस्तु र संवादले महिला र पुरुषलाई समान रूपमा समावेश गरेका छन् ? जस्ता समस्याहरू समावेश गरिएको छ । यस अध्ययनले लैङ्गिक असमानताको पहिचान गरी न्यूनीकरण गर्न सहयोग गर्ने, शिक्षकलाई आफ्नो शिक्षण विषयवस्तुमा लैङ्गिकताको बारेमा के कति मात्रामा गम्भीर हुन जरुरी छ भन्ने कुराको जानकारी लिन मद्दत गर्ने देशकै सम्पूर्ण विद्यालयको पाठ्यपुस्तकमा रहेको लैङ्गिक समानता र विभेदको केही हदसम्म प्रतिनिधित्व गर्ने हुनाले पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणकर्तालाई सहयोग हुने अपेक्षा राखिएको छ । जसमा मा.वि. तहको सामाजिक अध्ययन पुस्तकमा भएका विभिन्न पक्षहरूका लैङ्गिक अवस्था पहिचान गर्ने उद्देश्य राखिएको छ । उक्त शोधपत्रका आधारमा नेपाली चित्रकला, हाम्रा राष्ट्रिय विभूतिबाट राष्ट्रका लागि भएका योगदान, नेपाली वीर वीरङ्गनाहरूको योगदान, चेलीबेटी बेचविखन र देहव्यापार, संवाद, मानव अधिकार, अभ्यास आदिका आधारमा विश्लेषण गरिएको छ । अध्ययनको निष्कर्षमा सामाजिक अध्ययनका २२ वटा पाठहरूमा ७ वटा पाठमा मात्र लैङ्गिक समानता पाइएको, संवादमा महिला पात्रलाई सहभागी पात्रको रूपमा मात्र लिइएको, पितृसत्तात्मक सोचलाई बढी प्राथमिकता दिइएको, पुस्तक पुरुष विद्वान्हरूद्वारा मात्र तयार गरिएको जस्ता कुरा प्रस्तुत गरिएको छ । साथै सुझावमा लैङ्गिक विभेद अन्त्य गर्ने खालका विषयवस्तु समावेश गर्नुपर्ने लैङ्गिक समानताका सन्देशमूलक चित्रहरू समावेश गर्नुपर्ने कुरा सुझावमा दिइएको छ भने लैङ्गिक विभेदलाई हटाउन विभिन्न कार्यक्रम ल्याउनुका साथै पाठ्यपुस्तक निर्माणमा महिला विज्ञलाई समेत समावेश गर्न सुझाव दिइएको छ ।

पौडेल (२०६८), द्वारा 'माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा लैङ्गिक चेतनाको अध्ययन' शीर्षकमा शोधपत्र तयार भएको छ । उक्त शोधको उद्देश्य लैङ्गिक विश्लेषणको सैद्धान्तिक आधार पहिल्याउने, माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा लैङ्गिक अवस्था दर्साउने, उक्त विधामा प्रयुक्त भाषालाई लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्ने, कथाका माध्यमद्वारा लैङ्गिक चेतनाको प्रयोग पहिल्याउने आदि राखिएको छ । उक्त शोधपत्रमा अध्ययन विधिका रूपमा प्राथमिक र द्वितीयक स्रोत विधिको प्रयोग गरिएको पाइन्छ । प्राथमिक स्रोतमा माध्यमिक तहका नेपाली पाठ्यपुस्तक र द्वितीयक स्रोतमा उक्त अध्ययनसँग सम्बन्धित शोधपत्र, पत्रपत्रिका, प्रकाशित लेख रचना आदिको प्रयोग गरिएको छ । यस अध्ययनमा कथामा महिलाको भूमिकालाई सङ्कुचित गरिएको छ । लैङ्गिक दृष्टिले कथाहरू नकारात्मक रहेका, नारी स्वतन्त्रतामा हनन गरिएका, सरकारी सेवामा महिला सहभागिता कम रहेको जस्ता निष्कर्ष निकालिएको छ । विद्यमान समाजमा लैङ्गिक विभेदको अन्त्य गरी महिला पुरुषबीच समानता कायम गर्न समतामूलक समाजको निर्माण गर्ने अवधारणा विद्यार्थीमा पुग्ने खालका कथाहरू समावेश गरी लैङ्गिक विभेदरहित पाठयसामग्रीको निर्माण गर्नुपर्ने र महिला र पुरुष दुवैलाई समान अधिकार हुनुपर्ने जस्ता सुझावहरू पनि बुँदागत रूपमा प्रस्तुत गरिएको पाइन्छ । यस शोधकार्यले प्रस्तुत शोधको व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्ने क्रममा सहयोग पुऱ्याएको छ ।

महरा (२०६८) द्वारा 'निम्न माध्यमिक तह छ र सातको नेपाली पाठ्यपुस्तकको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । उक्त अध्ययनका उद्देश्यहरूमा निम्न माध्यमिक तह कक्षा छ र सातको नेपाली पाठ्यपुस्तकको लैङ्गिक अवस्था पत्ता लगाउनु, उक्त पाठ्यपुस्तकमा समाविष्ट पाठमा महिला र पुरुषको भूमिका पत्ता लगाउनु, उक्त पाठ्यपुस्तकमा समावेश पाठको विषयवस्तु, चित्र, नमुना अभ्यास भाषामा रहेको लैङ्गिक अवस्था पत्ता लगाउनु, उक्त पाठ्यपुस्तकमा निर्दिष्ट पक्षहरूको लेखाजोखा गरी निष्कर्ष तथा सुझाव गर्नुजस्ता उद्देश्यमा केन्द्रित रहेको पाइयो । उक्त अध्ययन जनक शिक्षा सामग्री केन्द्र लिमिटेडद्वारा मुद्रित निम्न माध्यमिक तह कक्षा छ र सातको नेपाली पाठ्यपुस्तकमा सीमित रहेको, निर्दिष्ट पाठ्यपुस्तकमा प्रयुक्त विषयवस्तु, चित्र, नमुना, अभ्यास र भाषाका लैङ्गिक स्थितिको चित्रणमा सीमित रहेको पाइयो । उक्त शोधकार्यको लागि पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको पाइयो । उक्त शोधकार्यमा जनक

शिक्षा सामग्री केन्द्रद्वारा मुद्रित कक्षा छ र सातको हाम्रो नेपाली किताबलाई प्राथमिक स्रोत सामग्रीको रूपमा तथा उक्त अध्ययन विषय क्षेत्रसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तकहरू, शिक्षा विभागबाट प्रकाशित जर्नल, लैङ्गिक अध्ययनसँग सम्बन्धित शोध प्रतिवेदनहरू, विद्वान्को राय सुझावलाई द्वितीयक सामग्रीको रूपमा प्रयोग गरिएको पाइयो । उक्त शोधको कक्षा छ को नेपाली पाठ्यपुस्तकलाई पाँच विधाअन्तर्गत २२ पाठ र कक्षा सातको नेपाली पाठ्यपुस्तकमा २३ पाठमध्ये १८ र २० पाठको मात्र लैङ्गिक दृष्टिले अध्ययन गरी व्याख्या विश्लेषण गरिएको पाइयो । उक्त शोधकार्यमा पाठ्यपुस्तकको शैक्षिक पक्षहरू (विषयवस्तु, चित्र, भाषा र नमुना अभ्यास) लाई विस्तृत रूपमा अध्ययन गरी व्याख्या विश्लेषण गरेको देखिन्छ । उक्त शोधकार्यमा निम्न माध्यमिक तहको कक्षा छ र सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तु चित्र, नमुना अभ्यास भाषामा लैङ्गिक दृष्टिले असमान रहेको निष्कर्ष निकालिएको छ । साथै लैङ्गिक विभेद जनाउने शब्दावली, वाक्य केही उखानका टुक्का समेत प्रयोग गरिएको देखिन्छ ।

पौड्याल (२०६९) द्वारा शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत 'एक चिहान उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । सो अध्ययनले एक चिहान उपन्यासको लैङ्गिक अवस्था पत्ता लगाउनु, उपन्यासमा समाविष्ट महिला र पुरुष बीचमा भएको लैङ्गिक भूमिकाको चित्रण गर्नु, भूमिकापरक, अध्ययन, विचारपरक अध्ययन, भाषापरक अध्ययन, लैङ्गिक चेतनाको विश्लेषण गर्ने, लैङ्गिक अवस्थाको अध्ययन गर्ने र व्याख्या तथा विश्लेषण गरी अध्ययनीय उपन्यासमा निर्दिष्ट पक्षहरूको लेखाजोखा गरी निष्कर्ष एवम् सुझाव प्रस्तुत गर्ने जस्ता उद्देश्यमा केन्द्रित रहेर अध्ययन सम्पन्न भएको छ  अध्ययन सामग्री सङ्कलन कार्य मूलतः पुस्तकालयीय विधिमा केन्द्रित रहेपनि अध्ययन विश्लेषणमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । पाँच अध्यायमा संरचित प्रस्तुत शोधपत्रको अध्याय एकमा शोध परिचय, अध्याय दुईमा पूर्वकार्यको समीक्षा, अध्याय तीनमा सैद्धान्तिक अवधारणा, अध्याय चारमा व्याख्या तथा विश्लेषण र अन्तिम पाँचौ अध्यायमा निष्कर्ष तथा सुझाव प्रस्तुत गरिएको छ । यस शोधले प्रस्तुत शोधको उद्देश्य निर्धारणका लागि थप सहयोग पुगेको छ ।

पौडेल (२०६९) द्वारा 'समानान्तर आकाश उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधपत्र तयार भएको छ । जसमा लैङ्गिक अध्ययनको सैद्धान्तिक स्वरूपको परिचय दिई समानान्तर आकाश उपन्यासमा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्ने, उक्त उपन्यासको

लैङ्गिक चेतना प्रस्तुत गर्ने र उपन्यासमा प्रयुक्त भाषालाई लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्ने जस्ता उद्देश्य राखिएको छ । यस अध्ययनले पुस्तकालयीय विधिको प्रयोग गरी अध्ययनको व्याख्या विश्लेषण गरिएको छ । पुस्तकालयीय अध्ययन विधिलाई सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ । प्राथमिक स्रोत सामग्रीका रूपमा उपन्यासकार पद्मावती सिंहद्वारा लिखित समानान्तर आकाश उपन्यासलाई लिइएको छ भने द्वितीयक स्रोत सामग्रीका रूपमा विभिन्न खोजमूलक लेखरचना, प्रकाशित पत्रपत्रिका, अनुसन्धान ग्रन्थ आदिको प्रयोग गरिएको छ । उक्त शोधपत्रमा पद्मावती सिंहको परिचय, जन्म, पेसा, शिक्षा, उनका उपन्यासहरू, समानान्तर आकाश उपन्यासको लैङ्गिक अवस्थाको अध्ययन, चरित्रपरक अध्ययन, विचारपरक अध्ययन जस्ता शीर्षकमा व्याख्या विश्लेषण गरिएको छ । यो अध्ययन विशेष गरी लैङ्गिक चेतनाको सेरोफेरोमा केन्द्रित रहेको छ । उक्त शोधपत्रमा लैङ्गिक भूमिकाको आधारमा हेर्दा उत्पादक र राजनीतिक भूमिकामा पुरुष र महिलाको समान सहभागिता रहेको निष्कर्ष निकालिएको पाइन्छ । साथै महिलाहरू हटेर होइन डटेर आफ्नो अस्तित्व स्वतन्त्रता र स्वाभिमानी जीवनको उपयोग गर्न पाउनुपर्छ भन्ने सुझाव पनि उल्लेख गरिएको छ ।

अर्याल (२०७०) द्वारा 'अनिता उपन्यासको लैङ्गिक अध्ययन' गरिएको पाइन्छ । उक्त शोधमा अनिता उपन्यासमा लैङ्गिक अवस्था, अनिता उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण गर्नु र लैङ्गिक दृष्टिले अनिता उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु जस्ता उद्देश्यहरू राखिएको छ । यस अध्ययनमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरेर व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यस अध्ययनले अनिता उपन्यासलाई लैङ्गिक भूमिकाको आधारमा हेर्दा उत्पादक, अनुत्पादक, सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, भूमिकामा महिला पुरुषको समान सहभागिता नपाएको, अधिकांश पात्रहरू पितृसत्तात्मक मानसिकताबाट ग्रसित भएको, भाषिक प्रयोगको दृष्टिकोणले शिक्षित, अशिक्षित वर्गले बोलिने भाषाको साथै केही कुटनीतिक भाषाको पनि प्रयोग भएको, लैङ्गिक दृष्टिकोणबाट महिला पुरुष दुवैलाई फरक फरक तवरबाट हेरिएको, पितृसत्तात्मक समाजका कुसंस्कार, रुढिवादी परम्पराको विरोध गरी बदलिन सक्ने परिस्थितिको सृजना गर्न सक्ने जस्ता कुराको उजागर गरिएको निष्कर्ष निकालिएको छ । उक्त शोधपत्र प्रस्तुत, शोधका लागि उपयोग मानिएकाले यसले शोधकार्यको व्याख्या विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

पौडेल (२०७०), द्वारा 'अनावृत्त उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । यो शोधपत्रमा अनावृत्त उपन्यासमा लैङ्गिक अध्ययनको विश्लेषण गर्नु, अनावृत्त उपन्यासमा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्नु, उक्त उपन्यासको लैङ्गिक चेतना प्रस्तुत गर्नु र लैङ्गिक दृष्टिले अनावृत्त उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु प्रस्तुत शोधको उद्देश्य रहेको छ । प्रस्तुत उपन्यासमा समाजमा पुरुष वर्गले नारीमाथि राख्ने गरेका परम्परित दृष्टिकोण धर्म संस्कृतिका नाममा नारीलाई गरिने विभेद, छोरा र छोरीमा गरिने शिक्षाको असमान वितरण, छोरा र छोरीमा गरिएको सम्पत्ति प्रतिका विभेद र नारीहरूले त्यसको विरुद्ध आफ्नो मूल्य कायम राख्न सजक रहनु पर्ने कुरा प्रस्तुत गरिएको छ । यस शोधले प्रस्तुत शोधकार्यको उद्देश्य निर्धारण र निष्कर्ष निकाल्नका लागि थप सहयोग गरेको छ ।

रोका (२०७०) द्वारा कक्षा आठको पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको लैङ्गिक अध्ययन शीर्षकमा अध्ययन कार्य सम्पन्न गरिएको छ । जसमा लैङ्गिक विश्लेषणको आधार पहिल्याउनु, लैङ्गिक दृष्टिले कक्षा आठको पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन गर्नु, समाविष्ट विधामा प्रयुक्त भाषाको लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्नु, कथाका माध्यमद्वारा लैङ्गिक चेतनाको स्थिति पहिल्याउनु, उक्त विधामा लैङ्गिक समानता दर्साउन आवश्यक सुझावहरू प्रस्तुत गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । उक्त शोधकार्य पाठ्यक्रम विकास केन्द्रद्वारा निर्देशित कक्षा आठको नेपाली पाठ्यपुस्तकमा रहेका कथा विधामा लैङ्गिक चेतना र लैङ्गिक दृष्टिले भाषिक प्रयोममा मात्र सीमित रहेको छ । उक्त शोधकार्य लैङ्गिक समालोचना सिद्धान्तलाई प्रमुख आधार बनाई सामाजिक, आर्थिक, राजनीतिक र धार्मिक आधारमा लैङ्गिक अवस्थालाई अध्ययन गरिएको देखिन्छ । यस अध्ययनका लागि पुस्तकालयीय अध्ययनको उपयोग गरिएको छ । जसमा जनक शिक्षा सामग्री केन्द्र लिमिटेडद्वारा मुद्रित कक्षा आठको हाम्रो नेपाली किताबलाई प्राथमिक सामग्रीका रूपमा र उक्त अध्ययनको शीर्षकमा सम्बन्धित रहेर गरिएको अनुसन्धानात्मक प्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित लेख, अप्रकाशित शोधप्रतिवेदन आदिलाई द्वितीयक सामग्रीका रूपमा लिइएको पाइन्छ । उक्त अध्ययनमा निम्न माध्यमिक तह कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको कथावस्तुलाई सामीजक, आर्थिक र शैक्षिक गरी विभिन्न क्षेत्रका आधारमा लैङ्गिक अवस्थाको अध्ययन गरिएको, समाजमा विद्यमान लैङ्गिक विभेद हटाउन के कस्ता प्रकारका चेतना दिन खोजिएको छ ? उक्त कुराहरूको लैङ्गिक दृष्टिले व्याख्या

विश्लेषण गरिएको कुरा उल्लेख गरेको देखिन्छ । उक्त अध्ययनमा हाम्रो समाजमा विद्यमान लैङ्गिक विभेद अन्त्य गरी महिला र पुरुषबीच समानता कायम गर्न समतामूलक समाजको अवधारणा विद्यार्थीमा पुग्ने खालका सामग्रीहरू, लैङ्गिक विभेद रहित पाठ्यसामग्री पाठ्यपुस्तकमा समाविष्ट गर्न आवश्यक रहेको छ भनी सुझावका साथ निष्कर्ष निकालिएको पाइन्छ । उक्त शोधको अध्ययनपश्चात प्रस्तुत शोधमा सामग्री संकलन गर्न सहयोग पुगेको छ ।

गैरे (२०७१) द्वारा 'माइतघर उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । उक्त माइतघर उपन्यास लैङ्गिक निर्क्योल गर्न उपन्यासमा लैङ्गिक चेतनाको प्रयोगबाट नारीवाद, बालमनोविज्ञान, सांस्कृतिक चेतना जस्ता मान्यताको क्षेत्र विस्तार गरी माइतीघर उपन्यासमा लैङ्गिकताको प्रयोगको सर्वेक्षण गर्दा माइतघर उपन्यासलाई मात्र आधार बनाइएको छ । उक्त शोधकार्यमा सामग्री सङ्कलन, पुस्तकालयीय विधिबाट प्रयोग गरिएको पाइन्छ । उक्त शोधमा माइतघर उपन्यासलाई प्राथमिक स्रोत सामग्रीका रूपमा अन्य लैङ्गिकतासम्बन्धी लेख रचनालाई द्वितीयक सामग्री स्रोतका रूपमा लिइएको पाइन्छ । उक्त माइतघर उपन्यासमा प्रस्तुत लैङ्गिक चेतनाको स्थिति पहिल्याउने कोसिस गरिएको पाइयो । उक्त शोधकार्यमा मान्छेले नदेखेको भित्री मनस्थितिको चिरफार प्रशस्त भएको छ । प्रस्तुत अध्ययनको शोधकार्यमा लैङ्गिक भूमिकाको आधारमा विभेद पाइयो । समानताका दृष्टिले हेर्दा महिलाले पनि पढ्नु पर्छ भन्ने प्रोत्साहन दिइएको पाइन्छ । सशक्तीकरणको दृष्टिले महिला सक्रिय पाइएन र परम्परावादी दृष्टिकोणबाट महिलालाई हेर्ने गरेको पाइन्छ । यस शोधपत्र प्रस्तुत शोधकार्यको व्याख्या विश्लेषण गर्न उपयोगी भएकाले यस शोधले थप सहयोग पुऱ्याएको छ ।

भण्डारी (२०७१) द्वारा 'अनुराधा उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । जसमा लैङ्गिक दृष्टिले अनुराधा उपन्यासमा के कस्ता लैङ्गिक चेतना पाइन्छ ? लैङ्गिक दृष्टिले अनुराधा उपन्यासमा प्रयोग भाषा कस्तो छ ? समस्या राखिएको छ भने उद्देश्य अनुराधा उपन्यासको लैङ्गिक चेतना विश्लेषण गर्ने र उक्त उपन्यासको भाषिक अध्ययन गर्नु रहेको छ । यस उन्यासमा अनुराधालाई मुख्य र गतिशील पात्रको रूपमा प्रस्तुत गरिएको छ र अनेक पीडा खपेर बस्दा पनि अन्त्यमा जबरजस्ती विवाह गरिदिन लाग्दा विद्रोह गरेको देखाएर नारी सशक्तीकरणको पक्षमा आवाज उठाइएको पाइन्छ । साथै यस शोधपत्रमा हरेक क्षेत्रमा महिला पुरुष समान भएको र पुरुष प्रवृतिलाई

हावी बनाएको पात्रगत दृष्टिमा महिला र पुरुष लगभग समान रूपमा सहभागी रहेको, साथै पितृसत्तात्मक सोचको विरुद्ध अनुराधाको विद्रोह देखाएर नारी अस्तित्वको लागि र स्वतन्त्रताको लागि विद्रोह गर्न सकिने कुरा देखाइएको र साथै समानताको पक्षमा खासै उपन्यास सफल हुन नसकेको निष्कर्ष, निकालिएको छ । यस शोधकार्यले पनि प्रस्तुत शोधकार्यको निष्कर्ष लेखन कार्यमा विशेष भूमिका निर्वाह गरेको छ ।

सिलवाल (२०७२) द्वारा शान्ति उपन्यासको लैङ्गिक अध्ययन भएको छ । उक्त अध्ययनको उद्देश्यहरूमा शान्ति उपन्यासमा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्नु, शान्ति उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले शान्ति उपन्यासमा रहेको भाषाको मूल्याङ्कन गर्नुमा अध्ययन केन्द्रित रहेको थियो । उक्त शोधकार्यमा लीलाध्वज थापाको शान्ति उपन्यासको लैङ्गिकतामा केन्द्रित रहेको थियो । उक्त अध्ययनमा महिला सशक्तीकरण, लैङ्गिक समता र समानता, लैङ्गिक भूमिका आदिमा केन्द्रित रहेको छ । उक्त अध्ययनमा प्राथमिक स्रोतको रूपमा लीलाध्वज थापाद्वारा लेखिएको उपन्यास शान्ति रहेको छ भने द्वितीय स्रोतको रूपमा लैङ्गिक चेतनासँग सम्बन्धित लेख रचना, अनुसन्धानात्मक शोधपत्र, विभिन्न सम्बन्धित लेख रचना, अनुसन्धानात्मक शोधपत्र, विभिन्न पत्रपत्रिका, नारीवादी समालोचना र पुस्तकहरूबाट सामग्री सङ्कलन गरिएको छ । लैङ्गिक भूमिका हेर्दा उत्पादक, अनुत्पादक, सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक भूमिकामा महिला र पुरुषको समान सहभागिता नभएको पाइन्छ । पात्रगत तुलनामा महिला र पुरुष पात्र समान रहेको देखिन्छ । उक्त अध्ययनमा अधिकांश पात्रहरू पितृसत्तात्मक मानसिकताबाट ग्रसित भएको देखाइएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोधअध्ययनका लागि सैद्धान्तिक आधार निर्माण गर्न सहयोग गरेको छ ।

कार्की (२०७३) द्वारा अर्की आइमाई उपन्यासको लैङ्गिक अध्ययन शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त अध्ययनमा अर्की आइमाई उपन्यासमा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्नु, अर्की आइमाई उपन्यासको लैङ्गिक चेतनाको अध्ययन विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले उपन्यासमा प्रयुक्त भाषा मूल्याङ्कन गर्नु जस्ता उद्देश्य राखिएको छ । अर्की आइमाई उपन्यासमा लैङ्गिकताको सर्वेक्षण गर्दा अर्की आइमाई उपन्यासलाई मात्र आधार बनाई सीमित क्षेत्रमा अध्ययन भएको पाइन्छ । उक्त शोधकार्यमा सामग्री सङ्कलनका लागि पुस्तकालयीय अध्ययनको उपयोग गरिएको पाइन्छ । यस अध्ययनका लागि अर्को आइमाई उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा र लैङ्गिक अध्ययनसँग

सम्बन्धित विभिन्न लेख, रचना, पुस्तक, शोधग्रन्थ, सरकारी एवम् गैरसरकारी संघसंस्थाका प्रतिवेदन आदिलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ । उक्त अध्ययनमा अर्की आइमाई उपन्यासमा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्ने प्रयास गरिएको छ । उक्त अध्ययनको शोधकार्यमा लैङ्गिक भूमिकाका आधारमा हेर्दा महिला र पुरुषको समान सहभागिता नपाइएको र पात्रगत दृष्टिबाट भने समान सहभागिता रहेको पाइन्छ । पुरुषले नारीलाई आफ्नो आवश्यकता अनुसार उपभोग्य वस्तु वा यन्त्र बनाउने प्रवृत्तिप्रति विद्रोह गरेको साथै वैदेशिक रोजगारमा गएका महिला तथा पुरुषहरूले पाएको दुःख, पीडा, शारीरिक, मानसिक यातनालाई राम्रोसँग उतार्न प्रस्तुत उपन्यास सफल रहेको छ भनी निष्कर्ष निकालिएको छ । उक्त शोधको अध्ययन पश्चात् प्रस्तुत शोधमा सामग्री संकलन गर्न सहयोग मिलेको छ ।

धरेल (२०७३) द्वारा 'कालो छायाँ उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । यस अध्ययनमा कालो छायाँ उपन्यासमा लैङ्गिक अवस्था कस्तो रहेको छ ? उक्त उपन्यासमा के कस्तो लैङ्गिक चेतना पाइन्छ ? र लैङ्गिक दृष्टिले कालो छायाँ उपन्यासमा प्रयुक्त भाषा केकस्तो रहेको छ जस्ता समस्याहरू समावेश गरिएको छ । यस अध्ययनले लैङ्गिक असमानता हटाउने, समाज विकासको लागि महिला र पुरुषको समान भूमिका हुने भएकाले महिलालाई पनि मानवीय व्यवहार गर्नुपर्छ भन्ने कुरामा सहयोग पुऱ्याउने अपेक्षा राखिएको पाइन्छ । जसमा कालो छायाँ उपन्यासको लैङ्गिक अवस्थाको पहिचान गर्नु, उक्त उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण गर्नु र लैङ्गिक दृष्टिले कालो छायाँ उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु जस्ता उद्देश्यको निर्धारण गरिएको छ । उक्त शोधपत्रमा उत्पादक, पुनरुत्पादक र सामुदायिक भूमिकाका आधारमा लैङ्गिक अवस्थाको व्याख्या विश्लेषण गरिएको छ । यस अध्ययनले व्याख्या विश्लेषण गर्ने क्रममा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी प्राथमिक र द्वितीयक दुवै स्रोतबाट सामग्री सङ्कलन गरी व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । अध्ययनको निष्कर्षमा महिलालाई आधुनिक दृष्टिकोणबाट नहेरी परम्परावादी दृष्टिकोणबाट हेरेको, पितृसत्तात्मक समाजका अन्धविश्वास, कुसंस्कार, पुरुषले नारीलाई उपभोग्य वस्तु वा रोबर्ट जस्तै यन्त्र बनाउने प्रवृत्तिप्रति खरो विद्रोह गरेको जस्ता कुराहरू प्रस्तुत गरिएको छ । उक्त शोधपत्र प्रस्तुत शोधकार्यका लागि उपयोगी मानिएकाले यसले शोधकार्यको सामग्री सङ्कलन तथा उद्देश्य निर्धारण गर्न सहयोग पुऱ्याएको छ ।

प्रस्तुत चीरहरण उपन्यासको अनुसन्धान गर्दा पूर्वकार्यको पुनरावलोकनको रूपमा सम्बद्ध पुस्तकको पुनरावलोकन र सम्बद्ध शोधपत्रको पुनरावलोकन गरिएको छ । सम्बद्ध पुस्तकको पुनरावलोकन अन्तर्गत मोहनराज शर्माद्वारा लिखित समकालीन समालोचना सिद्धान्त र प्रयोग, राजेन्द्र खनालद्वारा लिखित लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग, ज्ञानु पाण्डेद्वारा लिखित नेपाली उपन्यासमा लैङ्गिकता, बलराम आर्चाद्वारा लिखित लैङ्गिक समाजशास्त्र, भोजेन्द्र अर्यालद्वारा लिखित महिला तथा महिलावादी अध्ययन इत्यादि जस्ता विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूको पुनरावलोकन गरिएको छ । त्यसैगरी सम्बद्ध शोधपत्रको पुनरावलोकन अन्तर्गत लैङ्गिक अध्ययनसँग सम्बन्धित विभिन्न शोधग्रन्थहरूको पुनरावलोकन गरिएको छ । प्रस्तुत चीरहरण उपन्यासको लैङ्गिक अध्ययन शीर्षकमा लेखन कार्य गर्न सहयोग मिलेको छ । चीरहरण उपन्यासको लैङ्गिक अध्ययनबारे अनुसन्धान गर्नका लागि उपर्युक्त शोधपत्र तथा पुस्तकहरूबाट थप सहयोग मिल्ने अपेक्षा गरिएको छ । यसरी सम्बद्ध पुस्तकको पुनरावलोकन र शोधपत्रको पुनरावलोकनले प्रस्तुत चीरहरण उपन्यासको अध्ययन विश्लेषण र सामग्री सङ्कलन गर्नको लागि सहयोग पुऱ्याएको छ ।

## २.२ लैङ्गिक अध्ययनको सैद्धान्तिक प्रारूप

लैङ्गिकताले महिला र पुरुषको सामाजिक, सांस्कृतिक भूमिकालाई प्रस्ट्याउदछ भने लैङ्गिक अध्ययनले महिला र पुरुषबीचको समान एवम् असमान कार्यका सम्बन्धमा अध्ययन गरेको हुन्छ । यसका साथै लैङ्गिक अध्ययनले समाजमा विद्यमान सिर्जना गरिएका हुन् र त्यसलाई कसरी समाधान गर्न सकिन्छ भन्ने कुराको समेत अध्ययन गर्दछ । महिला विरुद्धका हिंसा, अन्याय अत्याचार, दमन, शोषण, उत्पीडन, पितृसत्ता, लैङ्गिक समानता र समता, सशक्तीकरण, बलात्कार आदि सम्बन्धमा विस्तृत रूपमा अध्ययन लैङ्गिक अध्ययन अन्तर्गत गरिन्छ । लैङ्गिक अध्ययनले महिलाको सामाजिक तथा सांस्कृतिक लगायत अन्य स्थान पुरुषका भन्दा कम, निम्न छ भने त्यसको कारण खोज्दै पुरुषसरह महिलाको हैसियत बढाउन विभिन्न नीति तथा कार्यक्रमलाई समतामूलक अध्ययन हो ।

समाजमा परम्परादेखि विकसित हुँदै आएका लैङ्गिक सामाजिकीकरणका बारेमा अध्ययन गर्नाका साथै विभिन्न समाज र संस्कृतिहरू बीच रहेको लैङ्गिक सम्बन्ध, अन्तरक्रिया, विभेद तथा वस्तुस्थितिका बारेमा अध्ययन गर्ने विषय नै लैङ्गिक अध्ययन हो । सामाजिक जीवनका आर्थिक, सामाजिक, राजनैतिक तथा शैक्षिक पक्षमा महिलाहरूको

अवस्था, पहुँच र सम्बन्ध के कति ? किन यस्तो विभेद समाजैपिच्छे घटीबढी छ ? कुन कुन पक्ष महिला विकासका लागि बढी बाधक छन् ? त्यस्ता बाधक पक्षसँग जोडिएका सामाजिक सांस्कृतिक व्यवस्था भित्रका कुन कुन पक्ष बढी जिम्मेवार छन् भन्ने यावत पक्षहरूको अध्ययन गर्ने विज्ञान वा विषय नै लैङ्गिक अध्ययन हो ।

### २.२.१ **लैङ्गिकताको परिचय**

लैङ्गिकतालाई अङ्ग्रेजीमा जेन्डर (Gender) भनिन्छ । यो अङ्ग्रेजी शब्द gender को नेपाली रूपान्तरण हो । जसको अर्थ Kind, Rype वा sort भन्ने हुन्छ । लैङ्गिकतालाई समाजले महिला र पुरुषबीचको सामाजिक, सांस्कृतिक भूमिकाको आधारमा छुटयाइन्छ । लैङ्गिकता कुनै पनि समाजको लैङ्गिक तथा सांस्कृतिक वस्तुस्थितिको अध्ययन गर्दा प्रयोगमा आउने एउटा त्यस्तो शब्द हो, जसले मानिसमा हुने जैविक भिन्नतालाई नभई सामाजिक भिन्नतालाई जनाउँछ (पाण्डे, २०६९ : २) । लैङ्गिकता सामाजिक परिचय हो । समाजले महिला र पुरषलाई दिएको भूमिका सम्बन्ध नै लैङ्गिकता हो । सामाजिक आर्थिक, धार्मिक र राजनीतिक परिवर्तन सँगसँगै समाजमा महिला र पुरुषको भूमिका र सम्बन्ध परिवर्तन भइरहन्छ । पुरुषको काम बाहिर र महिलाको घरभित्र गर्ने सहकार्यले समाज अगाडि बढेको छ । यसै अनुसार कामको बाँडफाँड पनि गर्ने जस्तै साहसी, बलियो, निर्णय लिन सक्ने काममा पुरुष र लज्जालु, कोमल, ममता र घरमा दक्ष महिलालाई भूमिका बाँडिएको छ ।

लैङगिकताले संस्कृतिसँग सम्बन्धित पुरुषत्व र नारीत्वका धारणालाई सङ्केत गर्दछ जुन समाज निर्मित हुन्छ । लैङ्गिकता भनेको समाज र संस्कृतिबाट निर्मित पुरुष र महिलाबीचको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक तथा मनोवैज्ञानिक भूमिका र उनीहरूको अवस्था हो (खनाल, २०७५ : १) । प्रकृतिले बनाएको जैविक भिन्नता बाहेक समाजले महिला र पुरुषको बीचमा अर्को भिन्नता बनाएको छ । महिला र पुरुषबीच समाजले बनाएको यो भिन्नतालाई लैङ्गिकता भनिन्छ । समाजले महिला र पुरुषलाई कृत्रिम रूपमा विभाजन गरेको छ । त्यही विभाजनको विभाजन अथवा उनीहरूको समाजमा निर्वाह गर्ने भूमिकालाई पनि तोकिएको हुन्छ । उदाहरणको लागि महिलाले घर धन्दा गर्नुपर्दछ । र पुरुषले घर बाहिरको खेती, नोकरी वा व्यापार गर्नुपर्दछ । लैङ्गिकताले महिला र पुरुषको सामाजिक तथा सांस्कृतिक परिभाषाको बोध गराउँछ । समाजले महिला र पुरुषलाई कस्तो

प्रकारको भूमिका, अधिकार, स्रोत साधन दिन्छ र उनीहरूलाई कस्तो किसिमको व्यवहार तथा मानसिकताको विकास गर्न सिकाउँछ, त्यसको बोध गर्नु लैङ्गिकताको अर्थ हो (भाषीन, सन, २०० : १) । यसरी महिला र पुरुषको शारीरिक, भूमिका तथा विशेषता नभई तिनको सामाजिक सांस्कृतिक भूमिकाको बोध गराउनु नै लैङ्गिकता हो ।

लैङ्गिक अध्ययनको विकास सन् १९८० को दशकमा भएको छ । समाजमा लिङ्ग, वर्ग तथा सामाजिक सांस्कृतिक रूपमा परम्परादेखि रहँदै आएको महिला र पुरुषबीचको विभेदले समतामा आधारित र समाजको निर्माण हुन नसकेको तथा विकासमा महिलाहरू निकै पछि परेका तथ्यालाई महसुस गरी शैक्षिक तहमा लैङ्गिक अध्ययनको आवश्यकता ठानियो (आर्चाय, २०६१ : ७) । लैङ्गिक अध्ययन यस्तो विषय हो जसले महिला विकासमा बाधकका रूपमा रहेका मुद्दाहरूलाई अध्ययनको विषय बनाई अन्तर विषयगत व्याख्याका आधारमा लैङ्गिक विभेदका विविध पक्षमा केन्द्रित रही अध्ययन गर्दछ । वास्तवमा लैङ्गिक अध्ययनले महिला र पुरुषबीच रहेका विभिन्न लैङ्गिक सम्बन्ध र त्यसबाट सिर्जित विभेद, दमन, शोषण, उत्पीडन आदि पक्षहरूसँग जाडिएका विषयहरूमा केन्द्रित रही अध्ययन विश्लेषण गर्दछ ।

लैङ्गिक शब्द महिला र पुरुषको सामाजिकीकरण प्रक्रियासँग सम्बन्धित रहेको हुन्छ । महिला र पुरुषको सम्बन्धमा जन्मदेखि मृत्युसम्म समाजले बनाएको धारणा, मान्यता, भूमिका र अन्तरसम्बन्धलाई लैङ्गिकता भनिन्छ । त्यसैले महिला र पुरुषले गर्ने सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक र राजनैतिक भूमिकालाई लैङ्गिकता भनिन्छ । लैङ्गिकता एउटा त्यस्तो सामाजिक धारणा हो, जसले लैङ्गिक कार्य र भूमिकाको भिन्नतालाई प्रस्ट्याउछ । हरेक समाजले लैङ्गिकता अनुसारको भिन्न भिन्न प्रकृतिको कार्यका अपेक्षा गरेको हुन्छ । जस्तै महिलाहरूले सन्तान उत्पादन गरी बालबच्चाको स्याहार सुसार गर्दछन् । भने पुरुषहरूले परिवारको आवश्यकता परिपूर्तिका लागि व्यापार व्यावसाय तथा नोकरीमा संलग्न हुने र सामाजिक कार्यहरूमा संलग्न हुने जस्ता भूमिका निर्वाह गर्दछन् । यसरी समाजद्वारा निर्मित महिला र पुरुषको सामाजिक र सांस्कृतिक भूमिका नै लैङ्गिकता हो जुन प्राकृतिक नभई समाजले कृत्रिम रूपमा निर्धारण गरिएको हुन्छ ।

### २.२.२ **प्राकृतिक लिङ्ग (सेक्स)**

सामान्यतया महिला र पुरुषबीचमा भिन्नता छुट्याउने जन्मजात अङ्गलाई लिङ्ग (सेक्स) भनिन्छ । लिङ्ग (सेक्स) ले महिला र पुरुषको प्राकृतिक संरचनालाई बुझाउँछ । जसलाई प्राकृतिक लिङ्ग (सेक्स) भनिन्छ । यो जैविक विशेषतासँग सम्बन्धित रहेको छ । जैविक संरचनाले पुरुषको लिङ्ग र महिलाको योनिलाई संकेत गर्दछ । महिला र पुरुषको शरीरमा धेरै समानता भएता पनि प्रकृतिले महिला र पुरुषलाई शरीरको केही अंगहरूको बनावटको हिसाबले बेग्लाबेग्लै बनाइदिएको छ । यो जैविक भिन्नतालाई लिङ्ग वा प्राकृतिक लिङ्ग (सेक्स) भनिन्छ । लिङ्ग व्यक्तिको प्राकृतिक पहिचान हो । यो पहिचानले व्यक्ति या त पुरुष या त महिला हुन्छ । व्यक्तिहरूमा रहेका मौलिक जैविकीय विभिन्नताहरूको आधारमा व्यक्तिलाई जब छुट्टाइन्छ भने त्यसलाई हामी लिङ्ग वा प्राकृतिक लिङ्ग (सेक्स) भन्दछौँ (आचार्य, २०७४: २) । लिङ्गकै आधारमा व्यक्तिलाई महिला र पुरुष भनि छुट्टाइन्छ । जुन विशेषता जन्मजात रूपमा आएको हुन्छ । व्यक्तिलाई जन्मने वित्तिकै महिला वा पुरुष भनी लिङ्गका आधारमा छुट्टाइन्छ । यो प्रत्येक समाजमा जुनसुकै व्यक्तिले सजिलै छुट्याउन सक्ने विश्वव्यापी आधार पनि हो ।

लिङ्ग (सेक्स) व्यक्तिको जैविक वास्ताविकता हो । यसले महिला वा पुरुषको प्राकृतिक संरचनालाई जनाउँछ (पाण्डे, २०६९ : ८) । जैविक विशेषताहरूका आधारमा भन्नुपर्दा महिला भन्नाले योनि भएको महिनावारी हुने, डिम्ब उत्पादन गर्न सक्ने, क्रोमोजोम हुने, गर्भधारण गर्न सक्ने, बच्चा जन्माउन सक्ने बच्चालाई स्तनपान गराउन सक्ने जस्ता शारीरिक र जैविक विशेषतायुक्त मान्छे भन्ने बुझिन्छ । त्यसैगरी पुरुष भन्नाले लिङ्ग र अण्डकोष हुने, दाह्री, जुंगा उम्रने शुक्रकीट उत्पादन गर्ने, XY क्रोमोजोम हुने आदि जैविक विशेषतायुक्त मान्छे भन्ने बुझिन्छ (पाण्डे, २०६९ : ९) । लिङ्गले महिला र पुरुषको प्राकृतिक संरचना बुझाउँछ । यो स्थिर, प्राकृत र नैसर्गिक हुन्छ । जुन जन्मसिद्ध, अपरिवर्तनीय, सर्वव्यापी, जैविक र विश्वसनीय रहेको हुन्छ । लिङ्गको संरचनालाईं हेरेर महिला र पुरुष हो भनी निर्धारण गरिन्छ । लिङ्गको आधारमा महिला र पुरुषको विशेषताहरू यस प्रकार रहेका छन् :

तालिका नं. १

लिङ्गको आधारमा महिला र पुरुषको विशेषता

| महिला | पुरुष |
|---|---|
| • बच्चा जन्माउन सक्ने | • बच्चा जन्माउन नसक्ने |
| • गर्भधारण गर्न सक्ने | • गर्भधारण गर्न नसक्ने |
| • दाह्री जुंगा र छातीमा रौं नहुने | • दाह्री जुंगा र छातीमा रौं हुने |
| • वक्ष हुने र वच्चालाई स्नतपान गराउन सक्ने | • स्तन नहुने र स्तनपान गराउन नसक्ने |
| • शारीरिक वनावटमा लिङ्ग नभई योनी हुने | • शारीरिक बनावटमा लिङ्ग हुने |
| • रुद्रघन्टी नहुने | • रुद्र घन्टी हुने |
| • शुक्रकीट उत्पादन नगर्ने | • शुक्रकीट उत्पादन गर्ने |
| • विशिष्ट शारीरिक गुणहरू जस्तो Femaleness, Feminity Uterus, ovaries XX chrowosome आदि रहनु | • विशिष्ट शारीरिक गुणहरू जस्तो : Maleness, Masculinity, Prostate, Tests, XY chyromosoe आदि रहनु |

(स्रोत : आचार्य, २०७४ : २)

माथि उल्लिखित तालिका अनुसार महिला र पुरुषबीचमा धेरै मात्रामा शारीरिक समानता भए तापनि केही शारीरिक गुणहरू फरक फरक भएका कारण उनीहरूको शारीरिक परिचय पनि फरक नै हुन्छ । महिला र पुरुषको शारीरिक परिचय नै लिङ्ग (सेक्स) हो ।

### २.२.३ सामाजिक लिङ्ग (जेन्डर)

प्रकृतिकले बनाएको जैविक भिन्नताबाहेक समाजले महिला र पुरुषको बीचमा अर्को भिन्नता पनि बनाएको छ । महिला र पुरुषबीच समाजले बनाएको यो भिन्नतालाई

सामाजिक लिङ्ग (जेन्डर) भनिन्छ । जुन भिन्नता सामाजिक, सांस्कृतिक, शैक्षिक रूपमा निर्धारण गरिएको हुन्छ । समाजले नै सिर्जना गरेको हुनाले यस्ता लिङ्गलाई सामाजिक लिङ्ग (जेन्डर) भनिन्छ । समाजले महिला र पुरुषलाई कृत्रिम रूपमा विभाजन गरेको छ । सामाजिक लिङ्ग (जेन्डर) भन्नाले समाजले महिला र पुरुषलाई दिएको भूमिकालाई जनाउँछ । जुन समाजैपिच्छे फरक फरक र परिवर्तनशील हुन्छ । महिला पुरुषबीच सामाजिक लिङ्ग कुनै प्राकृतिक विभेद नभई समाजले सिर्जना गरेका भिन्नता हो जसलाई समतामा लैजान सकिन्छ । यो सामाजिक सम्बन्धमा आधारित छ (आचार्य, २०७४ : ५) । सामाजिक लिङ्ग समाजको सामाजिकीकरण प्रक्रियामा निर्धारित हुन्छ । यो परिवर्तनशील, समय र समाज, सन्दर्भअनुसार महिला र पुरुषको भूमिका फरक फरक हुन्छ । समाजले कृत्रिम रूपमा महिला र पुरुषको सामाजिक सांस्कृतिक भूमिकाको निर्धारण गरिएको हुन्छ । जसलाई सामाजिक लिङ्ग (जेन्डर) भनिन्छ । सामाजिक सांस्कृतिक पृष्ठभूमि, प्रचलनबाट नै सामाजिक लिङ्ग कार्य तथा भूमिकाको आधारमा व्यक्तिलाई छुट्याइन्छ ।

जेन्डर भनेको समाज र संस्कृतिबाट निर्मित पुरुष र महिलाबीचको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक तथा मनोवैज्ञानिक भूमिका र उनीहरूको अवस्था हो । ( खनाल, २०७५ : १) । जेन्डर शब्द महिला र पुरुषको सामाजिकीकरण प्रक्रियासँग सम्बन्धित रहेको छ । महिला र पुरुषका सम्बन्धमा जन्मदेखि नमरुजेलसम्म समाजले बनाएको धारणा मान्यता, भूमिका र अन्तरसम्बन्धलाई सामाजिक लिङ्ग (जेन्डर) भनिन्छ । जेन्डर एउटा त्यस्तो सामाजिक धारणा हो जसले लैङ्गिक कार्य र भूमिकाको भिन्नतालाई प्रस्ट्याउँछ ।

विश्वभरि नै प्रत्येक समाजले उक्त समाजमा रहेका महिला र पुरुषले निर्वाह गर्नुपर्ने भूमिकालाई प्रस्ट रूपले छुटयाइदिएको छ । जुन फरक फरक हुन्छ । सामाजिक लिङ्ग नितान्त सामाजिक सांस्कृतिक व्यवस्थाबाट निर्धारण हुन्छ । समाजले नै महिला र पुरुषलाई कार्य विभाजन पद तथा भूमिकाको निर्धारण गरेको हुन्छ । त्यसैले यो प्राकृतिक वा जैविकीय विशेषता नभई सामाजिक सांस्कृतिक विशेषता हो । यसले महिला र पुरुषले के गर्दछन्, के अनुभव गर्दछन्, समाजमा तिनीहरूको सम्बन्ध र भूमिका के कस्तो छ भन्ने बुझाउँछ (अर्याल, २०६८ : ३) । समाजले महिला र पुरुषले गर्ने भूमिकाको अपेक्षा गरेको हुन्छ । जुन भूमिका महिला र पुरुष दुवैको फरक फरक खालको हुन्छ । यसरी समाजद्वारा निर्मित महिला र पुरुषको सामाजिक, सांस्कृतिक भूमिका नै सामाजिक लिङ्ग (जेन्डर) हो । जुन प्राकृतिक रूपमा नभई कृत्रिम रूपमा समाजले निर्धारण गरिएको हुन्छ । हाम्रो नेपाली समाज तथा

सांस्कृतिक रूपमा पुरुष र महिलासँग परम्परागत रूपमा जोडिएर आउने केही व्यवहार निम्नअनुसार छन् :

तालिका नं. २

सांस्कृतिक रूपमा पुरुष र महिलासँगको परम्परागत भिन्नता

| पुरुष | महिला |
|---|---|
| सक्रिय | निष्क्रिय |
| आक्रमक | सहजता |
| विवेकी | सहनशील |
| बलियो | अधिनस्थ |
| स्वतन्त्र | भावनात्मक |
| दृढ र कडा स्वभाव | कमजोर |
| प्रभुत्वशाली | नरम र उदार स्वभाव |
| तथ्याङ्क | कलात्मक |
| यान्त्रिकता | समन्वयात्मक |
| संस्कृत | प्राकृत |
| निर्णयात्मक | सहायक |

(चौलागाई र अन्य २०६६: ३)

माथि उल्लिखित तालिकाका आधारमा विश्लेषण गर्दा कुनै पनि समाजमा परम्परा, संस्कृतिक, मूल्य मान्यताका रूपमा महिला र पुरुषबाट केही व्यवहार तथा भूमिकाका अपेक्षा राखेको हुन्छ भने यस्ता व्यवहारहरू सामाजिक तथा सांस्कृतिक रूपले निर्माण हुने गर्दछन् तापनि हाम्रो समाजमा यस्ता व्यवहारहरू पनि जन्मजात मै निर्धारण हुन्छ भन्ने भ्रम अद्यावधिक पाइन्छ ।

### २.२.४ लैङ्गिकताको परिभाषा

लैङ्गिकताका बारेमा विभिन्न विद्वानहरूले विभिन्न समयमा अध्ययन गरेका छन् । यसै क्रममा विद्वानहरूले लैङ्गिकता सम्बन्धी विभिन्न विचारहरू प्रस्तुत गरेका छन् । यसरी विद्वानहरूले व्यक्त गरेका विचारहरूलाई पाण्डे (२०६९) ले आफ्ना पुस्तकमा समावेश गरेका छन् । जसमा लैङ्गिकता कुनै पनि समाजको लैङ्गिक तथा सांस्कृतिक वस्तुस्थितिको अध्ययन गर्दा प्रयोगमा आउने एउटा त्यस्तो शब्द हो जसले मानिसमा हुने जैविक भिन्नतालाई नभई सामाजिक भिन्नतालाई जनाउँछ भन्ने कुरा उल्लेख गरेका छन् त्यसैगरी जुलिया क्लिम्स मोसीले लैङ्गिकता भनेको भूमिकाहरूको 'सेट' हो , जसले वस्त्रले झैं रङगमञ्चमा लगाइने मखुण्डोले झै अरू मानिसलाई हामी स्त्रीलिङगी हौं, हामी पुलिङ्गी हौं भन्ने अर्थ बताउँछ । यस सेटभित्र अपेक्षित व्यवहारका विशेषताहरू छुट्याइएका हुन्छ्न । जुनभित्र हाम्रो मुखाकृति, वस्त्र- पहिरन, प्रकृति, व्यक्तित्व, घरभित्र र वाहिरका कर्महरू, यौनिकता, परिवार, तिनीहरूको बीचको सञ्चार जस्ता कुरा हुन्छन्, जसले हाम्रो लैङ्गिकतालाई परिभाषित गरेका छन् । खनाल (२०७५) ले लैङ्गिकता भनेको समाज र संस्कृतिबाट निर्मित पुरुष र महिलाबीचको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक तथा मनोवैज्ञानिक भूमिका र उनीहरूको अवस्था हो भनेर परिभाषित गरेका छन् । त्यस्तै कमला भासीनले लैङ्गिकताले महिला र पुरुषको सामाजिक तथा सांस्कृतिक परिभाषाको बोध गराउँछ । समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका, अधिकार, स्रोत साधन दिन्छ र उनीहरूलाई कस्तो किसिमको व्यवहार तथा मानसिकताको विकास गर्न सिकाउँछ, त्यसको बोध गर्नु नै लैङ्गिकताको अर्थ हो भनी परिभाषित गरेकी छन् । जेन्डरले महिला र पुरुषसँग सम्बन्धित सामाजिक रूपमा संरचित भूमिकाहरू, सामाजिक रूपमा सिकिने व्यवहार र अपेक्षाहरूलाई बुझाउँछ । भनेर विश्व बैंकले लैङ्गिकतालाई परिभाषित गरेको छ । इन्साइक्लोपिडिया ब्रिटानिकाका अनुसार लैङ्गिकता एक व्यक्तिको आफू नर वा नारी हुँ भन्ने आत्मिक चेतना वा निजी धारणा  हो । जुन अवधारणा वास्तविक जीव वैज्ञानिक लिङ्ग निर्धारण भन्दा फरक हुन्छ भनेका छन् । उल्लिखित परिभाषाहरूलाई समेटेर भन्नुपर्दा महिला र पुरुषको शारीरिक भूमिका तथा विशेषता नभई तिनको सामाजिक सांस्कृतिक भूमिका र विशेषताको बोध गराउनु नै लैङ्गिकता हो । जुन समाजले सिर्जना गरेको हुन्छ ।

### २.२.५ लैङ्गिक अध्ययनको क्षेत्र

लैङ्गिक अध्ययनले महिला र पुरुषमध्ये कुनै एक वा व्यक्तिगत तहमा रहेको भूमिकालाई मात्र नहेरी सामाजिक संस्थाहरू वर्षा, तहमा रहेको भूमिकालाई मात्र नहेरी सामाजिक संस्थाहरू वर्ग, संगठन, पेसा, समुदायक आदिमा विद्यमान लैङ्गिक अभ्यासको अध्ययन गर्दछ (चौलागाई र अन्य, २०६० : ६) । महिला र पुरुषको जैविक र सामाजिक, सांस्कृतिक भूमिकामा केन्द्रित रहेर गरिने अध्ययनलाई लैङ्गिक अध्ययन भनिन्छ । लैङ्गिक अध्ययन एउटा स्वतन्त्र र छुट्टै विधा हो । जसले लैङ्गिकसँग सम्बन्धित विभिन्न पक्षको अध्ययनमा जोड दिन्छ । यसरी हेर्दा लैङ्गिक अध्ययन एउटा व्यापक क्षेत्र बोकेको विषय हो ।

लैङ्गिक अध्ययनका विभिन्न क्षेत्रहरू छन् । महिला पुरुष बिच रहेका विभिन्न लैङ्गिक सम्बन्ध र त्यसबाट सिर्जित विभेद, दमनका पक्षहरू पनि लैङ्गिक अध्ययनकै क्षेत्र हुन् । त्यसैगरी पितृसत्ता र लैङ्गिक सम्बन्ध र विभेदका पक्षसँग जोडिएका पक्षहरूलाई पनि लैङ्गिक अध्ययनकै क्षेत्र मानिन्छ । यसै गरी लैङ्गिक सम्बन्ध, तिनको पहुँच र अन्तर समुदायमा लैङ्गिक सम्बन्धसँग जोडिएका पक्षहरूलाई पनि लैङ्गिक अध्ययनकै क्षेत्रभित्र राखिन्छ । त्यस्तै लैङ्गिक सामाजिकीकरणसँग जोडिएका पक्षहरू, महिला र पुरुषप्रति रहेको समाजको मान्यतासँग जोडिएका पक्षहरू, विभिन्न, जात, धर्म, संस्कृतिमा रहेको लैङ्गिक सम्बन्धसँग जोडिएका विषयहरू, परिवार, नाता, विवाह लगायतका सामाजिक संस्थामा रहेका लैङ्गिक सम्बन्धका बारेमा जोडिएका पक्षहरू, लैङ्गिक व्याख्यासँग जोडिएका सिद्धान्त, दर्शन र अवधारणाहरू महिला सशक्तीकरण र लैङ्गिक समताका पक्षसँग जोडिएका विषयहरू जस्ता आदि सबै लैङ्गिक अध्ययनका क्षेत्र हुन् । साथै समाजको सर्वाङ्गीण विकाससँग जाडिएका लैङ्गिक सवालहरू र महिला आन्दोलनका विविध पक्षहरूसँग जोडिएका विषयवस्तुलाई पनि लैङ्गिक अध्ययनको क्षेत्र मानिन्छ ।

समग्रमा हेर्दा लैङ्गिक अध्ययन लैङ्गिकतासँग सम्बन्धित विभिन्न विषयहरूको अध्ययन गर्दाछ । र ती विषयवस्तु नै लैङ्गिक अध्ययनको क्षेत्र हो भन्ने बुझिन्छ । यसरी हेर्दा लैङ्गिक अध्ययन एउटा व्यापक क्षेत्र बोकेको विषय हो । जसले लैङ्गिकसँग जोडिएका सम्पूर्ण पक्षको अध्ययन गर्दछ ।

### २.२.६ लैङ्गिक अध्ययनका आधारभूत मान्यताहरू

लैङ्गिक अध्ययनको आफ्नै मान्यताहरू रहेको छ । यसले छुट्टै मान्यता स्थापित गरेको छ। त्यसैले यो एक विशिष्ट विषय हो ।

लैङ्गिक अध्ययनको विभिन्न मान्यताहरू रहेको छ । लिङ्ग प्राकृतिक र सामाजिक रूपमा संरचित हुन्छ भन्नु यसको प्रमुख मान्यता हो र माहिला शोषणको प्रमुख स्रोतको रूपमा पितृसत्तालाई मानिनु यसको अर्को महत्त्वपूर्ण मान्यता हो । त्यसैगरी लैङ्गिकता सामाजिक र सांस्कृतिक तथा सामाजिक संस्थाहरू वर्ग, संगठन, पेसा, समुदाय आदिसँग सम्बन्धित अवस्थाहरूसँग सम्बिन्धित हुन्छ भन्नु पनि लैङ्गिक अध्ययनकै मान्यता मानिन्छ । लैङ्गिकताको विकास व्यक्तिको जन्मसँगै हुन्छ, लैङ्गिकता समाज, समय र परिस्थिति अनुसार भिन्न भिन्न हुन्छ, सामाजिक अवसर असमान हुनुको मुख्य कारण लैङ्गिकता नै हो आदि मान्यताहरू लैङ्गिक अध्ययनको आधारभूत मान्यताहरू हुन् । यी नै मान्यताहरूको आधारमा नै लैङ्गिक अध्ययनले लैङ्गिकताको अध्ययन विश्लेषण गर्दछ ।

लैङ्गिक अध्ययन एक व्यवस्थित सामाजिक अध्ययन हो । यस्तो महिला र पुरुषको सामाजिक सांस्कृतिक भूमिकाको अध्ययन विश्लेषण गर्दछ । समाजमा महिला र पुरुषबीच रहेका असमानताको विश्लेषण गर्ने कार्य लैङ्गिक अध्ययनले गर्दछ । समाजमा परम्परादेखि विकसित हुँदै आएका लैङ्गिक सामाजिकीकरणका बारेमा अध्ययन गर्नाका साथै विभिन्न समाज र संस्कृतिहरूबीच रहेका लैङ्गिक सम्बन्ध, अन्तरक्रिया, विभेद तथा वस्तुस्थितिको बारेमा अध्ययन गर्ने विषय लैङ्गिक अध्ययन हो (आचार्य, २०७४: १३) । लैङ्गिक अध्ययन एक सामाजिकीकरण प्रक्रिया हो । यसले समाजमा महिला र पुरुषबीचको सामाजिकीकरण प्रक्रियाको अध्ययन गर्दछ । यसले सामाजिक संस्थाहरू वर्ग, संगठन, पेसा, समुदाय आदिमा विद्यमान लैङ्गिक अवस्थाको अध्ययन गर्दछ । नारी र पुरुषबीचका समाज निर्मित अध्ययनका केन्द्र हुन (लुइटेल, २००८ : ४६) ।

समग्रमा लैङ्गिक अध्ययनले महिला र पुरुषको कुनै एक पक्षको मात्र अध्ययन नभई महिला पुरुष दुवै पक्षको अध्ययनलाई अन्तरसम्बन्धित गरी अध्ययन गर्दछ । यसले महिला र पुरुषबीच रहेको असमानताको खोजी गरी जुनसुकै क्षेत्रमा पनि महिला र पुरुषको समान सहभागिता हुनु पर्दछ भन्ने मान्यतामा जोड दिन्छ ।

### २.२.७ लैङ्गिकताका विशेषताहरू

समाजले भूमिकाको आधारमा महिला र पुरुष भनी छुटाइन्छ, जसलाई लैङ्गिकता भनिन्छ । जुन कृत्रिम रूपमा रहेको हुन्छ । समाजमा महिला र पुरषले गर्ने कार्य भूमिकाको आधारमा भिन्नता छुट्याउँछ । लैङ्गिकता एक परम्परागत चरित्र हो । जुन समय र परिस्थिति अनुसार परिवर्तन हुन्छ र समाजैपिच्छे फरक फरक हुन्छ । यहि नै लैङ्गिकताको प्रमुख विशेषता हो ।

लैङ्गिकता पितृसात्मक समाजबाट विकास भएको एक सामाजिकीकरण प्रक्रिया हो । जसमा सामाजिक सांस्कृतिक कार्यहरूमा महिला र पुरुषले गर्ने भूमिकालाई निर्धारण गरिन्छ । यसको अर्को विशेषता भनेको यो महिला र पुरुषसँग मात्र सम्बन्धित नभई समग्र समाजको विकाससँग सम्बन्धित हुन्छ । यसर्थ लैङ्गिकता समाजमा महिलाको विकासको कुरा महिलासँग मात्र सम्बन्धित नभई पुरुषसँग पनि त्यत्ति कै सम्बन्धित छ । लैङ्गिकताले महिला र पुरुषको जैविकीय भिन्नतालाई नभई सामाजिक भिन्नतालाई छुट्याउने कार्य गर्दछ । यसले लैङ्गिक सम्बन्धका विविध पक्षका अध्ययन गर्नु मुख्य विशेषता हो । यसले महिला वा पुरुष कुनै पनि एक पक्षको मात्र अध्ययन नभई कुनै पक्षको अध्ययनलाई अन्तर सम्बन्धित गरी अध्ययनमा जोड दिन्छ । खासगरी लैङ्गिकताले सामाजिक लिङ्ग निर्माणको प्रक्रियालाई विशेष जोड दिछ ।

### २.२.८ लैङ्गिक भूमिका

समाजले महिला र पुरुषलाई कृत्रिम रूपमा विभाजन गरेको छ । त्यही विभाजनको आधारमा समाजले महिला र पुरुषको कार्य विभाजन अथवा उनीहरूको समाजमा निर्वाह गर्ने भूमिका पनि तोकिदिएको हुन्छ । उदाहरणको लागि महिलाले घर धन्दा गर्नुपर्दछ र पुरुषले नोकरी वा व्यापार गर्नुपर्छ । महिलाले नै बच्चाको हेरचाह गर्नुपर्दछ, खाना पकाउनुपर्दछ, भाँडा माझ्नु पर्दछ र पुरुषले भने बाहिरबाट कमाएर ल्याउनुपर्छ, सभा भेलामा जानुपर्छ, घर व्यवहार मिलाउनुपर्छ आदि । हाम्रो पुरुषप्रधान समाजले महिलाका लागि कतिपय व्यहार गर्नमा बन्देज लगाएको हुन्छ । जस्तै : छोरी मान्छे धेरै हाँस्न हुन्न, धेरै पुरुषहरूसँग बोल्न हुन्न, घरबाहिर धेरै घुम्न हुन्न आदि ।

महिला र पुरुषले गर्नुपर्ने भनेका यस्ता कामहरू प्रकृति सम्मत छैनन् । सबै थरिका कार्यहरू महिला र पुरुष दुवैले गर्न सक्छन् । यो कार्य विभाजन त समाजले गरेको हो । पुरुष

र महिलाले गर्नुपर्ने भनी समाजले तोकिदिएको यो कार्य विभाजनलाई नै लैङ्गिक भूमिका भनिन्छ (विष्ट र जोशी, २०६८: १०१) । समयसँगसँगै यस्ता लैङ्गिक भूमिका परिवर्तन हुँदै जान्छन् । सामाजिक, सांस्कृतिक एकाइहरूले यी पुरुषले गर्ने यी महिललो गर्ने भनी निर्धारण गरेका कार्य तथा भूमिका नै लैङ्गिक भूमिका हुन् । समाजले निर्धारण गरेको लैङ्गिक भूमिकालाई निम्न अनुसार उल्लेख गरिन्छ ।

**२.२.८.१ उत्पादक भूमिका**

कुनै पनि कार्य गरे पश्चात् प्राप्त प्रतिफललाई उत्पादक भूमिका भनिन्छ । यस अन्तर्गत खेतीमा काम गरेर अन्न उत्पादन, जागिर वा पेसा व्यापारबाट आर्थिक आर्जन गर्ने आीद पर्दछन् । यी कार्यहरूको उत्पादकत्व हुन्छ । यिनीहरूको आर्थिक महत्त्व हुन्छ । परिवार चलाउनका लागि दैनिक रूपमा आवश्यक पर्ने तरकारी, फलफूल आदि उब्जाउनुका साथसाथै दैनन्दिन खपत हुने उपयोग्य सामानको उत्पादन गरेर महिलाहरूको परिवार चलाउनका निम्ति आम्दानी गर्ने काम पनि गरिरहेका हुन्छन् तर महिलाहरूले गर्ने ती कामलाई आर्थिक रूपले उत्पादक मानिँदैन (पाण्डे, २०६९: २२) । महिला र पुरुष दुवैले यस्ता प्रकृतिका कार्य गरे तापनि, विश्वव्यापी रूपमा नै यी भूमिकाहरूमा पुरुषहरूको बाहुल्यता पाइन्छ ।

**२.२.८.२ पुनरुत्पादक भूमिका**

पुनरुत्पादक भूमिकालाई अनुत्पादक भूमिका पनि भनिन्छ । जसमा कार्य पश्चात तत्काल वा प्रत्यक्ष आर्थिक लाभ प्राप्त गर्न सकिदैन । जस्तै : खाना पकाउने, बच्चा जन्माउने, हुर्काउने, परिवारका सदस्यहरूको स्याहार गर्ने, दाउरा घाँस, लुगा धुने आदि कार्यलाई यस भूमिकामा समावेश गरेको हुन्छ । यिनै कार्यलाई उत्पादनशील कार्यका रूपमा गणना गरिएको हुँदैन । प्रायः जसो यस्ता प्रकारका कार्यहरू महिलाहरूले गर्ने गर्दछन् । बालबच्चा जन्माउनु, तिनको स्याहार गर्नु, घरभित्रको भान्छाको काम गर्नु, वस्तु भाउको स्याहार, संभारको काम तथा, कुटानी पिसानी अन्तर्गतको कार्यहरू यस अन्तर्गत पर्दछन् । यस्ता उत्पादन सहयोगी कार्यमा समुदायमा अथवा परिवारमा महिलाको संलग्नता निकै बढी छ (आचार्य, २०७४, २६४) । परिणाम स्वरूप महिलाहरू बढी समय काममा संलग्न भएर पनि स्रोत माथिको पहुँच र नियन्त्रणबाट बाहिर रहन्छन् ।

### २.२.८.३ सामुदायिक भूमिका

शक्ति र पहुँचको प्रयोगबाट समुदायमा गरिने कार्यहरू यस भूमिका अन्तर्गत पर्दछन् । यस्ता कार्यहरू आर्थिक र सामाजिक उन्नतिसँग गाँसिएको हुन्छ । जस्तै : सामाजिक, सांस्कृतिक, राजनैतिक वा सामुदायिक प्रतिष्ठा प्राप्त गर्ने कार्य, आपसी सहयोग तथा सम्बन्ध बढाउने कार्य, समाजको भलाई र प्रगति हुने कार्य, राजनीतिक नेतृत्व गर्ने कार्य आदि कार्यहरू सामुदायिक भूमिका अन्तर्गत पर्दछन् (खनाल, २०७५ : २७) । सामुदायिक स्तरमा गरिने सामाजिक, सांस्कृतिक तथा धार्मिक क्रियाकलापहरू जस्तै पुजापाठ, प्रवचन तथा भोज भतेर सञ्चालन, धारा कुला कुलेसाको सञ्चालन तथा मर्मत संभारका कार्यहरू यस अन्तर्गत पर्दछन् । यस्ता कार्यमा काम गरे वापत कुनै प्रत्यक्ष आर्थिक लाभ हुँदैन । यी कार्यमा महिला पुरुष दुवैको लगभग बराबरी संलग्नता रहन्छ (आचार्य, २०७४ : २६४) । यस्ता भूमिकाहरू हाम्रो समाजमा प्राय : पुरुष संलग्न भए पनि नेपाल राजनीतिक परिवर्तन भई सकेपछि चेतनाको लहर गएर समाजको हरेक कार्यमा महिला सहभागिताको वृद्धि भएको छ । नेपालको राष्ट्र प्रमुखको रूपमा महिला नै आसिन हुन पुगेको अवस्थाले पनि महिलाहरू पुरुषसरह अगाडि आएको देखिन्छ ।

## २.२.९ पितृसत्ता

पितृसत्ताको अर्थ पिताको राज भन्ने हुन्छ । पिताको अर्थ बाबु र बाबुको स्थान पुरुष अर्थात् पुरुषको सत्ता नै पितृसत्ता हो । पितृसत्ताको इतिहास समाजको विकासक्रमसँगसँगै जोडिएर अघि बढेको छ । पितृसत्ता नेपालको मात्र नभएर दक्षिण एसिया र विश्वका धेरै मुलुकका लागि चुनौती हो । समाजको प्रौढ तथा परिपक्व पुरुषले युवा पुरुष, सबै महिला तथा बालबालिकाहरू माथि शक्ति र स्वामित्व कायम गरी शासन सञ्चालन गर्ने परम्परागत मान्यता नै पितृसत्ता हो (अर्याल, २०६८ : २९) । त्यस्तै पुरुषको महिलामाथि संस्थागत प्रभुत्व रहेका पारिवारिक संरचनालाई पितृसत्ता भन्न सकिन्छ (आचार्य, २०७४ : ३१) । पितृत्ता एउटा सामजिक प्रणाली हो । जहाँ पुरुषको प्राथमिक अधिकार रहेको हुन्छ । पितृसत्ता महिलाहरूमाथि दमन, शोषण र विभेद गर्ने एक सत्ता हो । पुरुष वर्गको मात्र सर्वेसर्वा चल्ने एक रुढिवादी सत्तालाई पितृसत्ता भनिन्छ । लैङ्गिक विभेदको मुख्य कारणको रूपमा पितृसत्तालाई मानिन्छ ।

पितृसत्ता समाज व्यवस्थाको एउटा त्यस्तो ढाँचा हो । जसमा परिवारका सम्पूर्ण सदस्यहरू पिता वा कुनै पुरुष मुखियाको अधीनमा रहन्छन् । यो परिवार समुदाय, समाज सर्वत्र पुरुष-बाहुल्य हुने सामाजिक व्यवस्था हो । पुरुषको आधिपत्य वा वर्चस्व रहने परिवारहरू मिलेर बनेको समाजलाई पितृसत्तात्मक समाज भनिन्छ (पाण्डे, २०६९ : २२२) । यस्तो समाजमा महिलाको उत्पादन तथा श्रमशक्ति, गतिशीलता, यौनिकता, प्रजनन शक्ति, सम्पत्ति एवम् सम्पूर्ण स्रोत साधनमाथि पुरुषको नियन्त्रण रहन्छ । यस्तो समाजमा पुरुषलाई पहिलो दर्जाको रूपमा मानिन्छ भने महिलालाई दोस्रो दर्जाको रूपमा लिइन्छ । पितृसत्ताले महिलालाई कोमल, कमजोर, असक्षम, परनिर्भर, दासी, निष्क्रिय, सहनशील आदि नामले चिनाएको छ ।

पैतृक सम्पत्तिको अधिकारबाट महिललाई वञ्चित गर्नु, महिलाको शरीर र यौनिकतामा पुरुषको नियन्त्रण हुनु तथा पुर्नउत्पादक अधिकारबाट महिलालाई बञ्चित गर्नु जस्ता व्यवहारहरू पितृसत्ताका कारणबाट निर्माण भएकोले लैङ्गिक असन्तुलनको प्रमुख कारण र आधार पितृसत्ता हो (खनाल, २०७५ : २५८) । यसर्थ महिलाको प्रजननशक्ति, यौनिकता, गतिशीलता, सम्पत्ति तथा आर्थिक स्रोत, महिलाको श्रमशक्तिको उत्पादन आदिमा पुरुषले प्रभुत्व गर्ने सत्ता नै पितृसत्रा हो । पितृसत्तात्मक सामाजिक संरचनामा परिवार समुदाय तथा समाजभित्र महिला र पुरुषले गर्ने काम तिनको क्षमता र सीपको आधारमा नभई लिङ्गको आधारमा निर्धारित गरिएको हुन्छ ।

### २.२.१० लैङ्गिक चेतना

लैङ्गिकताका आधारमा समाजमा गरिने विभेदकारी र अन्यायपूर्ण व्यवहार तथा लैङ्गिक भूमिकाहरूमा समानता तथा असमानताहरूको खोजी गर्नुलाई लैङ्गिक चेतना भनिन्छ । तसर्थ यौनिक भिन्नता भएकै कारणबाट शिक्षा, स्वास्थ्य, राजनीतिक, संस्कृतिक, धर्म, अर्थ, यौन, कानुन, परिवार, समाज आदि क्षेत्रमा पुरुषले नारी माथि वा नारीले पुरुषमाथि गर्ने विभेदको अन्त्य गर्नुपर्ने विचार नै लैङ्गिक चेतनाले लैङ्गिकताका आधारमा भएका दमन, शोषण, उत्पीडनबाट स्वतन्त्रतापूर्वक मुक्त हुनका लागि समान अस्तित्वको खोजी गर्दछ । खास गरी पितृसत्तात्मक वा पुरुषप्रधान समाजमा महिलाहरू शोषित, दामित, पीडित रहेका छन् । यिनै शोषण दमनबाट मुक्त हुनका लागि गरिने खोजी नै लैङ्गिक चेतना हो । महिला र पुरुषलाई भिन्न दृष्टिकोणले हेर्ने तथा विभेदकारी व्यवहार गर्ने सामाजिक प्रचलन विरुद्धको खोजी गर्नुलाई लैङ्गिक चेतना भनिन्छ ।

### २.२.११ लैङ्गिक समानता र समता

(क) **लैङ्गिक समानता**

सामान्य अर्थमा लैङ्गिक समानता भन्नाले शारीरिक अथवा जैविक भिन्नता बाहेक सामाजिक रीतिथिति, मूल्य मान्यता कार्य आदिका आधारमा महिला र पुरुषबीच समानता हुनु भन्ने बुझिन्छ । महिला र पुरुष दुवैलाई विकासका स्रोत, साधन र सेवाहरूमा समान रूपमा पहुँच र नियन्त्रण कायम गराउनु नै लैङ्गिक समानता हो । सामान्यतया लैङ्गिक समानता अन्तर्गत पुरुष र महिलाको बीचमा अवसरहरूमा समानता, सामाजिक स्तरमा समानता, अधिकारमा समानता, जिम्मेवारीमा समानता, विकासको प्रतिफलको समानता स्रोत साधन तथा सेवाहरूमा समानता आदि जस्ता कुराहरू पर्दछन् । लैङ्गिक समानताले महिला र पुरुषबीच हरेक कुरामा समानता हुनुपर्दछ भन्ने मान्यता राख्दछ । आजको आधुनिक दुनियामा समेत विभिन्न मुलुकका समाजमा शिक्षा, स्वास्थ्य रोजगारी, राजनीति, मनोरञ्जन, खाद्यन्नको प्राप्ति लगायत अन्य कतिपय सेवा सुविधाहरूको प्राप्तिको सवालमा महिला र पुरुषका बीचमा असमानताहरू रहेका छन् । तिनीहरूलाई चाँडो भन्दा चाँडो हटाउनुपर्दछ । जसबाट महिला र पुरुषबीचमा समान किसिमको अधिकार र पहुँच विस्तार हुन सक्छ ।

महिला र पुरुषबीच साधन स्रोतको उपयोग र नियन्त्रणमा हुने समानता, सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा हुने समान सहभागिता मानव राजनैतिक क्षेत्रमा हुने समान सहभागिता मानव विकासका सेवा सुविधामा समान अवसर र पहुँचको अवस्था नै लैङ्गिक समानता हो । व्यक्तिगत, सामाजिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य सबै व्यक्तिहरूमा समान रूपमा विवरण र व्यवस्थित गरी कानुनी तथा व्यावहारिक सम्मान प्रदान गर्नु नै समाता हो भन्न सकिन्छ (खनाल, २०७५ : २५) । लैङ्गिक समानता महिला र पुरुषबीचको समानताको अवस्था हो । लैङ्गिक समानताले कुनै पनि व्यक्तिले अरूले भन्दा अवसर, स्रोत साधन, अधिकार, पहुँच र फाइदाहरूमा समानतामा कमी हुन नदिने धारणा राख्दछ । त्यसैले लैङ्गिक समानता एक न्याय दिने प्रयास हो ।

(ख) **लैङ्गिक समता**

सामान्यतया लैङ्गिक समता भन्नाले लिङ्गका आधारमा कुनै भेदभाव नगरीकन महिला तथा पुरुष दुवैलाई समान अवसर प्रदान गर्नु भन्ने बुझिन्छ । लैङ्गिक समताले

सामाजिक न्यायको पक्षलाई बढी जोड दिन्छ । महिला र पुरुषबीच विद्यमान सामाजिक, सांस्कृतिक र अन्य पक्षका भिन्नताका आधारमा अवसर, पहुँच, उपयोग र नियन्त्रणमा रहेको असमानतालाई निराकरण गरी पूर्ण समानताका स्थितिमा ल्याउनका लागि अवलम्बन गरिने उपायलाई लैङ्गिक समता भनिन्छ । महिला र पुरुषका फरक फरक भूमिका हुन्छन् । ती भूमिका निर्वाह गर्ने क्रममा पुरुषको दाँजोमा महिला पछाडि परेका हुन्छन् । त्यसको असर कम गरी महिला र पुरुषलाई सँगसँगै अघि बढाउन अथवा बराबरीको हैसियतमा पुऱ्याउन गरिने सब व्यवहार समता हो । लैङ्गिक समता समानतामा पुग्ने मार्ग हो ।

अल्पसङ्ख्यक र सीमान्तकृत समुदाय, जाति, वर्ग, लैङ्गिकता, यौनिकता, विशेष शारीरिक र मानसिक क्षमता भएका व्यक्तिहरू आदि सबै पक्षमा उनीहरूको अवस्था, क्षमता तथा सामार्थ्य अनुसारको विशेष व्यवस्थालाई समग्रमा समता भन्ने बुझिन्छ (खनाल, २०७५ : २५) । महिला र पुरुषबीच नैसर्गिक न्याय कायम गर्नु नै लैङ्गिक समता हो । लैङ्गिक समताले सामाजिक तथा आर्थिक स्रोत, साधन तथा उत्पादनशील विविध अवसरहरूमा महिला तथा  पुरुषको पहुँच, उपयोग र नियन्त्रणमा न्यायोचित व्यवहार वा निष्पक्षतालाई बुझाउँछ । लैङ्गिक समतालाई लैङ्गिक समानता प्राप्तिको एउटा खुड्किलोको रूपमा लिइन्छ । किनकि लैङ्गिक समताबाट नै लैङ्गिक समानतामा पुगिन्छ । समग्रमा भन्दा लिङगका आधारमा बञ्चितवर्ग वा समुदायलाई थप अवसरहरू जुटाइ समानता ल्याउन गरिएको विशेष प्रयासलाई लैङ्गिक समता भनिन्छ ।

### २.२.१२ **लैङ्गिक विभेद**

कुनै पनि समाज र संस्कृतिले मानव- मानवबीचका लागि फरक-फरक व्यवहारहरूको इङगित गर्नु नै लैङ्गिक विभेद हो । संसारमा प्राय : सबै समाज कुनै पनि लैङ्गिक भेदभावबाट छुट देखिन सकेको छैन । कुनै पनि लिङ्ग पुरुष होस् वा महिला पृथक लिङ्गी होस् वा समलिङ्गी जोसुकैलाई पनि उपलब्ध सम्पूर्ण स्रोत साधनमा समान किसिमको अवसर हुन नसक्ने स्थितिलाई लैङ्गिक विभेद भन्न सकिन्छ (खनाल, २०७५ : २९) । पुरुष वा महिलामध्ये कुनै एकलाई प्रोत्साहित र अर्कोलाई निरुत्साहित गर्नु लैङ्गिक विभेद हो । यसर्थ लैङ्गिक विभेद लैङ्गिक विभेद भन्नाले व्यक्तिगत आधारमा एक अर्काप्रति गरिएको भेदभावपूर्ण व्यवहार भन्ने बुझिन्छ ।

### २.२.१३ लैङ्गिक सशक्तीकरण

लैङ्गिक विश्लेषणको अर्को महत्त्वपूर्ण अवधारणाको रूपमा सशक्तीकरणलाई मानिन्छ । सशक्तिकरणका लागि शिक्षा, चेतना, अधिकार र अवसरको आवश्यकता पर्दछ । सशक्तीकरण एउटा त्यस्तो प्रक्रिया हो । जसले मानिसको अन्तरनिहित क्षमतालाई जागृत गराउछ । लैङ्गिक रूपमा पछाडि पारिएका वा नियन्त्रणमा परेका व्यक्तिलाई सक्षम तुल्याउनुलाई लैङ्गिक सशक्तीकरण भनिन्छ (खनाल, २०७५ २०७५ : ३१) । एक व्यक्ति समुदाय वा संगठनको आर्थिक, राजनीतिक, सामाजिक, शैक्षिक, यौन वा आध्यात्कि शक्तिमा सुधार गर्नु सशक्तीकरण हो । कुनै शक्ति तथा समुदायलाई शक्तिवान बनाउनु नै सशक्तीकरण हो (आचार्य, २०७४ : २५७) । यसर्थ सशक्तीकरण भन्नाले कुनै पनि प्रतिस्पर्धात्मक कार्यमा सफलता प्राप्त गर्न आवश्यक पर्ने क्षमताको विकास गर्ने प्रक्रिया भन्ने बुझिन्छ । यसले महिला विकासका लागि मानिसलाई सशक्तीकरण गरिनुपर्दछ भन्ने मान्यता राख्दछ ।

सशक्तीकरण सामाजिक विकासको महत्त्वपूर्ण पक्ष हो । लैङ्गिक विकासका लागि सशक्तीकरणको अहम् भूमिका रहेको हुन्छ । सशक्तीकरण त्यस्तो प्रक्रिया हो जसमा समुदायका शक्ति, क्षमता, आत्मविश्वास तथा पहुँच नहुनेहरूको लागि शिक्षा, चेतना र अधिकार, अवसरहरू प्रदान गरी शक्तिको अभिवृद्धि गरिन्छ । सशक्तीकरण सामाजिक सम्बन्धको रूपान्तरण प्रक्रिया हो । समाजमा रहेका जुनसुकै लैङ्गिकता भएका व्यक्ति जो उपेक्षित वा मूलधाराबाट पछाडि पारिएका छन्, उनीहरूलाई प्रत्येक कार्य गर्न सक्ने बनाउन गरिने सवलीकरणको प्रक्रियालाई लैङ्गिक सशक्तीकरण भनिन्छ (खनाल, २०७५ : ३२) । समाजमा पिछडिएका शोषित महिलाहरूलाई विभिन्न क्षेत्रमा अघि बढाउने एक प्रक्रिया नै सशक्तीकरण हो ।

समाजमा महिला पुरुष दुवैलाई समान अवसर प्रदान गर्नको लागि सशक्तीकरणको अवश्यकता रहन्छ । सशक्तीकरणलाई एउटा अन्तरनिर्हित शक्तिको रूपमा पनि लिइन्छ । सामाजिक, सांस्कृतिक रूपमा शोषित महिलाहरूलाई क्षमतावान् बनाई अवसर र अधिकार प्राप्त गर्न सक्ने बनाउन नै महिला सशक्तीकरण हो ।

### २.२.१४ लैङ्गिकताको भाषा

महिला र पुरुषको सम्बन्धमा जन्मदेखि मृत्युसम्म समाजले बनाएको धारणा, मान्यता, भूमिका र अन्तरसम्बन्धलाई लैङ्गिकता भनिन्छ । जसले लैङ्गिक कार्य र भूमिकाको भिन्नतालाई प्रस्ट्याउँछ । लैङ्गिकताको भाषा भन्नाले लैङ्गिक आधारमा प्रयोग हुने अथवा महिला र पुरुषलाई सम्बोधन गर्ने भाषा भन्ने बुझिन्छ । समाजका महिला र पुरुषलाई सम्बोधन गर्ने भाषा वा शब्दहरू, परम्परागत रूपमा विकसित, परिवर्तित र संस्कार र समाजको साझा सम्पत्तिको रूपमा विकसित र समाजको साझा सम्पत्तिको रूपमा विकसित भएको पाइन्छ । भाषा विचार विनिमयको साधन हो । भाषाका माध्यमले नै मानिसले आफ्नो विचार एक अर्कामा आदान प्रदान गरिन्छ । लैङ्गिकताको दृष्टिले पुरुष र महिलालाई प्रयोग गर्ने भाषा भिन्न भिन्न हुन्छन् । समाजमा महिला र पुरुषले प्रयोग गर्ने भाषामा व्याकरणात्मक कोटी अन्तर्गत क्रियामा पनि फरक पाइन्छ ।

सामाजिक, सांस्कृतिक व्यवहारहरू र मानवीय सम्बन्धको विकास तथा सञ्चारणका लागि पनि भाषा नै चाहिन्छ । महिला तथा पुरुषले गर्ने भाषिक प्रयोग, विपरीत लिङ्गी तथा समलिङ्गीले गर्ने भाषिक प्रयोग, तिनीहरूको परस्पर र भिन्न भिन्न परिचय तथा पहिचानका लागि प्रयोग गरिने भाषालाई लैङ्गिकताको भाषा भनिन्छ । लैङ्गिकताको भाषा अन्तर्गत विभिन्न लैङ्गिक परिचय भएका व्यक्तिहरूले गर्ने भाषिक प्रयोग जस्तै : उच्चारण, शब्दभण्डार, वाक्यगठन, विशेष शब्दावली, आपसी संवाद तथा सञ्चार आदि पक्षहरू पर्दछन् । व्यापक सन्दर्भमा भन्नुपर्दा लैङ्गिकता तथा संकथनको समग्र पर्दालाई लैङ्गिकताको भाषा भन्ने बुझिन्छ । त्यसैलाई लैङ्गिकताको भाषा भन्न सकिन्छ (खनाल, २०७५ : ३३) । भाषामा लैङ्गिकताको सन्दर्भमा विश्लेषण गर्ने काम सन् १९६० पछि भएको पाइन्छ । खासगरी पुरुष र महिलाको भाषामा भिन्नता छ भाषा नै लैङ्गिक विभेदयुक्त हुन्छ, जहाँ पुरुषलाई शक्तिशाली र मुख्य तथा महिलालाई कमजोर र दोस्रो दर्जाको रूपमा भाषाको प्रयोग र व्यवहार गरेको पाइन्छ ।

सामाजिक संरचना अनुसार नै पुरुषलाई प्रधान र महिलालाई अप्रधान स्थान दिइएको देखिन्छ । त्यसैले सबै ठाउँमा महिला र पुरुष समान हुनुपर्दछ भन्ने विचार लैङ्गिकताको भाषामा राखिन्छ । परम्परागत रूपमा समाजमा महिला र पुरुषलाई जनाउन प्रयोग गरिने भाषा निम्न प्रकृतिको रहेको पाइन्छ :

तालिका नं. ३

**परम्परागत रूपमा समाजमा महिला र पुरुषलाई जनाउन प्रयोग गरिने भाषा**

| महिलालाई प्रयोग गरिने भाषा | पुरुषलाई प्रयोग गरिने भाषा |
|---|---|
| गएकी छे, आएकी छे, भनि छे, गरिएकी छे, दिन्छे, गर्छे, खान्छे, रण्डी, वेश्या, रूपवर्ती, श्रीमती, सुश्री, सुन्दरी आदि । | गएकोछ, आएकोछ, भनेछ, गर्छ, खान्छ, भलादमी, सुन्दर, साँढे, चण्डाल, साले, श्रीमान्, दिन्छ, आदि । |

माथि उल्लिखित तालिका अनुसार महिला र पुरुषलाई प्रयोग गर्ने भाषामा भिन्नता रहेको पाइन्छ । त्यसै गरी घरपरिवार, इष्टमित्र आदिमा सम्बोधन गर्दा जुन महिला पुरुषका लागि प्रयोग गरिने शब्दहरू फरक छन् । जसलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

तालिका नं. ४

**घरपरिवार तथा इष्टमित्रले महिला र पुरुषलाई सम्बोधन गर्दा प्रयोग गरिने शब्द**

| महिलालाई प्रयोग गरिने शब्द | पुरुषलाई प्रयोग गरिने शब्द |
|---|---|
| हजुर आमा, आमा, माता, ममी, काकी, सानिमा, छोरी, बहारी, भाउजू, केटी, श्रीमती, सौता, जेठानी, आईमाई, स्वास्नी, पत्नी, बहिनी, दिदी, बुढी, गृहिणी, अर्धाङ्गिनी, प्रेमिका, ठूली-आमा, माइजु, सासु, फुपु आदि । | हजुर बुबा, बुबा, पिता, ड्याडी, ठुलोबा, सानोबा, दाइ, काका, छोरो, केटो, श्रीमान्, ज्वाई, जेठाजु, लोग्ने, बुढो, प्रेमी, मामा, पति, सालो , जेठान, भिनाजु, ससुरा फुपाजु आदि । |

माथि उल्लिखित तालिकाअनुसार पनि नातागत, सम्बन्ध पनि महिला र पुरुषलाई गर्ने सम्बोधन भिन्नता पाइन्छ । यसरी भाषिक दृष्टिले महिलालाई प्रयोग गरिने शब्द र पुरुषलाई प्रयोग गरिने शब्दमा धेरै विविधता रहेको पाइन्छ ।

# अध्याय तिन

# शोधविधि र प्रक्रिया

## ३.१ शोधविधि/ढाँचा

अनुसन्धान कार्यमा शोधविधि एक महत्त्वपूर्ण अङ्गका रूपमा रहेको हुन्छ । अध्ययनको प्रकृतिका आधारमा अध्ययन विधि तथा प्रक्रियाको अबलम्बन गर्नुपर्ने हुन्छ । उपयुक्त विधिको प्रयोगले अध्ययनलाई महत्त्वपूर्ण र प्रभावकारी बनाउन सकिन्छ । प्रस्तुत अनुसन्धानमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । कुनै पनि अध्ययन अनुसन्धानको लागि सामग्रीका स्रोतहरूको महत्त्वपूर्ण स्थान हुन्छ । प्रस्तुत अध्ययनलाई पनि सही गन्तव्यमा पुऱ्याउनका लागि लैङ्गिक अध्ययनसँग सम्बन्धित विभिन्न पुस्तकहरू, पत्रपत्रिका, लेख रचना, प्रतिवेदन साथै सम्बन्धित शोधपत्रहरू आदि सङ्कलन गरी सो सामग्रीहरूको अध्ययन मनन गरी शोधकार्यलाई अगाडि बढाइएको छ । यसैगरी चीरहरण उपन्यासमा समाविष्ट घटनाक्रमहरूलाई उत्पादक, अनुत्पादक र सामुदायिक भुमिकाका आधारमा व्याख्या विश्लेषण गरिएको छ । यसरी नेपाली साहित्यिक कृतिको लैङ्गिक भूमिकाका आधारमा अध्ययन विश्लेषण गर्दा व्याख्या विश्लेषण विधिको पनि उपयोग गरिएको छ ।

## ३.२ तथ्याङ्क सङ्कलनका स्रोत

तथ्याङ्क सङ्कलनका क्रममा प्राथमिक र द्वितीयक गरी प्रमुख दुई किसिमले विभाजन गरिएको छ :

### ३.२.१ प्राथमिक स्रोत

उपन्यासकार नीलम कार्की निहारिकाद्वारा प्रकाशित चीरहरण उपन्यासलाई प्राथमिक स्रोत सामग्रीका रूपमा लिइएको छ । विशेषतः उपन्यासमा समाविष्ट घटनाक्रमका अंशहरूलाई प्राथमिक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ ।

### ३.२.२ द्वितीयक स्रोत

प्रस्तुत अनुसन्धानमा गौण स्रोतबाट लिइएका सामग्रीका रूपमा लैङ्गिक अध्ययनसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तकहरू, पत्रपत्रिका, लेख, रचना र सम्बन्धित अध्ययनमा भएका

शोधपत्रहरू साथै आदरणीय गुरुवर्ग र साथीभाइको राय, सुझाव र निर्देशनलाई लिइएको छ ।

## ३.३ सामग्री सङ्कलन विधि

कुनै पनि अनुसन्धान कार्यलाई अगाडि बढाउनका लागि उपयुक्त विधिको आवश्यकता पर्दछ । अनुसन्धानमा कुन विधि अपनाउने भन्ने कुरा अनुसन्धानको प्रवृत्तिमा भर पर्दछ । उपयुक्त अनुसन्धान, विधिको छनोट तथा प्रयोगले अनुसन्धानलाई सरल, सहज र विश्वसनीय बनाउन मद्दत गर्दछ । प्रस्तुत अनुसन्धान कार्य मुख्य समस्यासँग सम्बन्धित भई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षमा पुऱ्याउन पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ ।

## ३.४ विश्लेषण प्रक्रिया

प्रस्तुत शोध अध्ययन नीलम कार्की निहारिका (२०७२) द्वारा लिखित पद्मश्री साहित्य सम्मान (२०७२) समेत प्राप्त 'चीरहरण' उपन्यासमा प्रस्तुत गरिएको लैङ्गिक स्थितिलाई पहिल्याउने कोसिस गरिएको छ । प्रस्तुत उपन्यासको विश्लेषणको प्रारूपहरू निर्माण गरिएको छ । ती प्रारूपहरू तयार गरी प्रारूपका आधारमा प्रस्तुत उपन्यासमा रहेका विभिन्न उदाहरणहरू खोजी तिनीहरूको विश्लेषण गरी प्रस्तुत उपन्यासको समग्र मूल्याङ्कन गरिएको छ । चीरहरण उपन्यासमा लैङ्गिकताको भाषा, सशक्तीकरण, हिंसा, लैङ्गिक समानता र समता, सामुदायिक, पुनरुत्पादक भूमिका आदि प्रतिमानहरू निर्माण गरी ती प्रतिमानका आधारमा कृतिको विश्लेषण गरेर मूल्याङ्कन सहित निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान भएकाले वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । जसका लागि पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरी सैद्धान्तिक ग्रन्थहरू पढेर त्यसबाट लैङ्गिक विश्लेषणका आधारहरू तयार गरिएको छ । निर्मित लैङ्गिक आधारको कसीमा प्रस्तुत उपन्यासभित्र रहेका उदाहरण खोजी तिनीहरूको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

# अध्याय चार

## चीरहरण उपन्यासमा रहेको लैङ्गिक अवस्था

उपन्यास साहित्य लेखनको एक विधा हो । साहित्यका अन्य विधाहरूजस्तै उपन्यास पनि गतिशील विधा हो । यसमा जीवनको समस्याको व्याख्यान र त्यसको समाधान मिल्छ । त्यसैले जीवन र जगत्सम्बन्धी व्याख्या गरिएको काल्पनिक वा वास्तविक विषयवस्तुमा आधारित जीवनको विस्तृत तथा पूर्ण वर्णन गरिएको आख्यानात्मक गद्य विधालाई उपन्यास भनिन्छ । उपन्यास आधुनिक युगको सर्वाधिक सशक्त र नवीन विधा भएकाले यसमा आधुनिक युगको विषम्, व्यापक र वैविध्यपूर्ण जीवनको सम्यक र वास्तविक चित्रण प्रस्तुत गर्ने क्षमता रहेको हुन्छ । उपन्यासमा मानव जीवन र समाजका विविध पक्षहरूका यथार्थ चित्रको प्रस्तुति विस्तारपूर्वक गरिएको हुन्छ । मानव जीवनका विभिन्न परिस्थिति, अनुभूति, रहस्य, सुख-दुःख, मायाप्रेम, दया, करुणा तथा वास्तविकताको उद्घाटन उपन्यासद्वारा नै सम्भव भएको हुँदा यसलाई जीवनको चित्र मानिन्छ । यसर्थ उपन्यासभित्र मानव जीवनको यावत पक्षहरू समाविष्ट भएका हुन्छन् ।

प्रस्तुत चीरहरण उपन्यास महाभारतकालीन पौराणिक विषयवस्तुमा आधारित छ । महाभारतको युग र अहिलेको युगमा समानता देखेकाले द्वापरयुग र कलियुगलाई दाँजेर उपन्यास लेखेको पाइन्छ । चीरहरण नारीवादी चेतना भएको उत्कृष्ट उपन्यास हो । महाभारतको विषयवस्तुलाई आधार बनाई लेखिएको छ । महाभारतकालीन कथाभित्र पसेर लेखिएको चीरहरणमा सत्यवतीदेखि द्रौपदीसम्म पुग्दा नारीका तमाम सामाजिक विवशता, भोग्नुपरेको हिंसा, धृतराष्ट्रको सत्तामोह, शकुनीको कुटील षडयन्त्र, राजनीतिक दाउपेच र महायुद्ध जस्ता घटनामा हामी बाँचिरहेको वर्तमान समय पनि भेटिन्छ । कुन्तीको पुत्र त्याग होस् या द्रौपदीको चीरहरण आजका पनि साझा घटना हुन् । मात्र युगको भिन्नता छ । दिनहुँजसो समाचार बनेका बेवारिसे अवस्थामा भेटिने नवशिशु र बलात्कारका घटनाहरू यसका प्रमाण हुन् । साथै राज्यकै पनि चीरहरणको विषम् अवस्था छ । प्रस्तुत चीरहरण उपन्यासमा द्वापरयुगको ऐनामा कलियुगलाई नियालिएको छ । महाभारतको समयमा जे जस्तो अवस्था थियो । जसरी हिजोका नारीहरू विभिन्न समस्या भोगेर बाँचेका थिए । आजको नारीहरू पनि उही र उस्तै अवस्थामा बाँचिरहेका छन् भन्ने कुरालाई प्रस्तुत गरिएको छ । चीरहरण उपन्यासमा द्वापरयुगीन पात्रहरूलाई कलियुगमा विचरण गरी

पात्रहरूको आत्मकथाको माध्यमद्वारा दुई युगबीचको समानता दर्साइएको छ । यसर्थ द्वापरयुगको ऐनाबाट अहिलेका नारीहरूले भोगिरहेको समाज प्रतिविम्बित हुन्छ ।

महाभारत कथामा उल्लेखित नारी पात्रहरूको बारेमा र दरबारमा भएपनि नारी भएकै कारणले अपमानित र अपहेलित भएका नारी पात्रका ऐतिहासिक मिथकलाई आधुनिक समाजसँग तुलना गर्दै आज पनि नारी अस्मितामाथि चीरहरण, बलात्कार, शोषण, दमन, अन्याय, अत्याचार, यौन हिंसा नरोकिएको कुरालाई उल्लेख गरिएको छ । यसमा मूलतः नारी पात्रहरूको भोगाइलाई अत्यन्त प्राथमिकता दिइएको छ । यसर्थ यो नारीवादी उपन्यास हो । महाभारतकालीन दरबारमा हैसियत भएका महारानी, राजकुमारीहरू समेत समाज पुरुषप्रधान भएका कारण शोषित र दमित भएको र चाहेर पनि विद्रोह गर्न नसकेको परिस्थितिलाई उल्लेख गरिएको छ । प्रस्तुत उपन्यासमा नारी दमनको विरोध र नारी दमन विरुद्धको प्रतिरोधको अवस्थाको विश्लेषण गरिएको पाइन्छ । नारी अस्मिता र अस्तित्वको खोजीमा केन्द्रित प्रस्तुत चीरहरण उपन्यास महाभारतको विषयवस्तु चरित्र र परिवेशमा आधारित छ । यस उपन्यासका पात्रहरूले राजकीय भाषाको प्रयोग गरेको देखिन्छ । युगौयुगदेखि नारीहरू  सामाजिक मूल्य मान्यता र परिस्थितिको कारण प्रताडित भइरहेका छन् भन्ने कुरा चीरहरण उपन्यासमा पाइन्छ ।

चीरहरण निलम कार्की निहारिकाको चौथो उपन्यास हो । निहारिका (२०७२) द्वारा लिखित चीरहरण उपन्यासमा महाभारतको प्रतीकात्मक विषयवस्तु भेटिन्छ । त्यसमा सत्ता र नारीपक्षको बारेमा उल्लेख गरिएको पाइन्छ । उपन्यासमा नारी समस्या के छन् र सत्तामोहका कारण देशको विकास हुन नसकेको समस्यालाई मुख्य विषय बनाइएका छन् । नारीद्वारा लेखिएको उपन्यास भएका कारण उपन्यास मूलतः नारी उत्पीडन र संवेदनामा केन्द्रित छ । यसमा चार अध्याय, ५२६ पृष्ठसङ्ख्या र उपसंहार रहेको छ भने साङ्ग्रिला पुस्तक प्रा.लि., बागबजार, काठमाडौँबाट प्रकाशित भएको हो । चीरहरण (२०७२) उपन्यास निहारिकाको चौथो र वि.सं. २०७२ को पदमा श्री साहित्य पुरस्कार समेत पाउन सफल ऐतिहासिक उपन्यास हो । निलम कार्की निहारिकाको जन्म वि.सं. २०३१ चैत्रमा पाल्पाको गोठादीमा भएको हो । उनले कविता, कथा विधामा कलम चलाएकी छिन् । कविता विधाबाट आफ्नो साहित्य यात्रा प्रारम्भ गरेकी निहारिका पछिल्लो समय उपन्यासतिर लागेको देखिन्छ । उनका कविता सङ्ग्रह निलम कार्की 'निहारिका'का कविता' 'ब्रेन फिभर', कथा सङ्ग्रह 'हवन्', 'कागजमा दस्तखत' र बालमनोविज्ञानमा आधारित 'बेली' र उपन्यासमा

'मौनजीवन', 'नियतिको खेल', 'अर्की आइमाई', 'चीरहरण' र 'योगमाया' उनका प्रकाशित कृति हुन् ।

## ४.१ लैङ्गिक अवस्था

चीरहरण उपन्यासको परिवेश महाभारतकालीन युगको हो । यस उपन्यासमा चित्रित पात्रहरू वर्तमानको नेपाली समाजको प्रतिनिधित्व गर्ने पितृसत्तात्मक पुरुषवादी हैकम चलाउने, महिलाहरू पुरुषको अत्याचारमा पिल्सिनु पर्ने, सुशासनको अन्त्य भई दुःशासनको सुरुवात, देशमा हिंसा, बलात्कार, चीरहरण, दमन, शोषण, महिला हिंसा, अन्याय, अत्याचार बढेको कुरा उपन्यासमा उल्लेख छ । उपन्यासमा केही पात्रहरूमा पुरुषशासित मानसिकताको छाप परेको पाइन्छ । यस उपन्यासमा आफ्नै वरिपरि रहेका जस्ता लाग्ने पात्रहरूको आध्यात्मिक, धार्मिक आकांक्षा र यौन सिर्जनाका तरङ्ग भेट्न सकिन्छ । उपन्यासमा वर्णित घटनाको आधारमा हेर्दा समाजले नारीप्रति ठूलो विभेद, हिंसा, दमन, शोषण, अन्याय र अत्याचार गरेको पाउन सकिन्छ । नारीमाथिको दमनको आरम्भ सबैभन्दा पहिले आफ्नै परिवारबाट हुन्छ । परिवारमा नारीमाथि विभिन्न बाहनामा दमन, शोषण गरिन्छ । परिवारबाट नारीको दमन नहुने हो भने अरू ठाउँबाट पनि नारी दमन, शोषणको प्रक्रिया रोकिन्छ । प्रस्तुत उपन्यासमा पनि परिवारबाटै छोरा र छोरीमा भेदभाव र समाजबाट पनि नारी र पुरुष भनी भेदभाव गरेको पाइन्छ ।

'निकटबाट नै देखेँ मेरो जस्तो कालो वर्ण रहेछ दाजु मत्स्यको पनि । त्यस बखत कल्पिएँ, म पनि पुत्र भई जन्मिएको भए दाजु छेउ त्यसरी नै उभिएकी हुन्थेँ, हामी दुईमा लिङ्ग भेद भयो, त्यही पृथकताले फरक हुन गयो चेदी राजाबाट ।' (पृ. ३२)

उल्लिखित भनाइ चीरहरण उपन्यासको पात्र सत्यावतीको हो । सत्यावती छोरी भएकै कारणले परिवारबाट अपहेलित भएर राज्यबाट नै निकालिएकी छ । माछा जस्तो काली र गनाउने शरीर भएकी मत्स्यगन्धा भएकीले उनलाई घरबाट निकालिएको हो । घरबाट अपहेलित भई निकालिएकी मत्स्यगन्धा नारी भएकै कारणले परिवारबाट शोषित भएकी छ । माथिको वाक्यबाट नारी परिवारबाटै दमनमा परेको हुन्छ भन्ने कुरा उल्लेख गरिएको पाइन्छ ।

'तिमी सती हुँदैछौ । यसर्थ आफ्ना पुत्रहरूलाई अर्ती उपदेश देऊ, यो नश्वर जीवनबारे अर्थ्याउनु कुन्ती ।' (पृ. २४६)

प्रस्तुत कथन चीरहरण उपन्यासको नारीपात्र राजमाता सत्यवतीको हो । आफ्नो नाति पाण्डुको मृत्युपश्चात् महारानी कुन्तीलाई पाण्डुसँगै सती जानको लागि आग्रह गर्दछे । यस कथनमा पुरुषप्रधान वा पितृसत्तात्मक समाजमा मरेको श्रीमान्को लासमा जिउँदै जल्दै सती जाने परम्पराको कुरा व्यक्त गरिएको छ । यस कथनअनुसार पितृसत्तात्मक समाजमा नारीमाथि भएको अन्याय अत्याचारलाई प्रस्तुत गरिएको छ ।

मलाई गर्भवती तुल्याएर गएको पुरुष फर्किएर आएनन् । आउन त आए, आउँदा अर्काको पोइ र धेरै सन्तानका पिता भएर आए । उनी समाजमा स्वीकृत भए । अनि म र मेरी छोरी अस्वीकृत । त्यसैले म दासी बनेँ । त्यसो त मेरो गर्भलाई नै प्रश्न उठाएको थियो, ऊ 'फर्कि आएपछि समाजले निर्णय नै सुनायो । बहिष्कृत मात्र भइन, कलङ्कको टीका पनि लगाइदिए मेरो निधारमा ।' (पृ. २१४-२१५)

माथिको वाक्य दासीले भनेकी हुन् । यसमा समाजमा पुरुषले जतिसुकै गल्ती गरे पनि स्वीकार हुने तर नारीले विवशतापूर्वक भोगेका पीडा अस्वीकार भई दण्डित हुनु पर्ने विवशता देखाइएको छ । पितृसत्तात्मक समाजमा नारीले अन्याय पनि सहनुपर्ने त्यसमाथि असमान समाजको अवस्थाले पनि थिचिनुपर्ने अवस्था देखाइएको छ । पुरुषप्रधान समाजमा नारीलाई विभिन्न सामाजिक आदर्श, नैतिकता, संस्कृति आीदका नाममा दमन हुने कुरा व्यक्त गरिएको छ ।

'पति भनेका परमेश्वर हुन् भन्ने मनन गर्नू ! पत्नी धर्मको उल्लङ्घन कदाचित नगर्नु ।' (पृ. १११)

माथिको वाक्यमा पुरुषप्रधान समाज भएका कारण पुरुषको मात्र हैकम चल्ने र महिलालाई दोस्रो दर्जाको रूपमा लिइने कुरालाई देखाइएको छ । पतिलाई सर्वस्व ठानी पत्नी धर्म निवाउनुपर्ने कुरालाई देखाइएको छ । पतिको सेवामा मात्र खटिनुपर्ने, पतिलाई भगवान जस्तै मान्नु पर्ने, पतिको विरोधमा बोल्नै नहुने र पुरुषले नारीलाई यसरी नै अन्यायमा राखिएको कुरालाई प्रस्तुत गरिएको छ । यसमा नारीलाई पुरुषप्रधान समाजको कुसंस्कारले थिचेर आफ्नो स्वतन्त्रतालाई त्याग्न बाध्य तुल्याएको कुरालाई प्रष्ट पारिएको छ ।

'महर्षिले चाहेका भए निःसर्त मलाई सुन्दरी र सुगन्धित तुल्याइदिन सक्नुहुन्थ्यो, परन्तु यहाँ कोही कसैको निम्ति निःशुल्क केही गर्दैन । मूल्य चुकाउनुपर्छ मैले चुकाएँ ।' (पृ. ७३)

उल्लिखित भनाइ सत्यावतीको हो । परासरजस्ता महान ऋषि पनि स्वार्थ सिद्धमा लागि नारी दमन गरिएको छ । यसमा सत्यावतीलाई सुन्दरी बनाइदिने लालसा देखाई ऋषिले सत्यावतीको अस्मिता लुटेको छ । काली र माछाको जस्तो गन्छा हटाइदिन्छु भन्दै यौन भोग गरेको छ । यसमा महर्षिले नारी भोगको उद्देश्यले सत्यावतीलाई सुन्दरी बनाइदिएका छन् । यसरी नारीलाई पुरुषले विभिन्न लोभ, धन, रूप, सुख आदि देखाई नारीमाथि दमन, शोषण गरिएको कुरालाई व्यक्त गरिएको छ ।

'महाराज, हामी दुबैलाई पुत्र प्रदान गरियोस् ।' (पृ. १२९)

माथिको भनाइ महारानी अम्बालिका हो । पुत्र पाउने चाहनामा महाराज विचित्रवीर्यसँग भनेकी हुन् । यस वाक्यमा पितृसत्तात्मक सोच प्रस्तुत भएको देख्न सकिन्छ । पुरुषप्रधान समाज भएकै कारण रानीहरूले आफू नारी भएर पनि छोरीको तुलनामा छोरा नै पाउने चाहना राखेको कुरा स्पष्ट देखिन्छ । यसमा द्वापरयुगदेखि नै छोरा र छोरीमा विभेद गरेको पाइन्छ ।

## ४.२ लैङ्गिक भूमिका

समाजले लिङ्गका आधारमा महिला र पुरुषले गर्नुपर्ने भनी तोकिदिएको कार्य विभाजनलाई लैङ्गिक भूमिका भनिन्छ । महिला र पुरुषले गर्नुपर्ने भनेका यस्ता कार्यहरू प्रकृति सम्मत् छैनन् । कार्य विभाजन त समाजले गरेको हो । महिला र पुरुषका सम्बन्धमा जन्मदेखि मृत्युसम्म समाजले बनाएको धारणा, मान्यता वा भूमिकालाई लैङ्गिक भूमिका भनिन्छ । हाम्रो नेपाली समाज पुरुषप्रधान समाज हो । जहाँ महिलाहरूलाई पुरुषको अधीनतामा राख्नुपर्ने संकुचित सोच रहेको पाइन्छ । पुरुषले महिलालाई दोषी नजरले हेर्ने गर्दछ । यस्ता दोषी नजरले हेर्ने प्रवृत्तिको अन्त्य गरी महिला र पुरुष समान रूपमा हेर्ने बनाउनु लैङ्गिक अध्ययनको उद्देश्य हो । पुरुषप्रधान समाजमा पुरुषहरूबाट महिलाहरू शोषित, दमित र पीडित छन् । पुरुषको मात्र हैकम चल्ने त्यस्ता समाजको अन्त्य गरी महिला र पुरुषलाई एउटै स्थानमा राख्नुपर्दछ भन्ने विषयको अध्ययन लैङ्गिक अध्ययनले गर्दछ ।

चीरहरण उपन्यासमा लैङ्गिक भूमिकाको अध्ययन गर्दा महिला र पुरुषले गर्ने कार्यहरूका आधारमा विश्लेषण गरिन्छ । यस उपन्यासमा प्रमुख पात्रको रूपमा सत्यावती, द्रौपदी, कुन्ती, पाण्डु, विदुर, पाँच पाण्डव, भीष्म, दूर्योधन, धउतराष्ट्र, गान्धारी आदि

देखापरेका छन् । अम्बा, अम्बालिका र अम्बिका पनि प्रमुख पात्रको रूपमा देखापरेका छन् भने दासी, कर्ण, शकुनी, उलुपी, भानुमती, माद्री आदि गौण पात्रहरू हुन् । यस आधारमा उत्पादक, पुनरुत्पादक वा अनुत्पादक र सामुदायिक भूमिकाको आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.२.१ उत्पादक भूमिका

कुनै पनि कार्य गरे पश्चात् प्राप्त प्रतिफललाई उत्पादक भूमिका भनिन्छ । विशेषगरी यस प्रकारका भूमिकामा हाम्रो समाजमा परम्परादेखि नै महिलाको तुलनामा पुरुषको सहभागिता बढी रहेको पाइन्छ । चीरहरण उपन्यासमा उत्पादक भूमिकामा महिला र पुरुष दुबैको सहभागिता रहेको पाइन्छ ।

'पुर्खाले जीविकोपार्जनका निम्ति माछा मार्ने गरेकाले हुनुपर्छ पिताजीलाई पनि माछा मार्न अति रुचि थियो ।' (पृ. १०)

माथिको वाक्यमा मत्स्यगन्धाका पिता माछा मार्ने पेशा गरेको रहेछ भन्ने कुराको बोध हुन्छ । जीविकोपार्जनका लागि माछा मार्ने पेशा अंगालेको र माछा मार्ने रुचि बढी रहेको कुरालाई उल्लेख गरिएको छ । पुर्खादेखि नै माछा मारेर जीविकोपार्जन गरेको भन्ने कुराबाट यसमा उत्पादक भूमिका निर्वाह गरेको पाइन्छ ।

'मुख्य रूपमा डुङ्गा खियाउनु, माछा मार्नु र अलिअलि खेती किसानी गर्नु बस्तीको रोजीरोटी थियो ।' (पृ. १०)

माथिको वाक्यमा डुङ्गा खियाउने, माछा मार्ने र खेती किसानी बस्तीका मानिसहरूको आय स्रोतको माध्यम रहेको कुरा बुझिन्छ । घरपरिवार चलाउनका लागि बस्तीका मानिसहरू डुङ्गा खियाएर, माछा मारेर र खेती किसानी गरेर आम्दानी लिएको भन्ने कुराले यहाँ उत्पादक भूमिका निर्वाह गरेको देखिन्छ ।

'घाटमा पुगिसकेको यात्रीलाई देखेपश्चात् सम्भव भएसम्म नदी पार  गराउनु हाम्रो पेशाको धर्म हो ।' पृ. २५)

माथिको वाक्यमा डुङ्गा खियाउने पेशा मात्र नभई धर्म पनि हो भन्ने कुरा उल्लेख गरिएको छ । डुङ्गा खियाउने मुख्य आम्दानीका स्रोत भएका कारण घाटमा पुगेका यात्रीलाई नदी पार गरी आम्दानी नि कमाउनु र धर्म नि हो भन्ने कुरा उल्लेख गरिएको छ । यसमा

आय आर्जनका मुख्य स्रोत नै घाटमा आएका यात्रीलाई नदी पार गर्नु भएकाले सम्भव भएसम्म नदी पार गराउँछ भन्ने कुराबाट उत्पादक भूमिकाको निर्वाह गरेको देखिन्छ ।

यस उपन्यासमा उत्पादक भूमिकाको रूपमा हेर्दा पुरुष र महिला दुबै संलग्न रहेको पाइन्छ । यसबाट के स्पष्ट हुन्छ भने महिलाहरू पनि आफ्नो जीविका चलाउन डुङ्गा खियाउन, माछा मार्न र खेती किसानी गर्न पुरुषसरह नै सशक्त हुन्छन् भन्ने कुरा प्रस्ट हुन्छ ।

### ४.२.२ पुनरुत्पादक भूमिका

पुनरुत्पादक भूमिकाका आधारमा हेर्दा विशेष गरी महिलाहरूको सहभागिता बढी पाइन्छ । बच्चा जन्माउने, गर्भधारण गर्ने, बालबच्चा हुर्काउने, दूध चुसाउने आदि यस पुनरुत्पादक भूमिका अन्तर्गत पर्दछन् भने खाना पकाउने, लुगा धुने, सरसफाइ गर्ने, खाद्यान्न संकलन गर्ने, घरधन्दा गर्ने, घर परिवारको हेरचह गर्ने आदि भने अनुत्पादक भूमिकाअन्तर्गत पर्दछन् । प्रस्तुत चीरहरण उपन्यासमा द्रौपदीले बच्चा पाउनु, स्तनपान गराउनु पुनरुत्पादक भूमिकाअन्तर्गत पर्छ भने बाह्र वर्ष वनबास जाँदा जंगलमा बस्ने बेला घर लिपपोत गर्नु, जल ल्याउनु, बाटिका स्याहार गर्नु, भोजन तयार गर्नु आदि अनुत्पादक भूमिका अन्तर्गत पर्दछ ।

'मबाट लगालग दुई पुत्रको जन्म भयो । चित्राङ्गद र विचित्रवीर्य ।' (पृ. ९९)

माथिको वाक्य महारानी सत्यावतीले भनेकी हुन् । महाराज शान्तानुका जेठी महारानीका पुत्र भीष्मले युवराज हुन मन नलागेको इच्छा जाहेर गरेपछि हस्तिनापुर दरबारमा महाराज शान्तानु पछि कोही नहुँदा महाराजको शेषपछि राज्य सञ्चालनका निम्ति एक युवराजको आवश्यकता भएका कारण महारानी सत्यावतीले पुत्रहरूको जन्म दिएका छन् । यसमा सत्यावतीले पुत्र जन्म दिएर पुनरुत्पादक भूमिका निर्वाह गरेकी छन् ।

'दुर्भाग्य, महासमर्पणको परिणाम मैले जन्मजात दृष्टिविहीन पुत्र जन्माएँ । अम्बालिकाबाट पनि स्वस्थ पुत्रको जन्म भएन । दुब्लो कमजोर रोगी पुत्रलाई जन्म दिइन् उनले । दासीबाट पनि पुत्रकै जन्म भयो । उसको पुत्र भने निकै स्वस्थ थियो ।' (पृ. १५८)

माथिको वाक्यमा महारानी अम्बालिका, अम्बिका र दासी तिनै जनाले पुत्र जन्माएका छन् । यसबाट तिनै जनाले पुनरुत्पादक भूमिका निर्वाह गरेको देखिन्छ भने दासीले

महारानीहरूको रेखदेख, स्याहारसुसार गरेका कारण दासी अनुत्पादक भूमिकामा पनि रहेको देखिन्छ ।

'माद्रीले आश्विनीकुमारबाट एक होइन जुम्ल्याहा पुत्रलाई जन्म दिइन् ।' (पृ. २४२)

माथिको भनाइमा माद्रीले आश्विनीकुमारबाट दुई पुत्रलाई जन्म दिएको कुरालाई उल्लेख गरेको छ । महाराज पाण्डुको पुत्र प्राप्त गर्ने इच्छालाई पूरा गरिदिनका निम्ति माद्रीले आश्विनीकुमारबाट जुम्ल्याहा पुत्र नकुल र सहदेवलाई जन्म दिएकी छन् । यसबाट माद्रीले पुनरुत्पादक भूमिका निर्वाह गरेकी छिन् । त्यस्तै द्रौपदी, भानुमति, उलूपी, कुन्ती, शुभद्रा, सुघदाको भूमिकालाई पनि पुनरुत्पादक भूमिकाअन्तर्गत राख्न सकिन्छ ।

'लिपपोत गर्ने, जल ल्याउने, भोजन तयार गर्ने, वस्त्र सफा गर्ने, वाटिका स्याहार गर्ने, कहिले दाउराका निम्ति जङ्गल समेत जाने  गर्थे ।' (पृ. ४०५)

माथिको भनाई महारानी द्रौपदीको हो । पाँच पाण्डवले जुवामा हारेपछि पाँच पाण्डवसँगै बनबास गएकी द्रौपदीले यसमा अनुत्पादक भूमिका पनि निर्वाह गरेको देखिन्छ । वनबासमा जाँदा पञ्चपति नित्यकर्ममा लागेको र घरको रखदेख गर्ने जिम्मेवारी द्रौपदीमाथि परेपछि खाना पकाउने, लुगा धुने, पानी ल्याउने कार्य  गरेकी छन् । यसबाट द्रौपदीले अनुत्पादक भूमिका पनि निर्वाह गरेको देखिन्छ । प्रस्तुत उपन्यासमा पुनरुत्पादक भूमिकामा महिलाको भूमिका र अनुत्पादक भूमिकामा पुरुषको तुलनामा महिलाहरूको बढी सहभागिता रहेको देखिन्छ ।

### ४.२.३ सामुदायिक भूमिका

शक्ति र पहुँचको प्रयोगबाट समुदायमा गरिने कार्यहरू यस भूमिकाअन्तर्गत पर्दछन् । सामाजिक भलाई र प्रगति हुने कार्य सामुदायिक भूमिकाभित्र पर्दछ । सामुदायिक भूमिका भन्नाले उपन्यासले देखाएको समुदायभित्र गरिएको कार्यसँग सम्बन्धित छ । समुदायमा साँस्कृतिक एकाइहरूले यी कार्यहरू पुरुषले गर्ने, यी कार्यहरू महिलाले गर्ने भनी निर्धारण गरेका कार्य वा भूमिका नै सामुदायिक भूमिका हो । प्रस्तुत उपन्यासमा प्रयुक्त सामुदायिक भूमिकाका उदाहरणहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

'यमुनाको तल्लो भँगालो छोएको बस्तीमा नदी पस्ने हो कि भन्ने सधैँ त्रास रहन्छ, दासराज पानीको बहाव निरीक्षणको निम्ति बस्तीवालाहरूसँग जानुभएको छ (पृष्ठ ८) ।'

माथिको भनाइ दासरानीको हो । यमुना नदीको छेउछाउका बस्तीमा पानी परेको बेला नदीको बहाव बढेर बस्तीमा पसेको कुरालाई उल्लेख गरिएको छ । जसमा समाजको सेवाको लागि दासराज खटिएको देखिन्छ । पानीको बहाव निरीक्षणको लागि दासराज गएको कुराबाट दासराजले सामुदायिक भूमिका खेलेको देखिन्छ । यसमा समाजको भलाइको लागि कार्य गरेको देखाइएको छ ।

'आफ्नै घरमा विरामी नातिनी छोडेर अन्यको उपचारमा गएको हुँदा वर्षा अलि कम भए पश्चात रातारात हिँडेर त्यहाँ आइपुगेको भन्नुहुन्थ्यो ।' (पृ. १८)

माथिको वाक्यमा आफ्नै घरको विरामीलाई छाडेर अन्यको उपचारमा गएको कुराबाट समाज सेवामा लागेको कुरा बुझिन्छ । समाजको सेवाको लागि वा अन्य विरामीको ज्यान जोगाउनका लागि वर्षाको बेला रातारात हिँडेर आएको कुरालाई उल्लेख गरिएको छ । आफ्नो ज्यान र घरकै विरामी नातिनीको ज्यानलाई जोखिममा राखी अन्यको उपचारका लागि रातारात हिँडेको वैद्यराजबाट सामुदायिक भूमिका निर्वाह गरेको देखिन्छ । यसमा वैद्यराजले सामुदायिक भूमिका खेलेको देखिन्छ ।

'महाराज पाण्डुलाई राति नै युद्धको निम्ति प्रस्थान गर्नुपरेछ, तिमीलाई त्यस सन्दर्भमा जानकारी भयो होइन कुन्ती ।' (पृ. २१५)

माथिको भनाइ राजमाता सत्यावतीको हो । विवाहकै दिन महाराज पाण्डु महारानी कुन्तीलाई जानकारी नै नगराई युद्धमा गएको कुरा उल्लेख गरिएको छ । विवाहको रात सुहागरातको पर्खाइमा रहेकी महारानीलाई थाहै नदिई राज्यको संरक्षणका लागि युद्धमा लड्न हिँडेको महाराज पाण्डुको कार्यबाट सामुदायिक भूमिका खेलेको देखिन्छ । एउटा राजा भएको नाताले आफ्नो राज्यको रक्षाका लागि युद्ध गर्न हिँडेको कुरालाई उल्लेख गरेको छ । यसमा महाराज पाण्डुले सामुदायिक भूमिका निर्वाह गरेको देखिन्छ ।

यस चीरहरण उपन्यासमा सामुदायिक भूमिकालाई हेर्दा महिलाहरूको भन्दा पुरुषहरूको बढी सहभागिता रहेकाले लैङ्गिक असमानता रहेको पाइन्छ ।

## ४.३ लैङ्गिक समस्या

प्रस्तुत चीरहरण उपन्यास एउटा लैङ्गिक उपन्यास हो । यसमा समाजमा पुरुषले महिलाहरूमाथि गरिने भेदभाव, हिंसा, दमन, शाषण, हत्या, अन्याय, अत्याचार, बलात्कार र

पितृसत्तात्मक समाजको यथार्थ चित्रण पाइन्छ । चीरहरण उपन्यास नारीका विभिन्न पीडादायी समस्याहरूमा केन्द्रित छ । जुन महाभारतकालिनदेखि आजपर्यन्तसम्म नारीहरू त्यस्ता पीडादायी समस्याहरूबाट मुक्त हुन सकेका छैनन् । पितृसत्तात्मक समाज भएका कारण महिलाहरू पुरुषहरूको शिकार भइरहेका छन् । यस्ता पुरुष शासित समाजमा महिलाले पुरुषको दानवीय प्रवृत्तिबाट मुक्त हुनका लागि संघर्ष गर्नुपर्ने र त्यस कार्यमा महिलाहरू आफैँ अग्रसर भएर अगाडि बढ्नुपर्ने चेतना व्यक्त गरेको पाइन्छ । प्रस्तुत उपन्यासमा नारी अस्तित्व र नारी चेतनाको बारेमा महिला आफैँ डटेर लड्नुपर्ने कुरा उल्लेख गरेको पाइन्छ । यस चीरहरण उपन्यासको लैङ्गिक समस्यासम्बन्धी विश्लषण गर्दा यसमा प्रशस्त मात्रामा लैङ्गिक समस्याहरू रहेको देखिन्छ । यसमा यौनिकता, हिंसा, अधीनता र विभेद जस्ता लैङ्गिक समस्याहरू रहेको छ । जसलाई छुट्टाछुट्टै निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.३.१ यौनिकता

चीरहरण उपन्यासमा यौनिकतासम्बन्धी समस्या रहेको पाइन्छ । यसमा महिलाहरूप्रति पुरुषको कुदृष्टि रहेको छ । पुरुषले महिलाहरूलाई गिद्धे नजरले हेरी यौन शोषण गर्न खोजिएको छ ।

'तिम्रो यो अधर, तिम्रो मुहार, सुन्दर कलाकारिताको अनुपम उपहारको दर्शन पाएपश्चात् म स्वयम् आफ्नो वशमा रहिनँ । मलाई सम्हाल युवती ? तिमीमा म लीन हुन चाहन्छु ।' (पृ. ४०)

माथिको वाक्य महर्षिले मत्स्यगन्धासँग भनेको हो । मत्स्यगन्धाको सुन्दरतालाई देखेर यौन इच्छा जागेको कुरा महर्षिले व्यक्त गरिएको छ । आफ्नो यौन चाहना पूरा गरिदिन मत्स्यगन्धासँग अनुरोध गरेको देखिन्छ । जसमा पुरुषले महिलालाई भोग्य सामग्रीको रूपमा लिइएको देखिन्छ । यस वाक्यमा कुनै सुन्दरी नारीमाथि पुरुषले कुदृष्टि नजरले हेरेको र यौन तृप्ति मेटाउन खोजेको कुराबाट यहाँ यौनिकतासम्बन्धी समस्या रहेको देखिन्छ ।

'चिसो जलको स्पर्शले म लठ्ठिदै गएँ । शुष्क शिथिल हुँदै गएँ । सुदूर क्षितिजको मार्गमा उडिरहेको अनुभूत गरेँ । प्यास लागेझैँ मुख सुक्यो । मैले महर्षिको बाहुमै ढलेर अर्धचेतमा भनेँ, मलाई सम्हाल्नुहोस् महर्षि . . . ।' (पृ. ४२)

माथिको भनाइ मत्स्यगन्धा सत्यवतीले महर्षिलाई भनेकी हो । महर्षिले मत्स्यगन्धालाई तिमी मसँग यौन सुख भोग गर्न तयार होऊ म तिमीलाई मत्स्य गन्धाबाट सुन्दर बासनादार योजनागन्धा बनाईदिन्छु भनी प्रलोभन देखाएपछि मत्स्यगन्धा पनि महर्षिप्रति आकर्षित भई सम्भोग गर्न हतार हुन्छे । यही प्रसंगमा मत्स्यगन्धाले माथिको भनाइ भनेकी हुन् । महर्षिको मोह जालमा परेकी मत्स्यगन्धा लट्ठिदा उनले मलाई सम्हाल्नुहोस् महर्षि भन्ने कुराबाट यसमा यौनिकता देखिन्छ । त्यसैले यसमा यौनिकतासम्बन्धी समस्या रहेको देखिन्छ ।

'यो सर्वसुन्दरी उर्वशीलाई स्थायी घरबारको रहर छ । मसँग विवाह गर अर्जुन । मलाई पत्नीको दर्जा देऊ ! म पनि ग्रहण गर्न लालयित छु । तिमी त्यस्तो पुरुष हौ, जसलाई मैले निर्धक्क प्रेम गर्न सक्छु ।' (पृ. ४०९)

माथिको वाक्य स्वर्गकी सर्वसुन्दरी उर्वशीले अर्जुनलाई भनेकी हुन् । यसमा अर्जुनको बहादुरी र साहसीपन देखेर अर्जुनप्रति आकर्षित भई मलाई विवाह गरी पत्नीको दर्जा देऊ भनी अनुरोध गरेको छ । अर्जुनको पत्नी भएर स्थायी घरबार बनाउन लालयित उर्वशीको प्रेम गर्ने इच्छा र विवाह गर्ने इच्छालाई देखाएको छ । यसमा उर्वशीले अर्जुनलाई पतिको रूपमा ग्रहण गर्न लालयित भएको कुराबाट यौनिकता रहेको भेटिन्छ । त्यसैले प्रस्तुत वाक्यमा यौनिकता भेटिन्छ ।

'आऊ प्रिय, मेरो अंगालोमा आऊ ! तिमीसँगको साक्षात्कार पश्चात यो किचक निदाउन सकेको छैन । दिनको भोक र रातको निद्रा तिम्रो सुन्दरता र यौवनले हरण गऱ्यो प्रिय ! तिम्रो नाममा अस्वस्थ भएको छु । निराश नपार प्रिय । अँगालोमा आऊ । काखमा सुस्ताउन अवसर दिई मेरो महारोगको उपचार गरिदेऊ ।' (पृ. ४३८)

माथिको भनाइ दानवीय प्रवृत्ति भएका पात्र किचकले रानी द्रौपदीलाई भनेको हो । रानी द्रौपदी सर्वसुन्दरी भएका कारण किचकको कुदृष्टि रानी द्रौपदीमाथि पर्छ । द्रौपदीको सुन्दरता र यौवनमा अस्वस्थ भएको किचकले द्रौपदीलाई अँगालोमा आएर उसमा लीन हुन अनुरोध गरेको कुरालाई देखाइएको छ । माथिको वाक्यमा एउटी सुन्दरी नारीको सुन्दरतालाई देखेर गिद्धेनजर लाउने पुरुषको बेहोसीपनलाई देखाउन खोजिएको छ । यसमा किचकले रानी द्रौपदीलाई आफ्नो यौन तृप्ति मेटाइदिने अनुरोध गरेको कुरामा यौनिकताको प्रयोग भएको देखिन्छ ।

'मेरो जस्तै तिम्रो हृदयले पनि एकान्त चाहिरहेको छ, होइन सुन्दरी ? अब हामी एक आपसमा खुलेर वार्ता गर्न सक्छौँ । हामी एक आपसले अलवा कसैले सुन्न सक्दैन हामीलाई । मेरा घोडाले पनि ।' (पृ. २७)

उल्लिखित भनाइ महाराज शान्तनुको हो । राजकुमारी सत्यावतीलाई प्रेम गरेको महाराज शान्तनु सत्यावतीसँग एकान्तमा वार्ता गरेको अवस्थालाई उल्लेख गरिएको छ । महाराज शान्तनुले सत्यावतीलाई हामी दुई एकान्त ठाउँमा छौँ र हामीलाई तिमी र म बाहेक अरू कसैले देख्न र सुन्न सकिँदैन अब हामी खुलेर एक आपसमा वार्ता गर्न सक्छौँ भन्ने कुरामा यौनिकता झल्किएको छ ।

## ४.३.२ **हिंसा**

अरूको इच्छाविना आफ्नो स्वार्थ पूरा गर्नका लागि गरिने जुनसुकै दुर्व्यवहारलाई हिंसा भनिन्छ । अरूको मौलिक हक अधिकारबाट वञ्चित गराउनु नै हिंसा हो । हिंसा शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक दुर्व्यवहार हो । अरूको स्वतन्त्रतामा बाधा उत्पन्न गर्नु हिंसा हो (खनाल, २०७५ : २९) । समग्रमा आफ्नो इच्छा पूरा गर्नका लागि अरूको इच्छा विपरीत फाइदा उठाउन गरिने दुर्व्यवहारलाई हिंसा भनिन्छ । यस चीरहरण उपन्यासमा पनि प्रशस्त हिंसात्मक समस्या रहेको देखिन्छ ।

'भीष्मको जित भन्नु हाम्रो हार अर्थात् हरण थियो ।' (पृ. ११५)

माथिको भनाइ राजकुमारी अम्बाले अम्बिका र अम्बालिकालाई भनेकी छन् । स्वयम्बर सभाबाट राजकुमारीहरूको इच्छा विपरीत भीष्मले जबरजस्ती उठाएर हरण गर्दा भीष्मले जितेको र राजकुमारीहरूले हारेको कुरा माथिको वाक्यमा उल्लेख गरेको पाइन्छ । तिन राजकुमारीहरूको खुशी विपरीत र राजकुमारीहरूको स्वतन्त्रताको हनन् भीष्मले हरण गरेर महिला हिंसा गरेको पाइन्छ ।

'म आफू र मेरा बहिनीहरू अपहरित हुनुको पीडा आफ्नो स्थानमा छ, त्यसमा एक भद्र सम्मानित नारीको समेत स्वीकृत र संलग्नता थियो भन्ने यथार्थले मलाई अझ व्याकुल तुल्यायो राजमाता ।' (पृ. ११८)

उल्लिखित वाक्यमा स्वयम्बर सभाबाट तिन राजकुमारी दिदी बहिनीलाई हरण गर्नका लागि अर्की नारी पात्र राजमाताको समेत संलग्नता रहेको कुरालाई देखाइएको छ । यसमा

एउटी नारीले आफ्नो स्वार्थ पूरा गर्नका लागि पुरुषको सहायताले अर्की नारीमाथि हिंसा गर्न पछि नपरेको कुरालाई व्यक्त गरिएको छ । यसमा नारीमाथि नारीले नै हिंसा गरेको कुरालाई देखाइएको छ । अम्बा, अम्बिका र अम्बालिकालाई हरण गर्नको लागि राजमाता जस्ती एक भद्र सम्मानित नारीको स्वीकृत भई राजकुमारीहरूको इच्छा विपरीत हरण हुँदा यहाँ नारीमाथि नारीले नै हिंसा गरेको भेटिन्छ ।

'अरू नारी नौमास गर्भपश्चात् सन्तान सुखभोग गर्छन् । परन्तु तिमी ? यो कस्तो अलक्षिण हो ? धिक्कार छ तिमी नारी जाति हुनुमा पनि । यो तिम्रो सोही ग्रहदोषको कारण हो ।' (पृ. २०४)

उल्लिखित भनाइ महाराज धृतराष्ट्रले महारानी गान्धारीलाई भनेको हो । यस वाक्यमा महारानी गान्धारीले गर्भ रहेको नौ महिना बितिसक्दा पनि सन्तान नजन्माएपछि महाराज धृतराष्ट्रले अलक्षिण ग्रहदोषको कारण बच्चा जन्माउन नसकेको भनी  गाली गरेको कुरालाई देखाउन खोजिएको छ । गर्भवती भएको नौ महिना नाघिसक्दा पनि बच्चा जन्माउन नसकेकोमा धिक्कार छ तिमी नारी जाति हुनुमा भनी महिला हिंसा गरेको पाइन्छ ।

'हे प्रभु, यो के हुँदैछ ? कुनै समय यो पाञ्चालीलाई पाँच जनाकी पत्नी भनी बाँडियो । आज मुनीले यही पाञ्चालीलाई पतिले भोग गर्ने तालिकामा बाँडिदिनुभयो । पतिहरूले पति पत्नीका निजी जीवनलाई सार्वजनिक तुल्याएको प्रतीत भयो । वीर पाँच पाण्डवका पति पत्नीको रातसम्म कोही आएर भागबन्डा लाइदिनुपर्ने ? धन्य वीरपुरुष ।' (पृ ३१४)

उल्लिखित भनाइ रानी द्रौपदीको हो । माथिको वाक्यमा रानी द्रौपदी अर्थात् पाञ्चालीलाई अर्जुनले विवाह गरेर लगेपछि माता कुन्तीले पाँच भाइ बाँडि खानु भनी बाँडिदाको कुरा उल्लेख गरिएको छ भने पाँच पतिहरूले भोग गर्ने समय तालिका समेत मुनीले बाँडिदिएको कुरा व्यक्त गरिएको छ । यस वाक्यमा एउटी नारीलाई पाँच पतिमा बाँडिनु र पतिले भोग गर्ने कुरामा पनि अरू मुनीद्वारा बाँडिदिँदा महिला हिंसा भएको देखिन्छ । यसमा कुन्ती र मुनीले महिला हिंसा गरेको भेटिन्छ । माथिको वाक्यमा रानी द्रौपदीलाई माता कुन्तीले पाँच भाइ बाँडि खानु भनी बाँडिदा र मुनीले पतिले भोग गर्ने समय तालिकाअनुसार बाँडेर भोग गर्न अनुरोध गर्दा महिला हिंसा गरेको पाइन्छ ।

'दुःशासन कति यसको बकबक सुनिरहेको ? छिटो नाङ्गो बनाऊ ! पाँच पत्नीको लागि हामीले दिने सही इज्जत यही हुनेछ । यो गरिमामय सभामा यत्रा महापुरुषको सामुन्ने निर्वस्त्र हुन पाउनु यसको निम्ति महाइज्जत र सौभाग्य हुनेछ । कति तेरा पाँच पतिको लागि मात्र ।' (पृ. ३६८)

उल्लिखित भनाइ दूर्योधनको हो । महारानी द्रौपदीको पाँच पतिले जुवामा थापेर हारेको र पाँच पति सँगै रानी द्रौपदी पनि दूर्योधनको दास दासी भएको कुरा व्यक्त गरेको छ । यसमा दूर्योधनको दासी भएपछि रानी द्रौपदीलाई जबरजस्ती नाङ्गो तुल्याउन लगाइएको छ । रानी द्रौपदीको इच्छा विपरीत पाँच पतिले जुवामा थापिएपछि हारेर दासी बनेका द्रौपदीलाई दुःशासन र दूर्योधन, कर्ण, शकुनि आदिले नाङ्गो बनाउन खोजिएको छ । यसमा रानी द्रौपदीको खुशी विपरीत जबरजस्ती इज्जत लुट्न खोजिएको र नाङ्गो बनाई चीरहरण गर्न खोज्दा महिला हिंसाका साथै शारीरिक हिंसा समेत भएको पाइन्छ ।

'कसले लिएर आउँछ प्रलय ? भाइ दुःशासन, के सुनेर बसिरहेको छौ ? शीघ्र नाङ्गो पार यो पञ्चपत्नीलाई ।' (पृ. ३६७)

माथिको वाक्यमा दूर्योधनले भाई दुःशासनलाई रानी द्रौपदीलाई छिटो नाङ्गो पार, छिटो चीरहरण गर भनी निर्देशन दिँदा महिला हिंसा गरेको देखिन्छ । यसमा रानीको कुनै इच्छा विना नै नङ्ग्याउन खोज्दा महिला हिंसा गरेको भेटिन्छ ।

### ४.३.३ अधीनता

अधीनता भन्नाले अरूको अधीनमा बस्नु वा निम्न अवस्थामा रहनु भन्ने बुझिन्छ । यसले समाजमा कुनै व्यक्ति विशेष भन्दा निम्न महत्त्व रहनुलाई जनाउँदछ । महिला अधीनता भन्नाले समाजमा पुरुषको तुलनामा महिलाको स्थान निम्न रहेको वा महिलाको अस्तित्व कम रहेको अवस्थालाई बुझाउँदछ । प्रस्तुत चीरहरण उपन्यासमा पनि महिला अधीनता समस्याको रूपमा रहेको छ ।

'पाँच पुरुषको साझा पत्नी भएर यो वनजंगलमा कति बस्छौ ? हिँड मसँग ! दरबारमा रानी बनाई राख्छु । हेर तिम्रो कोमल शरीरलाई पञ्चपतिले कुन दशासम्म पुऱ्याए ! मृगनयनी निताम्बिनी उही द्रौपदी हो भनी चिन्न समेत मुस्किल रहेछ । अधैर्य नहाऊ ! राजमहलको सुख सुविधाले शीघ्र नै आधारमा मासु र रगत पहिलासरी भरिनेछ । हिँड, मलाई सेवाको मौका देऊ ।' (पृ. ४१६)

उल्लिखित भनाइ जयदुथको हो । वनबासमा हिँडेका रानी द्रौपदीलाई जंगलमा भेटिएपछि मसँग हिँड म तिमीलाई दरबारमा रानी बनाई राख्छु भन्ने कुरा व्यक्त गरिएको छ । पाँच पतिसँगै वनबासमा हिँडेका रानी द्रौपदी दुब्ली र नचिन्नेसम्म भएको र म तिमीलाई दरबारको सुविधा सुविधा सम्पूर्ण दिन्छु भन्ने कुराबाट यसमा जयद्रथले रानी द्रौपदीमाथि अधीन जमाएको छ । जंगलमा पञ्चपत्नी भएर बस्नु भन्दा मसँग हिँड भन्ने कुराबाट यसमा जयद्रथले अधीन जमाएको देखिन्छ ।

'तिमी आफ्नो अभिभारा बोध गर ! पत्नीको उत्तरदायित्व बहन गर्ने अभिलाषा राख ।' (पृ. १७९)

माथिको वाक्य महाराज धृतराष्ट्रले महारानी गान्धारीलाई भनेको हो । यस वाक्यमा एउटी पत्नी भएर आफ्नो जिम्मेवारी के हो बोध गर भनी देखाइएको छ । यसमा पतिको खुशीको लागि पत्नीले के उत्तरदायित्व पूरा गर्नुपर्छ, अभिभारा के हो बोध गर भनी धृतराष्ट्रले महारानी द्रौपदीलाई भन्दा अधीनता जमाउन खोजिएको देखिन्छ ।

'म विश्वस्त छु, सन्तानोत्पादनको निम्ति तँ योग्य छेस् । यथाशीघ्र पुत्र जन्माउनुपर्छ ।' (पृ. १९९)

उल्लिखित भनाइ महाराज धृतराष्टले महारानी गान्धारीको दासीलाई भनेको हो । महारानी गान्धारीबाट पुत्रको जन्म नभएपछि महाराज धृतराष्ट्रले दासीलाई तैंले पुत्र जन्माउनुपर्छ भनेको छ । दासी सन्तान उत्पादन गर्न योग्य भएका कारण तैंले छिटै पुत्र जन्माउनुपर्छ भन्दै दासीलाई अधीनतामा राखेको देखिन्छ ।

'तिमी दृष्टिलाई सम्मान गर्दै पुत्र प्राप्तिको निम्ति तत्पर होऊ । अब तिमी माता बन्न तत्पर होऊ ।' (पृ. २०९)

माथि उल्लिखित वाक्यमा राजकुमारी कुन्तीले महर्षिले दिएको मन्त्र अर्थ नबुझी उच्चारण गर्दा सूर्यको आगमन हुन्छ र सूर्यले तिमीले मलाई मन्त्रद्वारा आह्वान गरेर म तिमीलाई फल प्रदान गर्न आएको भन्दै सूर्यले पुत्र दिन आएको कुरा सुनाउँछ । यसमा सूर्यले कुन्तीलाई तिमी पुत्र प्राप्तिको लागि तयार हुनुपर्छ र माता बन्नैपर्छ भनी अधीन जमाएको छ । जसमा कुन्तीको इच्छा नै थिएन । यसरी हेर्दा कुन्तीको विना इच्छा नै पुत्र जन्माउन लगाई कुन्तीमाथि महर्षिले अधीन जमाएको देखिन्छ ।

'तिमीले मलाई टेर्न छाड्यौ होइन ? कहाँ सवारी भएर आएकी ? दिनभर र यो मध्यरातसम्म कहाँ थियौ तिमी ।' (पृ. ६९)

उल्लिखित वाक्यमा सत्यावती महाराज शान्तनुसँग घुमेर फर्किदा घरमा राती मात्र पुगेको यति रातीसम्म कहाँ कोसँग थियौ भनी उसको पिताले सत्यावती माथि अधीन जमाएको देखिएको छ । छोरी मान्छे राति अबेरसम्म हिँड्न हुँदैन भन्दै छोरीलाई अधीनमा राखेको देखिन्छ ।

'तिमी गर्व गर, खुशी मन गर तिमीले दुःख, सुख बाँड्ने समय व्यतीत गर्न बाहिनी प्राप्त गरेकी छौ ।' (पृ. २१८)

माथिको वाक्य महारानी कुन्तीलाई उसकी जिजुमुवा राजमाताले भनेकी हुन् । महाराज पाण्डु युद्ध जाँदा फर्किने बेला नवदुलही माद्रीलाईसँगै लिएर आएका थिए र यो कुरा महारानी कुन्तीलाई थाहा थिएन । दुःख, सुख बाँड्ने, समय व्यतीत गर्न बहिनी प्राप्त गरेकी छौ तिमी आफूलाई गर्व गर, खुशी हुनुपर्छ भन्दै नातिनी बुहारीलाई राजमाताले अधीनमा राख्न खोजेको देखिन्छ । कुन्तीको खुशी विपरीत पाण्डुले सौता हाल्दा समेत आफूलाई गर्व गर भन्दै राजमाताले कुन्तीमाथि अधीन जमाएको पाइन्छ ।

### ४.३.४ विभेद

महिला र पुरुषबीच गरिने फरक व्यवहार नै विभेद हो । महिला वा पुरुषमध्ये कुनै एकलाई प्रोत्साहित र अर्कोलाई निरुत्साहित गर्नुलाई लैङ्गिक विभेद भनिन्छ । यसर्थ पितृसत्तात्मक मान्यतामा रहेर महिला विरुद्ध गरिने व्यवहार नै विभेद हो । चीरहरण उपन्यासमा पनि पितृसत्तात्मक सोचका कारण महिलाहरूलाई जताततै विभेद गरेको पाइन्छ ।

'निकटबाट नै देखेँ मेरो जस्तो कालो वर्ण रहेछ दाजु मत्स्यको पनि । त्यसबखत् कल्पिएँ, म पनि पुत्र भई जन्मिएको भए दाजु छेउ त्यसरी नै उभिएकी हुन्थें, हामी दुईमा लिङ्ग भेद भयो, त्यही पृथक्ताले फरक हुन गयो चेदी राजाबाट ।' (पृ. ३२)

उल्लिखित भनाइ मत्स्यगन्धा सत्यवतीको हो । सत्यावतीलाई छोरी जाति भएका कारण परिवारबाट अपहेलित भएर राज्यबाट नै निकालिएकी छ । माछाको जस्तो गन्ध र माछाजस्तै काली  गनाउने भएर उनलाई घरबाट निकालिएको छ । मत्स्यगन्धा नारी भएका

कारण राज्यबाट निष्कासित भएकी छ भने दाजु मत्स्य पुरुष भएकाले युवराज घोषणा भएको छ । यसरी घरमै पनि छोरा र छोरीमा विभेद गरेको पाइन्छ । राजा चेदीराजले मत्स्यगन्धा छोरी भएकोले राज्यबाट र घरबाट निकालिएको कुराबाट चेदीराजाले लिङ्ग विभेद गरेको देखिन्छ ।

'आफू पुरुष जाति भएकाले राजकुमार कहलिएर दरबारमा हुर्किने अवसर प्राप्त भयो । बहिनी भने नारी जाति हुनाले तिरस्कृत भई निषाद बस्तीमा छे भन्ने ज्ञात होला नहोला मेरो दाजुलाई ।' (पृ. ३०)

उल्लिखित भनाइ मत्स्यगन्धा सत्यावतीको हो । यस वाक्यमा सत्यावतीका दाजु मत्स्य भने छोरा जाति भएर राजकुमार कहलिई दरबारमा हुर्किएको र उनी भने छोरी जाति भएका कारण दरबार बाहिर सामान्य वर्गको परिवारमा हुर्किएको दरबारबाट तिरस्काररर गरेको कुरा व्यक्त गरिएको छ । यसबाट पनि लैङ्गिक विभेदको सृजना भएको देखिन्छ ।

'आफ्नो वीर्यबाट जन्मिएको हस्तक्षेपमा म जस्तै मेरो दाजुलाई भने आफ्नो पुत्र हो भनी अधिकार जमाए चेदीराजले । त्यही वीर्यको एक हिस्सा म भने पुत्री भएको कारण तिरस्कारमा परेँ ।' (पृ. ३३)

माथिको वाक्यमा राजदरबारमा पनि छोरा जन्मे अधिकार जमाउने र छोरी जन्मेमा तिरस्कार गरी राज्यबाट निकालिएको पाइन्छ । यसमा एउटै मान्छेको वीर्यबाट छोरा र छोरी भई जन्मिदा पनि विभेद गरेको पाइन्छ । छोराकै एक हिस्सा छोरी भएर आउँदा विभेद गरेको पाइन्छ ।

'मत्स्यगन्धा, तिमी अलि टाढा नै बस्ने गर ! तिमी निक्कै गनाएकी छौ ।' (पृ. ३७)

उल्लिखित वाक्यमा मत्स्यगन्धाको शरीरबाट माछाको जस्तो गन्ध र माछा जस्तै काली भएका कारण सँगै खेल्ने साथीसंगीले तिमी गनाएकी छौ नजिक नबस अलि टाढा बस्ने गर भन्दै विभेद गरेको देखिन्छ ।

'किन पुत्र नै महर्षि ? पुत्र हुन सक्दिन ? र जो कोही किन पुत्रकै कामना गर्दछन् ? आशिषमा समेत मान्यवरले पुत्रवती हुन् भनी आशिष दिन्छन् । आजपरन्तु कसैले कसैलाई पुत्रीवतीको आशिष दिने गरेको भन्ने सुनेकै छैन ! यस्तो किन हुन्छ महर्षि (पृ. ४९) ।'

माथिको वाक्यमा महर्षिले पुत्रवती हुनु भनी सत्यावतीलाई आशिष दिँदा महर्षिले पुत्रकै कामना गरेको बुझिन्छ । जो कोहीले पनि पुत्रकै महत्त्व उच्च राखेको बुझिन्छ । त्यसैले आशिषमा पनि पुत्रवती हुनु भन्दा लिङ्ग विभेद गरेको देखिन्छ । यसमा आशिष दिँदा समेत पुत्रीवती हुनु नभनी पुत्रवती हुनु भन्दा लैङ्गिक विभेद भएको पाइन्छ ।

'चेदीराजले म छोरी जाति भएकाले मलाई स्वीकार गरेनन् ।' (पृ. ७१)

माथिको वाक्यमा राजाले समेत छोराछोरीमा विभेद गरेको भन्ने बुझिन्छ । यसमा मत्स्यगन्धा छोरी जाति भएर जन्मेका कारण स्वीकार नगर्दा चेदीराजले लैङ्गिक विभेद गरेको छ ।

'आफू हारेर पतिलाई जिताउनुपर्ने हुन्छ । त्यति सामर्थ्य राख्न सकिएन भने नारीले घर खान कसरी सक्छे र ?' (पृ. ७५)

उल्लिखित भनाइमा नारी जातिलाई पुरुष बराबरको नठानी पुरुषको सहयात्री वा दोस्रो दर्जाको रूपमा लिएको कुरालाई व्यक्त गरिएको छ । नारीले पुरुषको हर कुरामा जिताउनुपर्ने र पुरुषको अर्धाङ्गिनी बनी दासीको रूपमा रहनुपर्ने भन्ने बुझिन्छ । यसमा पुरुषको महत्त्व र अस्तित्व बढी र नारीको महत्त्व र अस्तित्व कम देखाइएकाले विभेद भएको पाइन्छ ।

'महाराज, हामी दुबैलाई पुत्र प्रदान गरियोस् ।' (पृ. १२९)

माथिको भनाइ महाराज विचित्रवीर्यलाई महारानी अम्बालिकाले भनेकी हुन् । यसमा महारानी अम्बिका र अम्बालिका दुबैलाई पुत्रको चाहना भएको कुरा व्यक्त गरिएको छ । महारानीहरू आफू नारी भएर पनि आफ्नो कोखबाट पुत्र नै जन्माइदिने चाहना गरेको हुँदा यसमा लैङ्गिक विभेद भएको छ ।

'महाराजलाई अधिक पुत्रको मात्र कामना रहेछ । पुत्रीको कामना चाहिँ रहेनछ ।' (पृ. २४०)

प्रस्तुत वाक्यमा महाराज पाण्डुले महारानी कुन्तीलाई पुत्र प्राप्त गर्ने अनुरोध गर्दा महारानी कुन्तीले माथिको भनाइ बोलेको हो । महाराज पाण्डुलाई पुत्रीको भन्दा पनि पुत्रको अधिक चाहना भएकाले यहाँ लैङ्गिक विभेद गरेको देखिन्छ ।

'पत्नी भन्नु पतिको खेत हो । खेतको मालिक भन्नु पति हो । यसर्थ खेतमा बाली जो सुकैले लगाए तापनि यसमा उब्जिएको बालीको स्वामित्व खेत मालिककै हुन्छ ।' (पृ. १४८)

उल्लिखित भनाइ राजमाता सत्यावतीको हो । यसमा पत्नीलाई खेतसँग तुलना गरिएको छ । जसरी खेतमा बाली जसले लगाए पनि त्यो बाली खेत मालिकको हुन्छ त्यसरी नै पत्नीलाई जो जसले भोग गरे पनि त्यस पत्नीबाट जन्मेको बच्चा पतिकै हुन्छ भनिएको छ । यसमा नारीलाई जो सुकैले प्रयोग गर्न मिल्ने एउटा साधनको रूपमा लिएको हुँदा नारीलाई विभेद गरिएको पाइन्छ । यसमा लैङ्गिक विभेद गरेको देखिन्छ ।

'यो परम्पराको विपरीत हो । तमाम उपस्थित भद्रहरूको कन्यालाई उच्छृङ्खल मान्नेछन् । स्वयम्भर सभामा आमन्त्रितबाट आफ्नो वर छान्ने अधिकार भए तापनि कन्या बोल्ने परम्परा रहेको छैन । शान्त, मौन र शिर झुकाएर रहनुपर्ने छ कन्या । त्यसमा नै हामी सबैको इज्जत र प्रतिष्ठा छ ।' (पृ. २१३)

माथिको वाक्यमा स्वयम्बर सभाबाट आफ्नो वर छान्ने अधिकार भए तापनि इच्छा लागेका कुरा व्यक्त गर्न नपाउने कुराबाट यसमा विभेद भएको देखिन्छ । छोरी मान्छे सभामा बोल्नु राम्रो होइन र पोथी बासेको सुहाउँदैन जस्ता कुराहरू व्यक्त गरेको छ । सभामा जसले जे भने पनि शिर झुकाएर बस्नुपर्ने भन्दा लैङ्गिक विभेद गरेको देखिन्छ ।

'मेरी बहिनी अब तिमी हस्तिनापुरकी पुत्र बधू मात्र हौ । यहाँ नारीको निम्ति युद्धमा जानु, हतियार उठाउनु वर्जित छ ।' (पृ. २२२)

उल्लिखित भनाइ महारानी कुन्तीले उसकी सौता माद्रीलाई भनेकी हुन् । महाराज पाण्डुसँगै युद्धमा जान लागेकी माद्रीलाई अब तिमी हस्तिनापुरकी बुहारी हौ र तिमीले युद्धमा जान र कुनै हातहतियार उठाउन पाउने छैनौं भन्दै विभेद गरेको देखिन्छ । नारी जातिले हतियार उठाउन नपाउनु र युद्धमा जान नपाइने कुराबाट लैङ्गिक विभेद भएको पाइन्छ ।

'दिदी यो कस्तो आश्चर्य हो, हामीले बस्ने आसन भिन्न, हामीले भोजन गर्ने थाली भिन्न । हाम्रो सवारीको रथ भिन्न । हाम्रो निम्ति नियम भिन्न । के पुत्र बधू हुनुको अर्थ यही हो (पृ. २२२) ।'

उल्लिखित वाक्यमा नारीले बस्ने आसन भिन्न, खाने थाली भिन्न, सवारी गर्ने रथ भिन्न र नारीको लागि नियम नै भिन्न भनिएको छ । यसमा पुरुषको नारीको अस्तित्वलाई

कम महत्त्व देखाउँदै विभेद गरेको देखिन्छ । नारी र पुरुषको खाने, बस्ने, हिँड्ने नियम नै फरक भनिएकाले यसमा विभेद भएको देखिन्छ ।

'पत्नीसँग परामर्श अवश्यम्भावी मानिँदैन माद्री ।' (पृ. २२९)

माथिको वाक्यमा पतिको योजनामा पत्नीको परामर्श, सल्लाह आवश्यक रहँदैन भनिएको छ । यसमा पतिको कार्य योजनामा पत्नीलाई आवश्यक नठान्दा वा पतिले पत्नीसँग परामर्श सुझाव नलिँदा विभेद गरेको देखिन्छ ।

# अध्याय पाँच

# उपन्यासमा रहेको लैङ्गिक चेतना

लैङ्गिकताका आधारमा समाजमा गरिने विभेदकारी र अन्यायपूर्ण व्यवहार, समानता तथा असमानताहरूको खोजी गर्नुलाई लैङ्गिक चेतना भनिन्छ । महिला र पुरुषलाई भिन्न दृष्टिकोणले हेर्ने तथा विभेदकारी व्यवहार गर्ने सामाजिक प्रचलन विरुद्धको खोजी गर्नु नै लैङ्गिक चेतना हो । मानव सभ्यताको प्रारम्भबाटै सूक्ष्म अवस्थामा रहेका महिलाहरू वर्तमान समयसम्म पनि विभिन्न दमन, शोषणबाट पिल्सिएका छन् । पुरुषप्रधान समाज भएका कारण महिलाहरूलाई जहिले पनि दोस्रो दर्जाको रूपमा लिएको पाइन्छ । यस्तो समाजको अन्त्यका लागि महिलाहरू जागृत अवस्थामा रहेको देखिन्छ । पितृसत्तात्मक समाजमा नारीलाई निम्न, अधीनस्थ र दोस्रो दर्जाको नागरिक तुल्याइएको छ र त्यस समाजमा यसै स्थितिलाई कायम राखी नारीमाथि दमन गरिएको छ । यस्ता नारी माथिको दमन र त्यसका विरुद्ध उठ्नुपर्ने, नारी स्वयम् सक्षम बन्नुपर्ने चेतना चीरहरण उपन्यासमा पाइन्छ । वर्तमान समयमा भने पुरुषसत्ताले निर्माण गरेका विरोधी मान्यताहरूलाई भत्काउन नारीहरू अग्रसर भएको देखिन्छन् । यसर्थ चीरहरण उपन्यासमा नारीहरू स्वयम् संघर्षशील र आत्मनिर्भर हुनुपर्ने, नारी दमनको विरोध र नारी दमन विरुद्ध प्रतिरोध गरी नारी अस्मिता र नारी अस्तित्वको खोजी नारी स्वयम् आफैँले गर्नुपर्ने नारीवादी चेतना पाइन्छ ।

लैङ्गिक चेतनाका केही उदाहरणहरू निम्नानुसार छन् :

'पुरुषले जुन नारी इच्छा गऱ्यो, त्यसलाई हरहालतमा पत्नी तुल्याउन पाउने कहाँको न्याय हो ।' (पृ. ११७)

'स्वार्थी पुरुष ! धिक्कार्छु म तिमीलाई ! स्वार्थी राजा, तिम्रो पुत्री कहलिनु नपरेकोमा मलाई सन्तुष्टि छ भन्ने एक स्पष्ट धारणा बनाएकी थिएँ मैले जन्मदाताहरूप्रति ।' (पृ. ३३)

'हस्तिनापुरलाई युवराज दिने दिदी हजुरले अनि म चाहिँ महाराजको निम्ति विलासी भोग्यमात्र ।' (पृ. १२९)

## ५.१ लैङ्गिक समानता

उपन्यासकार निलम कार्की निहारिकाको चीरहरण उपन्यासमा पितृसत्ताले महिलामाथि के कस्तो दमन, शोषण, हिंसा, अन्याय, अत्याचार, भेदभाव गरिएको छ भन्ने

कुरा देखाइएको छ । चीरहरण उपन्यासमा नारी दमनको विरोध र नारी दमन विरुद्धको प्रतिरोधको अवस्थाको विश्लेषण गरिएको छ । यसमा महाभारतरकालीन समयदेखि कलियुग सम्मको नारीहरूले भोग्नुपरेको लैङ्गिक असमानताको चर्चा  गरिएको छ । नारी अस्मिता र नारी अस्तित्वको खोजी नारी स्वयम् आफैँले गर्नुपर्छ भन्ने लैङ्गिक चेतनालाई उपन्यासमा उतारिएको छ । प्रस्तुत उपन्यासमा समाजमा पितृसत्तात्मक सोच, महिला माथिको अन्याय, नारी विद्रोह, स्वतन्त्रता, स्वाभिमान र अस्तित्वलाई मुख्य रूपमा प्रस्तुत गरिएको छ । पितृसत्तात्मक समाजमा महिलाहरूलाई धर्ममा, सामाजिक, आध्यात्मिक, नैतिक आदि सबै क्षेत्रमा विभेद गरेकाले त्यसको विद्रोह गरेको देखिन्छ ।

'पुरुषसँगको त्यो प्रतियोगिता जितेपश्चात् ग्रामका युवाहरूले मप्रति हेर्ने दृष्टिकोण नै परिवर्तन भएको थियो । अनि छोरा र छोरीले गर्न सक्ने नसक्ने कामको अन्तर लिङ्ग भेदको कार्य विभाजनमा अलि संयमित भएर बोल्ने गर्थे निषदहरू ।' (पृ. ११)

उल्लिखित वाक्य मत्स्यगन्धाले भनेकी छन् । ग्राममा डुङ्गा खियाउने प्रतियोगितामा मत्स्यगन्धाले पनि भाग लिएको पाइन्छ । उक्त डुङ्गा खियाउने प्रतियोगितामा मत्स्यगन्धाले जिते पछि युवा पुरुषहरूले हेर्ने दृष्टिकोण नै परिवर्तन भएको छ । पहिले नारी भनी कमजोर ठानेका युवाहरूले नारीमा पनि शक्ति हुँदोरहेछ भन्ने भावले हेर्न थालेको र छोरा र छोरी भनी विभेद कार्यमा पनि गरेको भएकाले यसमा छोराले गर्ने काम छोरी मत्स्यगन्धाले गरेर देखाउँदा ग्राममा निषदहरूले छोराछोरी समान ठानेको देखिन्छ । यसमा पुरुषले गर्ने कार्य नारीले पनि गर्न सकिन्छ भन्ने विचारबाट लैङ्गिक समानता रहेको पाइन्छ ।

'तिमीले छोरीको खुशीको निम्ति त्यसरी सोच्नु स्वाभाविक छ दासरानी, तर हाम्री छोरी हाम्रो लागि बोझ हुने छैनन् ।' (पृ. ३८)

माथिको वाक्य दासरानीलाई दासराजले भनेको हो । मत्स्यगन्धाको बिहे  गर्ने उमेर पुगिसक्दा पनि विहेको प्रस्ताव कतैबाट नआउँदा दासरानी चिन्तित भई दासराजसँग कुरा राख्दा दासराजले माथिको वाक्य भनेको छ । हाम्री छोरी हाम्रो लागि बोझ हुने छैनन् भन्दा यसमा लैङ्गिक चेतना रहेको पाइन्छ ।

'माता म सम्मानित जीवन चाहान्छु र प्रथमतः त्यो सम्मान मेरो घर र पतिबाट होस् भन्ने कामना छ ।' (पृ. ७७)

माथिको वाक्यमा सत्यावती बिहे पश्चात् पनि सम्मानित हुन चाहन्छे र त्यो सम्मान आफ्नै घरपरिवार र पतिबाट चाहन्छे । यसबाट एउटी नारी आफ्नै पति र घरबाट सम्मानित हुन चाहेको कुराबाट लैङ्गिक चेतना भएको पाइन्छ ।

'यो अवस्थामा मैले एक पुत्री लिएर जाऊ भन्नु धर्मानुकूल देखिँदैन । म एक पुत्रीप्रति न्याय र अर्कीप्रति अन्याय गर्न सक्दिनँ । माता पिताको निम्ति सबै सन्तान बरोबरको महत्त्व राख्छन् ।' (पृ. ११५)

उल्लिखित भनाइ महाराज काशी नरेशले महाराज शान्तनुका जेष्ठ पुत्र भीष्मलाई भनेको हो । महाराज काशी नरेशको पुत्रीहरू अम्बा, अम्बिका र अम्बालिकालाई स्वयम्बर सभाबाट हरण गरेको र भीष्मले महाराजसँग कुन चाहिँ राजकुमारी हरण गरुँ भनी अनुरोध गर्दा महाराज शान्तनुबाट एक पुत्रीलाई न्याय र अर्कीलाई अन्याय गर्न सक्दिन भन्ने समानताको भाव व्यक्त गरिएको छ र तिनै जना राजकुमारीहरू लैजान निर्देशन दिइन्छ । माता पिताको निम्ति सबै सन्तान बरोबरको महत्त्व हुन्छन्, समान हुन्छन् भन्ने कुराबाट लैङ्गिक समानता रहेको पाइन्छ ।

'तिमी बिर्सिरहेकी छौ, दासी पनि हामी जस्तै नारी हो । उसको शरीर हाम्रो जस्तै हुन्छ ! नारी सबै एक समान छन् ।' (पृ. १५१)

उल्लिखित भनाइ महारानी अम्बिकाको हो । महारानी अम्बालिकाले उनीहरूको जीवन दासीहरूको जीवनसँग तुलना गरी दासी र हाम्रो जीवनमा अन्तर छैन भन्दा महारानी अम्बिकाले आखिरमा नारी देह एक समान हो रानीको होस् या दासीको होस् मात्र प्रकृति फरक हुन सक्छ । नारी सबै समान हुन् भन्ने लैङ्गिक चेतना प्रस्तुत गरेको छ । यसमा नारी सबै समान र नारीको पीडा पनि उस्तै हुन्छ भन्ने लैङ्गिक समानता र चेतना पाइन्छ ।

'के मैले पनि त्यही परम्परालाई निरन्तरता दिनुपर्‍यो ? हामी परिवर्तनको संवाहक बन्नुपर्ने होइन र ? नारी र पुरुषप्रति फरक फरक न्याय शोभनीय हुन्छ ?' (पृ. ३१९)

माथिको वाक्यमा पुरुषले जे निर्णय गर्‍यो त्यसैमा सन्तुष्टि भएर सहमति हुनुपर्ने कुरालाई व्यक्त गरिएको छ । पतिको निर्णयमा पत्नीले सही र गलत जुन निर्णय भएपनि सहमति हुनुपर्ने बाध्यतालाई प्रस्तुत गरिएको छ । यसमा महारानी द्रौपदीका माध्यमबाट हामी पुरुषले जे निर्णय गर्‍यो त्यसमा सहमति हुन सक्दैनौ हामी परिवर्तन हुनुपर्छ र पुरुष र नारीको फरक फरक न्याय हुँदैन न्याय सबैको एउटै हुन्छ भन्ने चेतना व्यक्त भएको छ ।

पुरुषप्रधान समाजमा पुरुषले गरेको हैकमलाई तोड्न सक्नुपर्छ र त्यही पुरानो परम्परालाई निरन्तरता दिन नहुने चेतना यसमा देखिन्छ ।

## ५.२ वैचारिक परिवर्तन

'जन्म नै भइनसकेको पुत्रको भविष्यको कुरामा अल्मलिनु कति उचित होला दासराज ? जन्मपश्चात् म आफ्नो पुत्रप्राप्ति अवश्य आफ्नो दायित्व निर्वाह गर्ने छु । पत्नी र पुत्रको भविष्य सुनिश्चित तुल्याएर मात्र म संसार छाड्नेछु ।' (पृ. ८०)

माथिको वाक्यमा महाराज शान्तनुले दासराजकी पुत्री सत्यावतीलाई विवाहको प्रस्ताव राख्न जाँदा दासराजले भावी नातिलाई युवराज घोषणा गरे मात्र पुत्री दिने शर्तमा अडिग हुँदा माथिको भनाइ महाराज शान्तनुले दासराजलाई भनेको हो । जन्म नै नभएको पुत्रलाई युवराज घोषणा गर्न कसरी सम्भव हुन्छ । जन्माउँदै नजन्माएको पुत्रलाई युवराज कसरी घोषणा गर्न सक्छु भनी भावी नातिलाई युवराज घोषणा गरेको देख्न चहेको दासराजको वैचारिक परिवर्तन ल्याउन खोजेको देखिन्छ ।

'पिताजीले मेरो कदमलाई स्वीकार्न असमर्थ रहनुको तात्पर्य स्पष्ट भयो । आँखामा पट्टी बाँधेर समानतामा जीवनयापन गर्छु भन्नु मेरो महाभूल रहेछ ।' (पृ. २००)

माथिको वाक्य महारानी गान्धारीले भनेको हो । यसमा दृष्टिविहिन धृतराष्ट्रसँग समानतामा जीवन यापन गर्छु भनी आँखामा पट्टी बाँधिई विवाह गरेकी गान्धारीले पतिबाट अपमान भएको थाह पाएपछि माथिको भनाइ व्यक्त गरेको हो । एक अन्धासँग अन्धी भएर जीवनयापन गर्न निकै कठिन हुँदो रहेछ मैले आँखामा पट्टी बाँधेर जीवनयापन गर्छु भन्नु मेरो महाभूल हुन गएछ भन्ने वैचरिक दृष्टिकोण प्रस्तुत गरिएको छ ।

'नारीको रक्षा नै पुरुषको धर्म हो भन्ने भ्रमपूर्ण व्याख्याको अन्त होस् । जबसम्म पुरुषलाई नारीको रक्षा कवच सम्झिइन्छ तबसम्म नारीहरू कमजोर नै रहिरहन्छन्, अन्यायमा आफूलाई शक्तिहीन सम्झिएर अरूकै मार्ग ताकिरहन्छन् तमाम द्रौपदीहरू । यसर्थ म भन्छु सर्वप्रथम स्व-रक्षा धर्म हो भनी पुर्नव्याख्या होस् । नारी सम्मानित हुँदा देव खुशी हुन्छन् भन्नु आफैँमा विरोधाभास देख्छु । यो भिन्नता किन ? यस्ता असमानताले दुर्घटना निम्त्याइन्छ । जीवजन्तु समेत सृष्टिले दिएको आफ्नो शक्ति पहिचान गरी आफ्नो रक्षा

स्वयम् आफै गर्ने गर्छन् । शत्रुको आक्रमण या अप्ठेराहरूमा कसैको मार्ग ताक्दैनन् । किन जीवजन्तु भन्दा पराश्रित नारीहरू ।' (पृ. ५१६८-५१९)

उल्लिखित भनाइ कर्णको हो । नारीलाई रक्षा गर्नु भनेको नारीलाई झन कमजोर बनाउनु हो । नारीहरू आत्मनिर्भर बन्न सके मात्र समाजमा उठ्न सक्ने नत्र पुरुषकै संरक्षकत्वको अभाव खड्किरहने हुँदा नारीहरूले यस्ता विचारको विरुद्ध उठ्नुपर्छ भन्ने धारणाबाट वैचारिक परिवर्तन भएको छ । नारीलाई रक्षा गर्नु धर्म हो भन्नु, नारीलाई झन कमजोर पार्दै लानु हो त्यसैले नारी आफ्नो संरक्षणको लागि आफै संरक्षक भएर लड्नुपर्छ भन्ने विचारबाट कर्णमा वैचारिक परिवर्तन भएको देखिन्छ ।

## ५.३ सशक्तीकरण

चीरहरण उपन्यासमा नारीहरू समाजको अन्याय र अत्याचारबाट भित्रभित्रै पिल्सिएका छन् ।

'विवशताको खोल ओडेर, समाज र संस्कारका नाममा अपराध गरिरहन सक्दैनौँ हामी कुन्तीहरू । सजाय मैले यथेष्ट पाएँ । महाभूलमा आफ्नै पुत्रबाट पनि श्रापित भएँ । मेरा अनुयायीहरू दिनानुदिन वृद्धि भएकोमा दुःखी छु । कुन्तीलाई आदर्श सम्झने भूल नगरुन् तिनले । जागृतिको कामना गर्छु ।' (पृ. ५२०)

माथिको भनाइ कुन्तीको हो । पितृसत्ताले निर्माण गरेका सामाजिक मान्यता विरुद्ध तर्क गरेकी छन् । कुन्तीले जस्तै आजका कुमारी आमाहरूले भ्रुणको हत्यामा नलागून भन्ने चेतना दिइएको छ । आजका नारीहरूले पितृसत्ताका विरुद्ध आफ्नो सन्तान जन्माउन पाउने अधिकार सुरक्षित राख्न प्रतिरोध गर्नुपर्छ भन्दै सशक्तीकरणको लागि आवाज निकालेकी छिन् । पितृसत्ताका त्रासले आजका नारीहरू भ्रुण हत्यामा नलाग्नुपर्ने र त्यसका विरुद्ध प्रतिकार गर्नुपर्छ भन्दै महिला सशक्तीकरणको स्वर निकालेकी छिन् ।

'म यस्तो कार्य गर्नेछु जसले गर्दा मेरा पिता माताको शिर उँचो हुनेछ, त्यसको निम्ति जस्तो सुकै कठिन परिस्थितिबाट गुज्रनु परे तापनि स्वीकार्य हुनेछ । आफूलाई अब्बल सावित गर्न दक्षता हासिल गर्नेछु ।' जानेर वा अन्जानमा पनि यस्ता महान दम्पत्तिको हृदय दुखाउने कार्य कदापि गर्ने छैन ।' (पृ. ३०)

माथिको वाक्य सत्यवतीले भनेकी हुन् । आफूलाई जन्म दिने माता पिताले तिरस्कार गरी राज्यबाट नै निकालेको थाहा पाएपछि सत्यावतीले पालनपोषण गर्ने माता पिताको लागि शिर झुकाउने कार्य कदापी गर्ने छैन र एक असल नारीको रूपमा स्थापित भई पालनपोषण गरिदिने माता पिताको शिर जहिल्यै उँचो हुने कार्य गरी देखाउँछु भन्दै सशक्तीकरणको आवाज उठाएकी छिन् । जस्तोसुकै कठिन परिस्थितलाई पनि सामना गरी अब्बल हुन्छु र महान माता पिताको कोमल हृदय कदापी दुखाउँदिन भनी सशक्तीकरणको भाव व्यक्त गरेकी छिन् ।

'अब सत्यावती केबल भोग्यमात्र होइन ।' (पृ. ९९)

माथिको वाक्यमा महारानी सत्यावतीले सत्यावती केबल भोग्य मात्र होइन भनी भनिएको छ । महाराज शान्तनु वृद्ध अवस्थामा पुगेपछि अर्थात् राज्य सञ्चालन गर्न नसक्ने अवस्थामा पुगेपछि सत्यावतीको थाप्लोमा आएको देखिन्छ । सत्यावती आफू महारानी भएका कारण आफू भोग्य मात्र नभई राज्य पनि सञ्चालन गर्न सक्छु भन्दै सशक्तीकरणको भाव व्यक्त गरिएको छ । यसमा नारी सशक्तीकरण झल्किएको छ ।

'महारानी सत्यावती, समयसँग समानान्तर हिँड्न जान्नुपर्छ । अनि मात्र जतिसुकै शिखर पनि चढ्न सकिन्छ ।' (पृ. ९९)

यस वाक्यमा राज्य सञ्चालनको जिम्मा महारानी सत्यावतीको थाप्लोमा आएपछि पिता दासराजले दिएको अर्ती उपदेश सम्झिन्छ । माथिको भनाइ दासराजले विवाहको समयमा सत्यावतीलाई भनेको हो । समयसँगै चल्न सके भने मात्र शिखर चढ्न सकिन्छ भन्ने निस्वार्थ भावनाबाट सशक्तीकरणको भावना जागृत भएको देखिन्छ ।

'हामी कर्म गर्नुपूर्व परिणाम सोच्छौं । परिणामकै नाममा भयभीत हुन्छौं र कर्म गर्नबाट पछि हट्छौं । यात्रा प्रारम्भ नै नगरी गन्तव्यमा पुगिँदैन मेरी बहिनी ।' (पृ. ११९)

उल्लिखित भनाइ राजकुमारी अम्बाको हो । राजकुमारी अम्बा, अम्बिका र अम्बालिका स्वयम्बर सभाबाट हरण हुँदा अम्बाले भाग्ने योजना बनाउँदा राजकुमारी अम्बिका र अम्बालिका डरले असमर्थ रहेको कुरामा चित्त नबुझ्दा कर्म नै नगरी परिणाम बारेमा डर लिएर हुँदैन । यात्रा नगरीकन कसरी गन्तव्यमा पुगिन्छ गन्तव्यमा पुगिनको लागि यात्रा गर्नुपर्छ भन्दै राजकुमारी अम्बाले सशक्तीकरणको आवाज निकालेकी छिन् ।

'जीवनमार्ग अरूले देखाउने या हिँडाउने होइन फुपु, स्वयम्ले पहिचान गरी हिँड्नुपर्छ, अनि मात्र यात्रा सहज हुन्छ ।' (पृ. ३०४)

माथिको वाक्य कृष्णले उनको फुपु कुन्तीलाई भनेको हो । कुन्तीका छोराहरू पाँच पाण्डवलाई जीवनको मार्ग देखाइदिन अनुरोध गर्दा कृष्णले जीवनमार्ग अरूले देखाएर, हिँडाएर होइन यहाँ आफू स्वयम् सत्य र असत्यको मार्ग पहिचान गरी हिँड्नुपर्छ, तब मात्र यात्रा सहज र सफल हुन्छ भन्दै सशक्तीकरणको भूमिका निर्वाह गरेको छ ।

'गलत व्यक्तिको नेतृत्वमा रहँदा राज्यले समेत सास्ती भोग्नुपर्छ । यसर्थ राज्य शान्तिका निम्ति सही नेतृत्वको अपरिहार्य रहन्छ ।' (पृ. ३०६)

माथिको वाक्य कृष्णले भनेको हो । हस्तिनापुर राज्यमा महाराज धृतराष्ट्रले दानवीय प्रवृत्ति भएका दुर्योधनलाई युवराज घोषणा गरेपछि पाँच पाण्डवलाई चित्त बुझ्दैन । यसैबेला बासुदेव कृष्णले नेतृत्व गर्न नसक्ने वा गलत मान्छे नेतृत्वमा रहँदा राज्यले समेत सास्ती भोग्नुपर्छ भन्दै राज्यमा शान्ति ल्याउनका लागि असल नेतृत्वको अपरिहार्य रहन्छ भन्दै सशक्तीकरणको भावना जागृत गरिएको छ ।

'अन्यथा नमान्नुहोला आँखामा पट्टी बाँध्नुलाई नै म एक महाभावुकता मान्छु । भावावेषको त्याग घातक हुन सक्छ । अनि अर्को पक्ष, नारी जाति बढी भावुक भएकोले नै फाइदा लिनेहरूलाई सहज भएको हुन्छ ।' (पृ. ३१०)

माथिको भनाइ महारानी द्रौपदीको हो । यसमा महारानी गान्धारीले पतिसँग समान जीवनयापन गर्नका लागि आँखामा पट्टी बाँधिएको छ । यसमा महारानी द्रौपदीले आँखामा पट्टी बाँध्नुलाई एक महाभावुकता मानिएको छ । नारी जाति बढी भावुक भएकै कारण पुरुष जातिले नारीमाथि फाइदा उठाउँछन् र त्यसमा नारी जाति भावुक नभई सचेत रहनुपर्छ भन्दै नारी सशक्तीकरणको भूमिका निर्वाह गरेकी छिन् ।

# अध्याय छ

# उपन्यासमा प्रयुक्त लैङ्गिकताको भाषा

निलम कार्की निहारिकाद्वारा लिखित चीरहरण उपन्यासमा प्रयुक्त भाषा सरल, सहज र बोधगम्य रहेको छ । यसमा राजकीय भाषाको प्रयोग गरिएको छ । प्रस्तुत चीरहरण उपन्यासमा परिवेश अनुकूलको भाषाशैलीको प्रयोग गरेको पाइन्छ । भाषा प्रस्तुतिमा पनि उत्तिकै शिष्टता र स्वाभाविकता देखिन्छ । यसमा विशिष्ट खालको भाषाको प्रयोग पाइन्छ र कतै कतै भाषालाई सम्पादन पनि गरेको पाइन्छ । प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रहरूको बिचको पारस्परिक वार्तालाप, घटनाको प्रस्तुतिले अझ थप आकर्षण थपेको पाइन्छ ।

प्रस्तुत चीरहरण उपन्यासमा पात्रहरूले प्रयोग गर्ने भाषालाई लिङ्गका आधारमा (महिला पात्रले प्रयोग गरेको भाषा, पुरुष पात्रले प्रयोग गरेको भाषा), हिंसाजन्य भाषा, चेतनशील भाषा र समानताकेन्द्री भाषामा विभाजन गरी विश्लेषण गरिएको छ :

## ६.१ लिङ्गका आधारमा भाषा

भाषा प्रयोगमा विविधता सिर्जना गर्ने लिङ्गगत आधार पनि एक प्रमुख कारण हो । एउटै संवादमा पनि महिला र पुरुषबिच विविधता आउँछ । प्रस्तुत चीरहरण उपन्यासमा पनि लिङ्गका आधारमा विभिन्नता पाउन सकिन्छ । यसमा प्रयुक्त पुरुष र नारी पात्रको भाषिक पक्षको विश्लेषण गरिएको छ । लैङ्गिक पक्षका आधारमा भएको भाषिक भेदलाई स्पष्ट रूपमा देखाउने प्रयास यस अध्ययनमा गरिएको छ ।

### तालिका नं. ५

### चीरहरण उपन्यासमा रहेका पात्रहरूको लिङ्गका आधारमा वर्गीकरण

| पुरुष पात्रहरू | महिला पात्रहरू |
|---|---|
| चेदीराजा | चेदीरानी |
| मत्स्य | मत्स्यगन्धा |
| दासराज | दासरानी |
| महाराज शान्तनु | महारानी सत्यावती |
| विचित्रवीर्य | अम्बालिका |
| भीष्म | अम्बिका |
| विदुर | अम्बा |
| महाराज पाण्डु | महारानी कुन्ती |
| धृतराष्ट्र | गान्धारी |
| दूर्योधन | भानुमति |
| अर्जुन | द्रौपदी |
| युधिष्ठिर | माद्री |
| भीम | उलूपी |
| सहदेव | शुभद्रा |
| नकुल | उर्वशी |
| दास | दासी |
| दुःशासन | गङ्गा |
| आचार्य द्रौण | |
| वासुदेव कृष्ण | |
| शकुनि | |
| कर्ण | |
| महर्षि | |
| मुनिव्यास | |
| किचक | |

### ६.१.१ पुरुष पात्रहरूले प्रयोग गरेको भाषा

प्रस्तुत उपन्यासमा भाषिक संवादका क्रममा पुरुष पात्रहरूले प्रयोग गरेको संवादका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

- 'किन नखरा पारेर बसेकी ? तँ हाम्री दासी भइसकिस् । ल खुरुक्क हिँड् जुवा घरमा । तँ अब यो भव्य दरबारको कक्षमा विराज भएर निर्देशन दिइरहने महारानी रहिनस् । तँ हाम्री दासी ।' (पृ. ३६२)
- 'तँ दासी होस् तेरो के इज्जत के लाजसरम मान्यवर सामु ? ल हिड् मसँग ।' (पृ. ३६३)
- 'तँलाई यहाँ प्रवचनको निम्ति ल्याइएको होइन । तँ स्वयम् नारी अस्मिताको धब्बा होस् । पाँच पाण्डवकी एउटी पत्नी भएर हिँडेकी छस्, तँलाई इज्जत र सम्मानको प्रश्न उठाउन सरम लाग्नुपर्ने हो ।' (पृ. ३६५)
- 'त्यहाँ तेरा परम् पतिहरूसँग के कुरा गरिरहेकी छस् ? त्यहाँबाट खुरुक्क आउछेस् या म नै आउनुपऱ्यो ।' (पृ. ३६७)
- 'हेर्नुहोस् माता, हामीले आज कति बहुमूल्य वस्तु लिई आएका छौ ।' (पृ. २९४ ।
- 'तँ दास भएर बोल्ने साहस कसरी गरिस् ? चुप लाग् ! तैँले के सजाय पाउनेछस् तोक्न बाँकी नै छ ।' (पृ. ३६५) ।
- 'अझै यो दासी भएर बघिनी झैँ गर्दैछे । आज यसको घमण्डलाई चुर चुर पार्नुपर्छ ।' (पृ. ३६५)

माथि उल्लिखित संवादहरू प्रस्तुत उपन्यासमा पुरुष पात्रहरूले प्रयोग गरेका हुन् । पुरुष पात्रहरूको संवादलाई अध्ययन गर्दा उनीहरूले बोलिने बोली रुखो स्वभावको रहेको पाइन्छ । सम्बोधनहीन, कर्कशपन र असभ्य शब्दहरूको प्रयोग गरेको देखिन्छ । निम्न अनाद र भाषाको प्रयोग गरी बोलेको पुरुष पात्रहरूको संवादबाट प्रस्ट हुन्छ । जस्तै : किन नखरा पारेर बसेकी तँ दासी होस्, तँ स्वयम् नारी अस्मिताको धब्बा, होस्, खुरुक्क आउछेस्, बहुमूल्य वस्तु, चुप लागू, दासी जस्ता असभ्य किसिमको निम्न स्तरको भाषाको प्रयोग प्रस्तुत चीरहरण उपन्यासका पुरुष पात्रहरूले गरेको छन् ।

### ६.१.२ महिला पात्रहरूले प्रयोग गरेको भाषा

प्रस्तुत चीरहरण उपन्यासमा भाषिक सांवदका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

- 'नाथ, हजुरलाई के भएको छ ? राजवैद्यलाई देखाउनुपर्छ ।' (पृ. १९३)
- 'हजुर पनि त रातभरि सत्नु भएको छैन नि दासराज ।' (पृ. २९)
- 'यो जीवन अब हजुरकै पाउ चरणमा समर्पण गरेकी छु । मलाई हजुरले जे भनी सम्बोधन गर्दा पनि हुन्छ महाराज ।' (पृ. ३६)
- 'महाराज, परिआएमा हामी स्वयम्ले यहाँको निमित्त विष सेवन गर्नेछौं । परन्तु महाराजलाई विषपान गराउने छैनौं ।' (पृ. १३७)
- 'अब महाराज नै यो अम्बलिकाको निम्ति सर्वस्व हो । नाथ म, हजुरको अर्धाङ्गिनी भईसकेँ मेरो अस्तित्व हजुर हो । मेरो परमेश्वर हजुर हो ।' (पृ. १३७)
- 'त्यसो नभन्नुहोस् नाथ ! हजुर कसरी घाउ हुन सक्नुहुन्छ ? हजुर त द्रौपदीको शरीरको महत्त्वपूर्ण अङ्ग हो ।' (पृ. ४१३)
- 'पुत्री, सौभाग्यवती हुन् । पुत्रवती हुन् ।' (१२८)

माथिको संवादहरू प्रस्तुत चीरहरण उपन्यासमा दासरानी, गान्धारी, सत्यवती, अम्बालिका, द्रौपदी र राजमाताहरूले विभिन्न परिवेश सन्दर्भमा प्रयोग गरेका भाषिक संवादहरू हुन् । यस उपन्यासमा नारी पात्रहरूले प्रयोग गरेको भाषिक संवादहरूलाई अध्ययन गर्दा महिलाहरूले बोलिने भाषामा नम्रता र शिष्टता पाइन्छ । कोमल, सभ्य र व्यावहारिक भाषा शैलीको प्रयोग गरिएको पाइन्छ । बिन्ति, अनुरोध, मातृत्व जस्ता विविध पदले युक्त भाषाको प्रयोग गरेका छन् । जस्तै : नाथ, हजुरलाई के भएको छ, महाराज, परमेश्वर, पुत्र सौभाग्यशाली, पुत्रवती आदि जस्ता शिष्ट भाषाको प्रयोग गरेको पाइन्छ । समग्रमा सरल, सहज साथै मानक सभ्य भाषाको प्रयोग गरेको पाइन्छ ।

## ६.२ हिंसाजन्य भाषा

'तँ दासी होस् । तेरो के इज्जत के लाजसरम मान्यवरसामु ? ल हिंड मसँग ।' (पृ.३६३)

माथिको भनाइ दुःशासनको हो । महारानी द्रौपदीका पञ्चपतिले द्रौपदीलाई जुवामा थापेको र जुवामा हारेपछि पञ्चपति सँगै रानी द्रोपदी पनि दुर्योधनको दासी बनेको हिड भन्दा रानी द्रौपदीले  जुवामा थाप्नलाई म कुनै वस्तु होइन म जान्न भनी प्रतिरोध गर्दा दुःशासनले माथिको भनाइ बोलेर दौपदीलाई जबरजस्ति गर्छ । द्रौपदीले म ऋतुचक्रमा छु जुवाघरमा मान्यवरसामु कसरी जानु मलाई छोड म जान्न भनी विद्रोह गर्दा दुःशासनले त दासी होस् दासीको के इज्जत हुन्छ भन्ने हिंसाजन्य भाषाको प्रयोग गरेको छ ।

'तिमी गर्भवती छौ । उहिले दिन नाघिसक्यो, परन्तु पुत्र जन्म दिन सफल भइनौं । दिन बितिसक्दा समेत प्रसव भएको होइन । यो कस्तो अलक्षिण ।' (पृ. १९५)

माथिको वाक्य महाराज धृतराष्ट्रले महारानी गान्धारीलाई भनेको हो । गर्भवती भएको महिनौ दिन बितिसक्दा पनि पुत्र दिन नसकेको अलक्षिण भन्दै यसमा धृतराष्ट्रले हिंसाजन्य भाषाको प्रयोग गरिएको छ । पुत्र प्राप्त हुने दिन नाघिसक्दा पनि पुत्र प्राप्त नहुँदा धृतराष्ट्रले उक्त हिंसात्मक भाषाको प्रयोग गरेको देखिन्छ ।

'पाँच पाँच पुरुषकी पत्नीलाई समाजले के भन्छ, राम्रो थाहा हुनुपर्ने । थाहा नभए म भनिदिन्छु, ध्यान दिएर सुन्नू ! वेश्या भन्छ, वेश्या ! एक वेश्याले मान-सम्मान, इज्जतको कुरा गर्न आफैँमा शोभनीय छैन ।' (पृ. ३६५)

उल्लिखित वाक्य कर्णले भनेको हो । महारानी द्रौपदीलाई नङ्ग्याउन खोज्दा मान-सम्मानको, इज्जतको ख्याल गर पापीहरू भनी द्रौपदीले प्रतिरोध गरेको र यही  प्रसङ्गमा कर्णले द्रौपदीलाई वेश्या भनी सम्बोधन गर्दा द्रौपदीको पीडा माथि झन् आघात पुगेको छ । एक वेश्यालाई मान-सम्मानको के कुरा भयो र भन्दै द्रौपदीलाई मानसिक यातना दिँदै कर्णले हिँसाजन्य भाषाको प्रयोग गरिएको छ ।

'ए दासी द्रौपदी, आफ्नो अनुहार दर्पणमा हेर ! के सम्मान्, के बदनाम भन्नेबारे दर्पण आफैँ बोल्छ । बरु आइज मेरो काखमा बसु ! म तलाई सुरक्षा दिनेछु ।' (पृ. ३६५)

उल्लिखित भनाइ दुर्योधनले महारानी द्रौपदीलाई भनेको हो । दूर्योधनले द्रौपदीलाई जबर जस्ती नाङ्गो तुल्याउन खोज्दा सुरक्षा चाहिको रहेछ आइज मेरो काखमा बसु भन्ने जस्ता हिंसात्मक भाषाको प्रयोग गरी हिंसा गरेको छ । रुखो र सम्बोधनहीन भाषाको प्रयोग गरेको देखिन्छ ।

'शीघ्र नाङ्गो तुल्याऊ । ..... पख पख, पहिला यसलाई नै मौका दिऊँ ! ए पञ्च-पत्नी , तेरो वस्त्र आफै फालिदे ! हामीलाई कष्ट नदे ।' (पृ.३६६)

माथिको भनाइ दुर्योधनले भाइ दुःशासनलाई भनेको हो । महारानी द्रौपदीलाई शीघ्र नाङ्ग्रो हुन अनुरोध गर्दै हिँसाजन्य भाषाको प्रयोग गरिएको छ ।

'हजुरको गर्भ रहेपश्चात् महाराजको सेवामा खटिएकी वेश्यादासी सुधादा थिई नि, त्यो पनि गर्भवती हे ।' (पृ. १९७)

माथिको भनाइ गान्धारीका दासीले गान्धारीलाई भनेकी हो । गान्धारीका अर्को दासी गर्भवती भएको कुरा सुनाउने क्रममा वेश्या-दासी पनि गर्भवती छे भन्दै हिंसाजन्य भाषाको प्रयोग गरेको छ ।

## ६.३ चेतनशील भाषा

'म माथि अर्थात् आफू जस्तै अर्को नारी उपर घात गर्ने योजनामा सरिक भएर, पापकर्म गरेर पुरुषले नारीको आटमा नै नारीमाथि दमन अत्याचार गर्छन् भन्ने कथनको चरितार्थ गरिस् तैँले ।' (पृ. २००)

माथिको वाक्य महारानी गान्धारीको हो । यसमा महाराज धृतराष्ट्रबाट पुत्र जन्माउन लागेका दासीलाई धृतराष्ट्रसँग सरिक भएर ममाथि घात गरिसु तैँले नारी भएर नारीकै घात गरिस् भनी चेतनशील भाषाको प्रयोग गरिएको छ ।

'गलत व्यक्तिको नेतृत्वका रहँदा राज्यले समेत सास्ती भोग्नुपर्छ । यसर्थ राज्य शान्तिको निम्ति सही नेतृत्वको अपरिहार्य रहन्छ ।' (पृ. ३०६)

माथिको भनाइ वासुदेव कृष्णको हो । दूर्योधन जस्ता गलत मान्छेलाई युवराज घोषणा गर्दा परि आएको समस्या राज्यले समेत भोग्नुपर्छ त्यसैले राज्य सञ्चालनका लागि र राज्यमा शान्ति ल्याउनका लागि सही नेतृत्वको अपरिहार्य हुन्छ । भन्दै चेतनशील भाषाको प्रयोग गरिएको छ ।

'पतिहरूको निम्ति भोजन बनाउन र उनका वस्त्र धुने कामको लागि मात्र तिम्रो यहाँ आगमन भएको होइन तेह्र वर्षपश्चातको समय सोच्ने अभिभारा तिमीमा पनि छ ।' (पृ. ३९६)

उल्लिखित वाक्य वासुदेव कृष्णले महारानी द्रौपदीलाई भनेको हो । बाह्र वर्ष वनबास र एक वर्ष गुप्तबासमा तिमी पतिहरूको वस्त्र धुने र भोजन तयार गर्ने कार्यको लागि मात्र आएको होइनौ तिमी आफूमा पनि केही सोच्न, सक्षम बन्नका लागि आएको हो । त्यसैले सोच, मनन गर तिम्रो चीरहरणको बदला कसरी दिने हो विचार गर भन्दै कृष्णले चेतनशील भाषाको प्रयोग गरिएको छ ।

'राजाहरू हामी जस्ताका चेलीलाई पत्नीको दर्जा दिँदैन, दासी या भोगविलासको साधन बनाउने हुन् । तिमी मूर्ख नबन छोरी । भनिन्छ, राजअघिल्तिर र घोडाको पछाडि रहनु हानिकारक हुन्छ । सावधान छोरी ।' (पृ. ७०)

उल्लिखित वाक्य दासराजले उसकी पुत्री सत्यावतीलाई भनेको हो । सत्यवतीले महाराज शान्तनुसँग विवाह गर्छु भन्दा दासराजले उल्लिखित वाक्यबाट चेतनशील भाषाको प्रयोग गरेका छन् । राजाहरूले सामान्य परिवारका सदस्यहरूलाई दासी या भोगविलासी मात्र सम्झिन्छन् त्यसैले होसियार हुनु छोरी भनी चेतनशील भाषाको प्रयोग गरिएको छ ।

'हामी कर्म गर्नुपूर्व परिणाम सोच्छौँ । परिणामकै नाममा भयभीत हुन्छौ र कर्म गर्नबाट पछि हट्छौँ । यात्रा प्रारम्भ नै नगरी गन्तव्यमा पुगिदैँन मेरी बहिनी ।' (पृ. ११९)

माथिको भनाइ राजकुमारी अम्बाको हो । भीष्मले हरण गरी लगेका अम्बा, अम्बिका र अम्बालिका हुन् । राजकुमारी अम्बाले राती भाग्ने योजना बनाउँदा अम्बिका र अम्बालिका डरले असमर्थ जनाउँदा राजकुमारी अम्बाले कार्य पछिको परिणामलाई सोचेर होइन कार्य गर्नुपर्छ र यात्रा गरे भने मात्रा गन्तव्यमा पुगिन्छ मेरी बहिनी भन्दै चेतनशील भाषाको प्रयोग गरिएको छ ।

## ६.४ समानताकेन्द्री भाषा

'निकटबाट नै देखेँ मेरो जस्तै कालो वर्ण रहेछ दाजु मत्स्यको पनि । त्यसबखत् कल्पिएँ, म पनि पुत्र भई जन्मिएको भए दाजु देउ, त्यसरी नै उभिएकी हुन्थेँ । हामी दुईमा लिङ्ग भेद भयो, त्यही पृथकताले फरक हुन गयो चेदी राजाबाट ।' (पृ. ३२)

उल्लिखित भनाइ मत्स्यगन्धा सत्यावतीको हो । मत्स्या छोरा भएकाले राजदरबारमा हुर्किए र मत्स्यगन्धा छोरी भएकाले दरबार बाहिर निकालेएकी छ । यही लिङ्ग भेदका कारण यहाँ छोरालाई राजदरबारमै राखेको र छोरीलाई छोरी भई जन्मेकाले दरबारबाट निकालेकाले समानताकेन्द्री भाषाको प्रयोग भएको पाइएन ।

'पुत्री, सौभाग्यवती हुनू । पुत्रवती हुनू ।' (पृ. १२८)

माथिको वाक्य राजमाता सत्यावतीले महारानी अम्बिकालाई भनेकी हो । पुरुषप्रधान समाजमा मान्यवरहरूले आशिष दिँदा समेत पुत्रवती हुन् भन्ने कुराबाट यहाँ लैङ्गिक असमानता देखिएकाले समानताकेन्द्री भाषाको प्रयोग भएको पाइएन ।

'तिमी पतिका सेवकमात्र होइनौ । जबसम्म आफूलाई सेवकमात्र सम्भन्छौ, जबसम्म तिमीले आफू स्वयम्‌को पहिचान गर्ने र महत्त्व बुभ्नेछैनौ, तबसम्म महत्त्वपूर्ण निर्णयमा टाढै रहनेछौँ । तिम्रो स्थान अरू कोही-कसैले दिने होइन, लिनको निम्ति स्वयम् अग्रसर होऊ ! आफ्नो अधिकार खोज्नु तिम्रो कर्तव्य हो ।' (पृ. ३९६)

माथिको वाक्यमा वासुदेव कृष्णले महारानी द्रौपदीलाई तिमी पतिको सेवक मात्र होइनौ । तिमीले आफ्नो निर्णय गर्न पाउछौँ तिम्रो स्थान अरूले दिने होइन आफूले खोजेर लिने हो त्यसैले  तिमीले आफ्नो अधिकार खोज्नुपर्छ भनी सल्लाह दिएको छ । यस वाक्यमा नारीले आफ्नो निर्णय आफैँले गरी आफ्नो अधिकार खोज्नुपर्छ भन्दै लैङ्गिक समानता कायम गर्न खोजिएको छ । त्यसैले यहाँ समानताकेन्द्री भाषाको प्रयोग भएको पाइन्छ ।

'अब स्वयम् तिमी परिस्थितिसँग जुध्नु ! द्रौपती, तिमी नारी आफू स्वयम्‌मा एक शक्ति हौ । उठ, जाग, द्रौपदी, यो सम्भयताविरुद्धको आक्रमणको सामना गर ! जाग आफू र समस्त नारीलाई जगाऊ ।' (पृ.३७०)

माथिको वाक्य वासुदेव कृष्णले महारानी द्रौपदीलाई भनेको हो । दूर्योधनले जबरजस्ती चीरहरण गर्न खोज्दा कृष्णले अब तिमी स्वयम् परिस्थितिसँग जुधेर आफ्नो अस्तित्व जोगाउन तिमी आफैमा एक शक्ति हो जाउ र समस्त नारीलाई पनि जगाऊ । भनी लैङ्गिक समानता केन्द्री भाषाको प्रयोग गरिएको छ ।

'पत्नीसँग परामर्श अवश्यम्भावी मानिदैन माद्री । तथापि पतिको निर्णयमा साथ दिनु हाम्रो धर्म हो ।' (पृ. २२९)

माथिको वाक्य महारानी कुन्तीले माद्रीलाई भनेकी हुन् । पत्नीको परामर्श विना निर्णय लिने पतिलाई साथ दिनु हाम्रो धर्म हो भन्ने कुराबाट यहाँ लैङ्गिक असमानता रहेको पाइन्छ । पतिको निर्णयमा पत्नीको परामर्श आवश्यक रहदैन भन्ने कुराबाट यहाँ लैङ्गिक असमानता देखिएको समानता केन्द्री भाषाको प्रयोग भएको पाइदैन ।

महाराज, हामी दुवैलाई पुत्र प्रदान गरियोस् ।' (पृ. १२९)

माथिको वाक्य महारानी अम्बलिकाले महाराज विचित्रवीर्यसँग भनेकी हुन् । यस वाक्यमा पुत्रीको तुलनामा पुत्रकै चाहाना राखेकाले पुत्रीको यहाँ लैङ्गिक असमानताको भाषा प्रयोग भएको देखिन्छ । पुरुषप्रधान समाज भएका कारण आफू नारी भएर पनि पुत्र नै जन्माउने चाहाना गरेकाले यहाँ समानताकेन्द्री भाषाको प्रयोग भएको पाइएन ।

समग्रमा चीरहरण उपन्यासमा निहारिकाले विशिष्ट र राजकीय भाषा र शैलीको प्रयोग गरेकी छन् । यसमा पात्रको स्तर अनुकूलको भाषाको प्रयोग भएको छ । उपन्यासको भाषाशैली पात्र र परिवेशको अनुरूप सरल, सहज, बोधगम्य र प्रसङ्गअनुकूल नै प्रयोग भएको पाइन्छ ।

# अध्याय – सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

प्रस्तुत शोधकार्य वि.सं. २०७२ को पद्‌मश्री साहित्य सम्मान पुरस्कार प्राप्त गर्न सफल नीलम कार्की निहारिकाद्वारा लिखित चीरहरण (२०७२) उपन्यासको लैङ्गिक अध्ययनमा केन्द्रित रहेको छ । प्रस्तुत शोधपत्रको पहिलो अध्यायमा शोध परिचय समावेश गरिएको छ । पहिलो अभ्यायमा लैङ्गिक अध्ययनको पृष्ठभूमि राखिएको छ । चीरहरण उपन्यासमा के कस्तो लैङ्गिक चेतनाको प्रयोग भएको छ ? उक्त उपन्यासमा लैङ्गिक अवस्था कस्तो रहेको छ ? उक्त उपन्यासमा प्रयुक्त भाषा लैङ्गिक दृष्टिले कस्तो रहेको छ ? भन्ने जस्ता समस्यालाई लिई चीरहरण उपन्यासमा प्रयुक्त लैङ्गिक अवस्थाको पहिचान गर्नु, उक्त उपन्यासमा लैङ्गिक चेतनाको विश्लेषण गर्नु र उक्त उपन्यासमा प्रयुक्त भाषा लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्नु जस्ता उद्देश्यहरूको निर्धारण गरिएको छ । त्यसैगरी लैङ्गिक अध्ययनको औचित्य दर्साउँदै शोधकार्य कुन कुन पक्षको अध्ययनमा केन्द्रित रहन्छ भनी त्यसको सीमा क्षेत्रको पनि निर्धारण गरी शोधपत्रको रूपरेखालाई निश्चित आकार दिइएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो अध्याय अन्तर्गत पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप समावेश गरिएको छ । सम्बद्ध कार्यको पुनरावलोकन अन्तर्गत विभिन्न पुस्तक पत्रपत्रिका र शोधग्रन्थहरूको समीक्षा गरिएको छ । सैद्धान्तिक अवधारणामा लैङ्गिकताको परिचय, प्राकृतिक लिङ्ग र सामाजिक लिङ्गको परिचय, लैङ्गिकताको परिभाषा, लैङ्गिक अध्ययनको क्षेत्र, लैङ्गिक अध्ययनका विशेषताहरू, लैङ्गिक अध्ययनका आधारभूत मान्यताहरू, लैङ्गिक भूमिका, पितृसत्ता, लैङ्गिक चेतना, लैङ्गिक समानता र समता लैङ्गिक विभेद, लैङ्गिक सशक्तीकरण र लैङ्गिकताको भाषा आदिको चर्चा गरिएको छ ।

तेस्रो अध्याय अन्तर्गत प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि अपनाइएका विधि तथा प्रक्रियालाई समावेश गरिएको छ । जसमा अध्ययनको विधि, सामग्रीको स्रोत, सामग्री सङ्कलन प्रक्रिया र विश्लेषण प्रक्रियाबारे चर्चा गरिएको छ । प्रस्तुत शोधकार्य सम्पन्न गर्न पुस्तकालयीय अध्ययन विधि प्रक्रिया तथा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी चीरहरण उपन्यासलाई प्राथमिक स्रोत तथा यससँग सम्बन्धित प्राथमिक पुस्तक, पत्रपत्रिका,

प्रकाशित विभिन्न शोधपत्रहरूलाई द्वितीय स्रोतका रूपमा लिइएको कुरा यस अध्ययमा समावेश गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो अध्यायमा चीरहरण उपन्यासमा रहेको लैङ्गिक अवस्थाको विश्लेषण गरिएको छ । जस अन्तर्गत लैङ्गिक अवस्था, लैङ्गिक भूमिका र लैङ्गिक समस्याको छुट्टाछुट्टै चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रका पाँचौ अध्यायमा चीरहरण उपन्यासमा रहेको लैङ्गिक चेतनालाई प्रस्तुत गरिएको छ । जसअन्तर्गत लैङ्गिक समानता, वैचारिक परिवर्तन र सशक्तीकरण जस्ता पक्षहरू जसले नारीहरूलाई जागृत गराउन सहयोग पु¥याउँछ, त्यस्ता कुराहरूलाई उठाइएको छ ।

प्रस्तुत शोधपत्रको छैठौं अध्यायमा चीरहरण उपन्यासमा प्रयुक्त लैङ्गिकताको भाषाको चर्चा गरिएको छ । जस अन्तर्गत लिङ्गको आधारमा (महिला र पुरुषले प्रयोग गर्ने) भाषा, हिंसाजन्य भाषा, चेतनशील भाषा र समानताकेन्द्री भाषाको चर्चा गरिएको छ ।

अन्तिम सातौं अध्यायमा सम्पूर्ण शोधकार्यको सारांश, निष्कर्ष तथा उपयोगितालाई समावेश गरिएको छ । सारांश अन्तर्गत सम्पूर्ण एकाइको संक्षिप्त चर्चा गरिएको छ भने निष्कर्ष अन्तर्गत अध्याय चार, पाँच र छ को व्याख्या विश्लेषणको निष्कर्ष र उपयोगिता अन्तर्गत प्रस्तुत शोधकार्यले नीतिगत तथा प्रयोगात्मक तहमा पु¥याउने फाइदाहरूलाई समेटिएको छ ।

## ७.२ निष्कर्ष

चीरहरण उपन्यासको लैङ्गिक अध्ययनबाट निम्नानुसार निष्कर्ष निकालिएको छ :

क) चीरहरण उपन्यासलाई लैङ्गिक भूमिकाको आधारमा हेर्दा उत्पादक भूमिकामा समानता पाइए तापनि पुनरुत्पादक, अनुत्पादक, सामुदायिक, सामाजिक, आध्यात्मिक, धार्मिक, राजनीतिक भूमिकामा असमानता रहेको पाइयो ।

ख) पात्रगत दृष्टिले तुलनागर्दा पुरुष र महिलामा पुरुष पात्र बढी रहेको पाइयो ।

ग) चीरहरण उपन्यासमा लैङ्गिक समानताका दृष्टिले हेर्दा महिला पात्र भन्दा पुरुष पात्र बढी स्वतन्त्रता र आत्मनिर्भर भएको पाइयो ।

घ) उपन्यासका अधिकांश पात्रहरू पितृसत्तात्मक मानसिकताबाट ग्रसित भएको पाइयो ।

ङ) सशक्तीकरणका दृष्टिकोणबाट हेर्दा उचित तवरले महिलालाई प्रोत्साहन दिइएको पाइयो ।

च) लैङ्गिक चेतनाको आधारमा हेर्दा पुरुष पात्रलाई भन्दा महिला पात्रलाई बढी चेतनशील बनाएको पाइयो । पितृसत्तात्मक सोचबाट ग्रसित रहेका पुरुषहरूलाई पनि केही सचेत गराइएको पाइयो ।

छ) लैङ्गिक दृष्टिकोणबाट हेर्दा उपन्यासमा महिला र पुरुषलाई असमान तवरबाट हेरिएको पाइयो ।

झ) यस उपन्यासमा महिलालाई सन्तान उत्पादन र भोग विलासको साधन मात्र ठानिई त्यसबाट चीरहरणको सृजना भएको देखिन्छ ।

ञ) परम्परावादी मान्यता र आदर्शवादी सोचाइ भएका व्यक्तिहरूबाट महिलामाथि हिंसा भएको पाइयो ।

ट) उपन्यासमा पात्र परिवेश अनुकूलको भाषा र राजकीय भाषाको प्रयोगका साथै कतै कतै भाषाका सम्पादन गरेको पाइयो ।

ठ) चीरहरण उपन्यासमा महाभारत कालिन युगलाई वर्तमानको कलियुगसँग दाँजेर समाजमा भइरहेको हत्या, हिँसा, दमन, शोषण, बलात्कार, विभेद अन्याय, अत्याचारलाई विभिन्न पात्र र वर्ग स्तरका पात्रहरूको प्रयोग गरी प्रस्तुत गरेको पाइन्छ ।

ड) लिङ्गका आधारमा भाषालाई हेर्दा पुरुष पात्रले प्रयोग गरेको भाषा निम्न अनादर भाषाको प्रयोग गरेको पाइन्छ । झर्रा, ठेट, असभ्य, रुखो र अशिष्ट भाषाको प्रयोग गरेको पाइन्छ भने नारी पात्रले प्रयोग गरेको भाषामा शिष्ट, सभ्य, नरम र कोमलता पाइन्छ । उच्च आदरार्थीको प्रयोग प्रचुर मात्रामा गरेको पाइन्छ ।

ढ)	यसमा इतिहास र वर्तमानको समय त्रासदीका प्रहार भेटिन्छन् । आफ्नै वरिपरि रहेका जस्ता लाग्ने पात्रहरूको आध्यात्मिक- सामाजिक अकाङ्क्षा र यौन तिर्सनाका तरङ्ग फेला पर्दछन् ।

ण)	यस उपन्यासमा नारीले विभिन्न समस्याहरूबाट बच्न गर्ने सफल तथा असफल प्रयासहरू देख्न सकिन्छ ।

त)	यस उपन्यास महाभारतको विषयवस्तुलाई आधार बनाई लेखिएको पाइन्छ ।

थ)	यस उपन्यासमा नारी दमनको विरोध र नारी दमन, विरुद्धको प्रतिरोधको अवस्थालाई विश्लेषण गरिएको पाइन्छ ।

द)	यसमा द्वापरयुगको ऐनामा कलियुलाई नियालिएको पाइन्छ ।

ध)	यसमा नारी अस्मिता र अस्तित्वको खोजी नारी आफैँ स्वयम्ले गर्नुपर्दछ र पितुसत्ताले निर्माण गरेका मान्यतालाई भत्काउन नारी चेतनालाई प्रस्तुत गरेको पाइन्छ ।

न)	यस उपन्यासमा महाभारतको प्रतीकात्मक विषयवस्तु छ । त्यसका सत्ता र नारीपक्षको विषयवस्तुलाई एकीकृत गरी प्रस्तुत गरिएको पाइन्छ ।

## ७.३ उपयोगिता

प्रस्तुत शोध अध्ययन निम्नलिखित क्षेत्रमा उपयोगी हुन सक्ने देखिन्छ :

### ७.३.१ नीतिगत तह

- लैङ्गिक समानताको अवस्थाको बारेमा जानकारी लिन सकिने ।
- लैङ्गिक अवस्थाको विश्लेषण गरी सुधारात्मक उपायको खोजी गर्न सहयोग पुऱ्याउने ।
- महिला र पुरुषलाई समान अधिकार र स्वतन्त्रताको सुनिश्चितता गर्न पहल गर्ने ।
- लैङ्गिक समानता, लैङ्गिक, अवस्थाको बारेमा जान्न चाहने व्यक्ति, संस्था, जो कोहीलाई पनि जानकारी मिल्ने ।

- महिला सशक्तीकरणको लागि सुधारात्मक उपायको खोजी गर्न सहयोग पुऱ्याउने ।

### ७.३.२ प्रयोगात्मक तह

- परम्परागत पितृसत्तात्मक धारणाको परिवर्तन गरी  समावेशी समाजको निर्माण गराउन सहयोग मिल्ने ।
- समाज परिवर्तनका लागि महिला र पुरुषको समान भूमिका भएकोले महिलालाई पनि मानवीय व्यवहारले हेर्न सहयोग पुऱ्याउने ।
- भाषिक दष्टिकोणबाट महिला र पुरुषलाई भेदभाव नगरी समान भाषाको प्रयोग गराउन सहयोग पुऱ्याउने ।
- नारी दमन र अन्याय अत्याचार विरुद्ध नारी स्वयम् लड्नुपर्छ भन्ने नारी चेतनाको विकास गराई नारीलाई जागृत गराउन सहयोग मिल्ने ।
- चीरहरण उपन्यासमा रहेको लैङ्गिकताको अध्ययनले लैङ्गिक समानता, समता र सशक्तीकरणको जानकारी पाई लैङ्गिक विभेदबाट मुक्ति दिलाउने ।
- चीरहरण उपन्यासको लैङ्गिक अध्ययन हालसम्म नभएकाले  यो अध्ययनीय विषयको रूपमा रहने । लैङ्गिक चेतना र दृष्टिकोणबाट अतिरिक्त भाषिक प्रयोगबाट सिर्जित चीरहरण उपन्यासको नवीन  सौन्दर्य शिल्प उद्घाटन र मूल्याङ्कन गर्नको लागि प्रस्तुत शोधकार्य उपयोगी हुने आदि ।

## सन्दर्भसूची


अधिकारी, मुना (२०६८), 'लैङ्गिक दृष्टिकोणद्वारा माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यपुस्तकको विश्लेषण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

अर्याल, अनिता (२०७२), '*अनिता* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

अर्याल, भोजेन्द्र (२०६८), *लैङ्गिक तथा महिलावादी अध्ययन,* काठमाडौँ : ज्ञानकुञ्ज प्रकाशन ।

आचार्य, बलराम (२०७४) *लैङ्गिक समाजशास्त्र,* काठमाडौँ : नेशनल बुक सेन्टर ।

एटम, नेत्र (२०६१), *समालोचनाको स्वरूप,* ललितपुर : साझा प्रकाशन ।

कार्की, नीलम निहारिका (२०७३), *चीरहरण* उपन्यास, काठमाडौँः साङ्ग्रिला पुस्तक प्रा.लि. ।

कार्की, मञ्जुदेवी (२०७३), '*अर्की आइमाई* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

काफ्ले, रामेश्वर र अन्य (२०६५) *जनसङ्ख्या अध्ययन (भाग २),* काठमाडौँ : जुपिटर पब्लिशर्स एन्ड डिष्ट्रिव्युटर्स प्रा.लि. ।

खनाल, राजेन्द्र (२०७५), *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

खनाल, राजेन्द्र (२०६६), '*पहेँलो गुलाफ* कथाको लैङ्गिक चेतना', *सम्प्रेषण,* अङ्क ६, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

गैरे, जलकुमारी (२०७१), '*माइतघर* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर, शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

घरेल, संगीता (२०७३), '*कालो* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पाण्डे, ज्ञानु (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोडेल, जयन्ती (२०६८), 'माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा लैङ्गिक चेतनाको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पौडेल, धनमाया देवी (२०७०), '*अनावृत्त* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर, शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पौडेल, सन्दिप (२०६९), '*समानान्तर आकाश* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. कीर्तिपुर ।

पौड्याल, लिलाधर (२०६९), '*एकचिहान* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०७३) *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, निरा (२०७१), '*अनुराधा* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.,कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६६), *नेपाली गद्य र नाटक,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

महरा, यज्ञबहादुर (२०६८), 'निम्नमाध्यमिक तह कक्षा छ र सातको नेपाली पाठ्यपुसतकको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

रोका, ताराकुमारी (२०७०), 'कक्षा आठको पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

लम्साल, अप्सरा (२०६९), '*ताप* उपन्यासमा लैङ्गिक असमानता', *जनमैत्री,* वर्ष १२, पूर्णाङ्क १०, जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौँ ।

विष्ट, प्रेमसिंह र जोशी, महेन्द्रराज (२०६८), *जनसङ्ख्या अध्ययन (भाग २),* काठमाडौँ: भूँडीपुराण प्रकाशन ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौँ : ने.रा.प्र.प्र. ।

श्रेष्ठ, तिलमाया (२०६७) '*तीनघुम्ती* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

सिलवाल, प्रकाश (२०७२), '*शान्ति* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

# व्यक्तिवृत्त

नाम : सुजनी तामाङ

जन्ममिति : २०५०/०१/१५

ठेगाना : काभ्रे

बुवाको नाम : मानबहादुर तामाङ

आमाको नाम : विवि माया तामाङ

नागरिक : नेपाली

लिङ्ग : महिला

तह : स्नातकोत्तर तह (एम.एड.)

सम्पर्क नं. : ९८४०३५११२२

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री कुशेश्वर मा.वि., काभ्रे | २०६६ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौँ | २०६९ | द्वितीय |
| स्नातक तह (बी.एड.) | जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौँ | २०७२ | द्वितीय |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | २०७५ | |